(कार्यालय प्रयोजनका लागि)

# कोशी प्रदेश वन ऐन तथा नियमावली
# (सँगालो)

प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर (नेपाल)

**प्रकाशकः-** प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर (नेपाल)
फोन नं.- ०२१-४६०२२४
**E-mail:- moitfepradesh1@gmail.com**
**Website:- motfe.koshi.gov.np**

**प्रकाशन वर्षः-** २०८२, असार

**प्रकाशित प्रतिः-** ५००

**मुद्रणः-** रोशिका अफसेट प्रेस
विराटनगर-११

प्रदेश सरकार

# पर्यटन वन तथा वातावरण मन्त्रालय

**कोशी प्रदेश, विराटनगर (नेपाल)**

प.सं.-

च.नं.-

## मन्तव्य

यस मन्त्रालयले पर्यटन, वन, वातावरण, जलाधार संरक्षण, जैविक विविधता, जलवायू परिवर्तन जस्ता विषयक्षेत्रहरुको नीति, नियम, ऐन, कानुन तर्जुमा गर्नुका साथै कार्यक्रम बनाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने कार्यहरु गर्दै आइरहेको छ । मन्त्रालय तथा मातहत निकायहरुबाट आफ्नो कार्यक्षेत्रभित्र पर्ने दैनिक कार्यहरु सम्पादन गर्दा आवश्यक पर्ने ऐन र नियमलाई एउटै संग्रहमा संकलन गरी एकीकृत रुपमा प्रकाशन गर्दा मन्त्रालय तथा मातहतका निकायको दैनिक कार्य-सम्पादनमा सहयोग पुग्ने भएकोले हाललाई यो वनक्षेत्रगत प्रदेश कानूनको संग्रह प्रकाशित गरिएको छ।

यसबाट मन्त्रालय र मन्त्रालय मातहतका निकायहरु, राष्ट्रसेवक कर्मचारी लगायत वनसँग सरोकार राख्ने सबै सरोकारवालाहरुका लागि यो एउटा महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने विश्वास लिएको छु।

यो पुस्तक छपाईका लागि आर्थिक सहयोग गर्ने यस मन्त्रालय अन्तर्गत रहेको नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धि आयोजना कोशी प्रदेश, विराटनगरलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यस कार्यमा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न रही सहयोग पुऱ्याउनु हुने मन्त्रालयका कानुन अधिकृत रमेश नेपाल तथा अन्य शाखा प्रमुखहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

मितिः २०८२।०३।११

....................

विशाल घिमिरे

प्रदेश सचिव

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| १. | कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ | १ |
| २. | कोशी प्रदेश वन नियमावली, २०८० | ५१ |

प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

### नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धि आयोजना

कोशी प्रदेश, विराटनगर (नेपाल)

# [▽]<u>कोशी प्रदेश</u> प्रदेश वन ऐन, २०७७

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>
२०७७ श्रावण १८

<u>संशोधन गर्ने ऐन</u> | <u>प्रमाणीकरण र प्रकाशन मिति</u>

१. प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ — २०८०/०२/३१

<u>प्रस्तावनाः</u> वन व्यवस्थापन पद्धतिका माध्यमबाट प्रदेश भित्र रहेका राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण, व्यवस्थापन र सुदृढिकरण गरी मुलुकको समृद्धिमा योगदान गर्न नेपालको संविधानको अनुसूचीमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा रहेको व्यवस्था तथा संघीय वन ऐन समेतलाई मध्यनजर गरी प्रदेशस्तरमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[♠]<u>कोशी प्रदेश</u>को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "[↔]**<u>कोशी प्रदेश</u> प्रदेश वन ऐन**, २०७७" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उपभोक्ता समूह**" भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्न दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(ख) "**आखेटोपहार**" भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको

---

[▽] प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा संशोधित।

[♠] प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा संशोधित।

[↔] प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा संशोधित।

कुनै अङ्ग सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।

(ग) "**कबुलियती वन**" भन्नाले दफा ३२ बमोजिम व्यवस्थापन गरिने प्रादेशिक वन सम्झनु पर्छ।

(घ) "**कार्ययोजना**" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी कार्ययोजना सम्झनु पर्छ । सो शब्दले यो ऐन प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम स्वीकृत भई कार्यान्वयनमा रहेको कार्ययोजना समेतलाई जनाउँदछ।

(ङ) "**खनिजजन्य वन पैदावार**" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भभित्र पाइने वा वन क्षेत्रभित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थ बाहेक चट्टान, माटो ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयूक्त अप्राङ्गरिक पदार्थ सम्झनु पर्छ।

(च) "**गैरकाष्ठ वन पैदावार**" भन्नाले काठ र दाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनक्षेत्रमा पाइने सबै जैविक उत्पत्तिका वन पैदावार सम्झनु पर्छ र सो शब्दले जडिबुटी समेतलाई जनाउनेछ।

(छ) "**चौपाया**" भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्छ।

(ज) "**जलाधार**" भन्नाले वर्षाको वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनु पर्छ र सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(झ) "**जैविक मार्ग**" भन्नाले वन्यजन्तु एक वासस्थानबाट अर्को वासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्छ।

(ञ) “**टाँचा**” भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ। सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने निशाना अङ्कित फलामे घनलाई समेत जनाउँछ।

(ट) “**डिभिजन वन कार्यालय**” भन्नाले प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ठ) “**डिभिजनल वन अधिकृत**” भन्नाले प्रचलित कानून बमोजिम तोकिएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ड) “**तोकिएको**” **वा** “**तोकिए बमोजिम**” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) “**दरिया वुर्दी**” भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनु पर्छ।

(ण) “**धार्मिक वन**” भन्नाले दफा ३४ बमोजिम जिम्मा दिएको प्रादेशिक वन सम्झनु पर्छ।

(त) “**नदीजन्य पदार्थ**” भन्नाले राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्र भित्रको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो, दहत्तर, बहत्तर समेत सम्झनु पर्छ।

(थ) “**निजी वन**” भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(द) “**निर्देशनालय**” भन्नाले प्रदेश सरकार अन्तर्गतको वन निर्देशनालय सम्झनु पर्छ।

(ध) “**निर्देशक**” भन्नाले निर्देशनालयको प्रमुख भै काम गर्ने अधिकृत कर्मचारी सम्झनु पर्छ।

(न) “**प्रदेश**” भन्नाले √कोशी प्रदेश सम्झनु पर्छ।

(प) “**प्रदेश सरकार**” भन्नाले ⇓कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(फ) “**प्रादेशिक वन**” भन्नाले निजी वन तथा अन्तर प्रादेशिक वन बाहेक प्रदेश भित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वन सम्झनु पर्दछ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(ब) “**पर्यापर्यटन**” भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ्ग लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई बुझ्नुपर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत जनाउँछ।

(भ) “**मन्त्रालय**” भन्नाले प्रदेश सरकारको वन तथा वातावरणसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(म) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(य) “**वन पैदावार**” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फुल, भुवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान र सवै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार।

---

√ प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा संशोधित

⇓ प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा संशोधित।

(र) “**वन क्षेत्र**” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम वनक्षेत्रको रुपमा परिभाषित गरिएको क्षेत्र समेतलाई जनाउँछ।

(ल) **"वन संरक्षण क्षेत्र"** भन्नाले दफा १९ बमोजिम घोषणा गरिएको वन संरक्षण क्षेत्र सम्झनु पर्छ।

(व) **"वन सिमाना चिन्ह"** भन्नाले प्रादेशिक वनको सिमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुका खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्हलाई समेत जनाउँछ।

(श) “**वन व्यवस्थापन पद्धति**” भन्नाले प्रादेशिक वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वनलाई सम्झनु पर्छ।

(ष) “**वन्यजन्तु**” भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फट्याङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ।

(स) “**वातावरणीय परीक्षण**” भन्नाले प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ह) “**वातावरणीय सेवा**” भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्छः

(१) कार्बन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ।

(क्ष) “**सरकारद्वारा व्यवस्थित वन**” भन्नाले दफा १८ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय तथा प्रादेशिक वन सम्झनु पर्छ।

(त्र) “**सव-डिभिजन वन कार्यालय**” भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ज्ञ) “**साझेदारी वन**” भन्नाले दफा २० बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने प्रादेशिक वनको कुनै भाग सम्झनु पर्छ।

(ज्ञ१) “**सामुदायिक वन**” भन्नाले दफा २४ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको प्रादेशिक वन सम्झनु पर्छ।

(ज्ञ२) “**सिमसार क्षेत्र**” भन्नाले भूमिगत जलश्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराईन फल्डप्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

(ज्ञ३) “**संघीय वन ऐन**” भन्नाले नेपाल सरकारको प्रचलित वन ऐनलाई सम्झनु पर्छ।

(ज्ञ४) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रादेशिक वनको सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. **सीमा निर्धारण सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण नगरेसम्म यस अघि प्रचलित कानून बमोजिम निर्धारण गरिएको वन सिमाना नै यस ऐन बमोजिमको वनको सिमाना हुनेछ।

(२) नेपाल सरकारको स्वीकृति लिई प्रदेश सरकारको अनुमतिमा वनक्षेत्र भित्र रहेको वा वनको सिमानासँग जोडिएको सार्वजनिक जग्गा वा सो जग्गामा बनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना समेत वनको सिमानाभित्र पारी डिभिजनल वन अधिकृतले सम्बन्धित स्थानीय तहको सहमतिमा नापी कार्यालयको आवश्यक सहयोग लिई छुट्याउन सक्नेछ।

(३) वनको सिमाना भित्र वा वनको सिमानासँग जोडिएको व्यक्तिको निजी जग्गा र त्यस्तो जग्गामा वनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना प्रदेश सरकारको स्वीकृतिमा वनको सिमाना भित्र पारी डिभिजनल वन अधिकृतले छुट्याउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको प्रयोजनका लागि प्रादेशिक वनको सिमाना छुट्याउँदा सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलो, स्थानीय तह र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँसगरी सार्वजनिक सञ्चार माध्यममा समेत प्रकाशित गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस वा प्रकाशित भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस वा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र निर्देशक समक्ष उजूरी दिन सक्नेछ र निर्देशकको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय विरुद्ध निर्णय भएको जानकारी पाएको मितिले पैतिस दिन भित्रमा प्रचलित कानून बमोजिम न्यायीक निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।

४. **मुआब्जा, क्षतिपूर्ति तथा निजी जग्गाको लगत काट्नेः** (१) प्रादेशिक वनको सिमाना छुट्याउँदा वनको सिमाना भित्र पारिएको कुनै व्यक्तिको

निजी जग्गा र सो जग्गामा वनेको घर, छाप्रो, टहरो, रुख र खडा अन्नबाली वा अन्य भौतिक संरचना समेत जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गरी सोको क्षतिपूर्ति वा मुआब्जा सम्बन्धित जग्गावालालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिको निजी जग्गा प्रादेशिक वन भित्र पारिएमा सो जग्गाको क्षेत्रफल, कित्ता नं. तथा सिमाना सम्बन्धी विवरण खोली डिभिजनल वन अधिकृतले मालपोत कार्यालय एवम् सम्बन्धित स्थानीय तहमा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले त्यस्तो जग्गाको करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले संघीय वन मन्त्रालय, मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

५. **बल प्रयोग गर्न सक्नेः** डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वन क्षेत्रसँग जोडिएको सार्वजनिक जग्गा वा त्यस्तो जग्गामा बनेको संरचना वनको सिमाना भित्र पार्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारबाही गर्न र घर, छाप्रो, टहरो, जग्गा कब्जामा लिन सक्नेछ।

६. **वन क्षेत्रको जग्गा दर्ता गर्न नहुनेः** (१) राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुदैन।

(२) यो ऐन प्रारम्भ भएपछि वा यो ऐन प्रारम्भ हुनु अघि कसैले राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा गैरकानूनी रुपमा दर्ता गरे गराएको पाइएमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ र त्यस्तो दर्ता गर्ने गराउने व्यक्ति वा सार्वजनिक पदाधिकारी माथि प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) उपदफा (२) वमोजिम दर्ता बदर भएको जग्गाको लगतकट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न सम्बन्धित स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो

जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले सो जग्गाको करको लगतकट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ र डिभिजन वन कार्यालयले मन्त्रालय र संघीय वन मन्त्रालयमा सोको जानकारी पठाई कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

७. **<u>वन क्षेत्र भित्र बसोबास र बस्ती स्थानान्तरण सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि किसिमको वन क्षेत्र बसोबासका लागि प्रयोग गरिने छैन।

(२) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रकृया अपनाई स्थानान्तरण गर्न सक्नेछ।

तर बस्ती स्थानान्तरण गर्दा सम्बन्धित पक्षसँग सहमती लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नु पर्ने भएमा प्रदेश सरकारले स्थानान्तरण हुने समुदाय र नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ।

८. **<u>कुनै व्यक्तिलाई छुट वा सहुलियत प्राप्त नहुनेः</u>** (१) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजन वन कार्यालयबाट पट्टा, पूर्जि वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारको छुट वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय तथा प्रादेशिक वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम प्रादेशिक वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छाडी दिनु हुदैन।

९. **<u>प्रवेश निषेध सम्बन्धी व्यवस्थाः</u>** (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय तथा प्रादेशिक वनको पूरै वा केही भागमा निश्चित समयका लागि वा सँधैका लागि प्रवेश निषेध गर्न सक्नेछ।

तर यसरी निषेध गर्दा परम्परागत रहेको बाटो, पानीघाटमा आवतजावत र उपयोग गर्न बन्देज लगाउने छैन।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही डिभिजनल वन अधिकृतले आवतजावत गर्नको लागि बाटो छुट्याउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रवेश निषेध गरिएको वन क्षेत्रमा डिभिजनल वन अधिकृतको अनुमति बेगर कुनै पनि प्रकारको घरपालुवा चौपाया प्रवेश गराउन पाइने छैन।

(४) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा नेपाल सरकारबाट अनुमति प्राप्त आयोजना सञ्चालकको हकमा संघीय वन ऐनमा तोकिए बमोजिम प्रवेश नियमनको व्यवस्था गरिनेछ।

१०. **राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापनः** (१) प्रदेश सरकारसँगको परामर्शमा नेपाल सरकार र प्रदेश सरकारले आफैले वनाएको एकीकृत वा प्रदेशगत रणनीतिक योजना अनुरुप प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वन, प्रादेशिक वन र अन्तर प्रादेशिक रुपमा फैलिएको वनको संरक्षण, विकास र सदुपयोग गर्न आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि डिभिजनल वन अधिकृतले प्रदेश सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, राष्ट्रिय वन व्यवस्थापन पद्धति अवलम्बन गरिने छ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा एउटा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको राष्ट्रिय तथा प्रादेशिक वनको केहि भाग वा पूरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ र त्यसरी अपनाईने व्यवस्थापन पद्धति कार्यान्वयन गर्दा सम्बन्धित सरोकारवालासँग पनि परामर्श गर्न सकिनेछ।

तर त्यसरी वन व्यवस्थापन पद्धतिमा परिणत गर्नु पूर्व सो को ठोस आधार र कारण उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापन गर्दा संघीय रणनीतिक योजनासँग नवाझिने गरी डिभिजनल वन अधिकृतले सहभागितामूलक रुपमा आफ्नो क्षेत्र भित्रको

प्रादेशिक वनको रणनीतिक योजना तयार गरी तोकिए बमोजिम स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम वन व्यवस्थापन गर्दा वन्यजन्तुको आहारा, आवतजावत, वासस्थान समेतका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

तर राष्ट्रिय वनभित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले वन सम्बन्धी राष्ट्रिय आयोजनाको रुपमा व्यवस्थापन गरेको हकमा संघीय वन ऐन बमोजिम हुनेछ।

११. **वन पैदावारको विक्री वितरण:** (१) प्रदेश सरकारले वन पैदावार (काठ र दाउरा) को विक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्थापन गर्नेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ।

(३) वन पैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको निकाय वा अधिकारीलाई डिभिजनल वन अधिकृतले तोकिए बमोजिम इजाजतका लागि अख्तियारी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) वन क्षेत्र नभएका स्थानीय तहमा सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनबाट एक-एक काठ दाउरा बिक्री डिपो राख्न सकिनेछ।

१२. **वनक्षेत्रभित्र संरचना निर्माण गर्न नहुने:** पर्यापर्यटन कार्यका लागि स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक र यस ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियमावलीमा भएको व्यवस्था देखि बाहेक राष्ट्रिय तथा प्रादेशिक वनको क्षेत्रभित्र मन्त्रालयको स्वीकृति विना कुनै पनि प्रकारको सडक, खेलमैदान, हाटबजार, अनावश्यक टावर, पिलर, कन्क्रिटाइजेन जस्ता संरचना निर्माण गर्न पाइने छैन।

१३. **अध्ययन, अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्नेः** (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनी गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेको अनुसन्धान गर्ने निकाय, बिश्वबिद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रकृयाको आधारमा मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी वन, जंगल वा वन्यजन्तु वा वन पैदावारलाई प्रतिकूल असर नपर्ने गरी प्रादेशिक वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न चाहने ब्यक्ति वा संस्थाले तोकिए बमोजिमको प्रकृया पूरा गरी मन्त्रालयबाट अनुमति लिनु पर्नेछ र मन्त्रालयले दिएको अनुमतिको जानकारी संघीय वन मन्त्रालय, निर्देशनालय, सम्बन्धित डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम वनक्षेत्र उपलब्ध गराउँदा लिईने तोकिए बमोजिमको दस्तुर तथा नमूना सङ्कलन गर्न चाहने ब्यक्तिले बुझाएको तोकिए बमोजिमको दस्तुर प्रदेश सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

१४. **अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिनेः** (१) प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न वनस्पतिको संरक्षण तथा जडिबुटीजन्य वनस्पतिको अध्ययन, अनुसन्धान, प्रदर्शनी, व्यवसायीक खेती प्रवर्द्धनका लागि हर्वेरियम र प्रयोगशाला सहितको जडिबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने जडिबुटी अनुसन्धान केन्द्रको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (३) बमोजिम स्थापना हुने बनस्पति उद्यानको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम सम्बन्धित निकाय वा सार्वजनिक निजी साझेदारीबाट गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम जडिबुटी अनुसन्धान केन्द्र वा उपदफा (३) बमोजिम वनस्पति उद्यान स्थापना भएमा सोको जानकारी नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

१५. **<u>साझेदारीमा जडिबुटी खेती गर्न सकिनेः</u>** (१) प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा जडिबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् बजार प्रवर्द्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा गरिने जडिबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग कुनै ब्यक्ति, फर्म, कम्पनी वा समुदायलाई उपलब्ध गराउन सक्नेछ ।

तर त्यसरी उपलब्ध गराउँदा जडिबुटीसँग मिल्ने जातको रुख रोप्ने, हुर्काउने र बढाउने गरी शर्त तोकी सम्झौता गर्नुपर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि फाट्टफुट्ट रुख भन्नाले बीस प्रतिशत भन्दा कम छत्र घनत्व (क्राउन कभर) भएको वन क्षेत्रलाई सम्झनु पर्छ।

१६. **<u>स्थानीय तहलाई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न दिन सकिनेः</u>** (१) कुनै स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखी प्रदेश सरकार समक्ष निवेदन दिएमा प्रदेश सरकारले निर्देशकको सिफारिसमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहलाई अवधी तोकी सहमति दिन सक्नेछ।

तर त्यसरी सहमति दिंदा वनक्षेत्रको प्राकृतिक स्वरुप र रुख विरुवा र बन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा सहमती दिंदा त्यस्तो क्षेत्र स्पष्ट देखिने नक्सा, बोटविरुवा, ताल, पोखरीको स्थिति वा अन्य सो ठाउँमा भएको प्राकृतिक सम्पदाको अभिलेख राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सहमती दिनु पूर्व त्यहाँ रहेको रुख, बिरुवा काट्नु हटाउनु परेमा सम्बन्धित स्थानीय तहले सहमती दिने निकाय समक्ष काटेको हटाएको सङ्ख्याको दोब्बर रुख बिरुवा रोपी हुर्काउने सुनिश्चित गर्नुपर्नेछ।

(४) यो ऐन लागू हुनुभन्दा अघिनै वन क्षेत्रमा सञ्चालित पर्यापर्यटन कार्यक्रमका लागि यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिमको सहमती लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहले माग गरेको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिनु पर्नेछ।

(६) स्थानीय तह र सामुदायिक वन उपभोक्ता समुहले संयुक्त रुपमा वा सहकार्य गरी सामुदायिक वनमा आधारित दीगो विकासको अवधारणा अनुरुप पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१७. **जोखिमयुक्त रुख हटाउने सम्बन्धी व्यवस्थाः** (१) वन व्यवस्थापन गरिने क्षेत्र भन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका रुख नहटाएमा अन्य भौतिक संरचना तथा मानवीय हिसावले जोखिममा रहेको पाइएमा निर्देशकको सहमति लिई डिभिजन वन कार्यालयले हटाउन सक्नेछ।

(२) जोखिमयुक्त रुख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

१८. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः** (१) वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन तथा कबुलियती वन बाहेकका अन्य राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भागलाई डिभिजनल वन अधिकृतले सिमाङ्कन गरी नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको अधीनमा रही सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतले सहभागिता मूलक रुपमा आफ्नो कार्य क्षेत्र भित्रको प्रादेशिक वनको वन व्यवस्थापन कार्ययोजना वनाई स्वीकृतिका लागि निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना सुझाव

सहित डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित निर्देशनालयमा पठाएपछि त्यस्तो कार्ययोजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ।

(४) सरकारद्वारा व्यवस्थित वनमा लागू गरिएको रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट लागू गरिएको रणनीतिक योजनाको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन।

(५) सरकारद्वारा व्यवस्थित वनको वनपैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

(६) सरकारद्वारा व्यवस्थित वनको संरक्षण, विकास र सदुपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१९. **वन संरक्षण क्षेत्रको व्यवस्थापनः** (१) नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा वनेको एकीकृत वा प्रदेश सरकारले आफै वनाएको प्रदेशगत रणनीतिक योजना बमोजिम प्रादेशिक वनको कुनै भागलाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा भएको संरक्षण क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

(४) वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँड संघीय वन ऐनको दफा १६ को उपदफा (३) बमोजिम हुनेछ।

(५) यो ऐन प्रारम्भ हुँदाका वखत प्रदेश भित्र कायम रहेका संरक्षित वनहरु यो ऐन प्रारम्भ भएपछि स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ र त्यसरी वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा

यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन।

(६) वन संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था संघीय वन ऐन तथा एकीकृत वा प्रादेशिक रणनीतिक योजनामा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## साझेदारी वन सम्बन्धी व्यवस्था

२०. **साझेदारी वन:** प्रदेश सरकारले देहायका उद्देश्यको लागि डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गर्न सक्नेछः

(क) वनको विकास र दीगो व्यवस्थापन गरी स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जिविकोपार्जनमा सुधार ल्याउन।

२१. **साझेदारी वनको कार्ययोजना:** (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा २२ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत

बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा डिभिजनल वन अधिकृतको सिफारिसमा निर्देशनालयले त्यस्तो साझेदारी वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा रुपान्तरित हुनेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(४) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समुहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ । मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम कुनै साझेदारी वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (४) बमोजिम उजुरी परी मन्त्रालयबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै साझेदारी उपभोक्ता समूहमध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

२२. **उपभोक्ता समूह गठन गरिने:** (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन र उपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् र त्यस्तो उपभोक्ता समूहको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयका आधारमा थप आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) कार्ययोजनामा व्यवस्था गरी समूहले साझेदारी वन क्षेत्रमा तोकिए बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२३. **साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरण:** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाड तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूहबाहिर पठाउने गरी छुट्याउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको वन पैदावार आन्तरिक खपत र समूह वाहिर पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा चालिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समुदायको हितमा खर्च गर्न सकिनेछ।

## परिच्छेद-६

## सामुदायिक वन सम्बन्धी व्यवस्था

२४. **सामुदायिक वनको व्यवस्थापन:** (१) वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी विक्री वितरण गर्न पाउने गरी राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूहले कार्ययोजना र विधान वनाई सम्बन्धित स्थानीय तहको वा वडाको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पेश गरेको कार्ययोजना र विधान उपयुक्त देखिएमा डिभिजनल वन अधिकृतले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा वन हस्तान्तरण सम्बन्धी

प्रमाणपत्र दिनु पर्नेछ र स्वीकृत कार्ययोजनाको एक एक प्रति सम्बन्धित समुह, स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

(३) वन हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि डिभिजनल वन कार्यालयले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवम् अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक वनको कार्ययोजनाको अवधि वनको अवस्था हेरी कम्तिमा पाँच बर्ष र बढीमा दश बर्षको हुनेछ।

(६) प्रत्येक सामुदायिक वनमा सम्बन्धित पालिकाका वडाका वडाध्यक्ष वा सम्बन्धित पालिकाले तोकेको प्रतिनिधि सल्लाहकार रहने छ।

२५. **<u>कार्ययोजनामा संशोधनः</u>** (१) उपभोक्ता समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। त्यसरी संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजनाको अवधि दुई वर्ष नपुगी संशोधन गरिने छैन।

तर विशेष अवस्थामा निर्देशकको सहमति लिई दुई वर्ष अगावै कार्ययोजना संशोधन गर्न वाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम उपभोक्ता समूहले बनाएको कार्ययोजना वा त्यस्तो कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो कार्ययोजना वा त्यस्तो संशोधनको जानकारी पाएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो कार्ययोजना वा संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम डिभिजनल वन अधिकृतले दिएको निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२६. **<u>सामुदायिक वन फिर्ता लिन सकिने:</u>** (१) दफा २४ बमोजिम व्यवस्थापन गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा निर्देशकले तिन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही उपदफा (२) बमोजिम उजुरी परी उपदफा (३) बमोजिम निर्देशकले निर्णय गर्दा त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूहमध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा २४ बमोजिमको प्रकृया पूरा गरी

उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न यो दफाले कुनै वाधा पर्ने छैन।

२७. **<u>कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः</u>** (१) सामुदायिक वनको उपभोक्ता समूहका पदाधिकारीले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत हुने कुनै काम कारबाही गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले विधान र कार्ययोजना बमोजिम जरिवाना गर्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैले कारबाही गर्न नसकेमा सो समूहले कारबाहीको लागि डिभिजनल वन अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचवुझ गरी त्यस्तो जरिवाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरेको कारणले मात्र त्यस्तो समूहको पदाधिकारीलाई प्रचलित कानून बमोजिम अन्य कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

२८. **<u>सामुदायिक वनको आम्दानीको व्यवस्थापनः</u>** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास सीपमुलक र आयआर्जन मुलक तालिम सञ्चालन कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समूहको हितका लागि गरिने सामाजिक वा भौतिक विकासको कार्यमा प्रयोग गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनले प्राप्त गरेको आम्दानीमा प्रचलित कानून बमोजिम कर, शुल्क, दस्तुर लाग्नेछ।

२९. **<u>सहयोग लिन सक्नेः</u>** यस परिच्छेद बमोजिमको कार्य गर्नका लागि उपभोक्ता समूहले सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन

सक्नेछन् तर त्यस्तो सहयोग लिनु पूर्व डिभिजनल वन अधिकृतको स्वीकृति लिनुपर्नेछ।

३०. **सामुदायिक वनको चाक्लाबन्दी व्यवस्थापन:** (१) दुई वा दुई भन्दा बढी सामुदायिक वनलाई उपभोक्ता समूहको सहमतिमा एकत्रित गरी संयुक्त वन कार्ययोजना बनाई वन सम्वर्द्धन प्रणालीमा आधारित रहेर चाक्लाबन्दी रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) ठूलो वन क्षेत्र र छरिएको वस्तीका कारण व्यवस्थापन गर्न कठिन भएका सात सय पचास हेक्टर भन्दा बढी क्षेत्रफल भएका सामुदायिक वनलाई स्थानीय समुदायको अनुरोधमा टुक्रयाउन सकिनेछ।

(३) सामुदायिक वनको चाक्लाबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कबुलियती वन सम्बन्धी व्यवस्था

३१. **व्यवसायिक कबुलियती वन सम्बन्धी व्यवस्था:** व्यवसायिक कबुलियती वन सम्बन्धी व्यवस्था संघीय वन ऐन र तोकिए बमोजिम हुनेछ।

३२. **कबुलियती वन प्रदान गर्ने:** (१) डिभिजनल वन अधिकृतले राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग आय आर्जन हुने तथा वनको संरक्षण र विकास हुने कार्यक्रमहरू सञ्चालन गरी गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणका लागि निश्चित कार्ययोजनाका आधारमा तोकिए बमोजिम सम्झौता गरी तोकिए बमोजिमको अवधिको लागि कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दाका बखत रहेका रुखहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ र त्यस्तो रुखहरुको संरक्षण गरे वापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(३) कबुलियती वन प्राप्त गरेपछि कार्ययोजना बमोजिम गर्न लगाई हुर्काएको रुखहरुको स्वामित्व समूहको हुनेछ र कार्ययोजनामा उल्लेख गरे बमोजिम उपयोग गर्न सक्नेछ।

३३. **कबुलियती वन फिर्ता लिन सक्ने:** (१) यस ऐन बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौताको पक्ष वा अन्य कसैले कार्ययोजना विपरितका

कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा डिभिजनल वन अधिकृतले त्यस्तो कबुलियती वन तोकिए बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ र त्यस्तो हानी नोक्सानी जस्ता कार्य गर्ने व्यक्ति, संघसंस्था वा समुदायलाई अन्य राष्ट्रिय वनमा कसूर गरे सरह सजायको लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनेछ।

तर त्यसरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियती वन डिभिजनल वन अधिकृतले फिर्ता लिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैंतिस दिन भित्रमा निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजुरीको सम्वन्धमा निर्देशकले तिन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय वन ऐन बमोजिम प्रदान गरिएको कबुलियती वन फिर्ता लिने सम्बन्धी व्यवस्था संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ।

## परिच्छेद-८

## धार्मिक वन सम्बन्धी व्यवस्था

३४. **धार्मिक वन सुम्पन सकिनेः** (१) डिभिजनल वन अधिकृतले परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय तथा प्रादेशिक वन दफा ३५ बमोजिमको कार्ययोजना स्वीकृत गरी धार्मिक वनको रुपमा संरक्षण गर्नको लागि जिम्मा दिन सक्नेछ।

तर यस उपदफा बमोजिम जिम्मा दिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले सुम्पिएको वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पन पाइने छैन।

३५. **धार्मिक वनको कार्ययोजनाः** (१) यस ऐन बमोजिमको प्रयोजनका लागि कानून बमोजिम दर्ता भएको कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलेको कार्ययोजनासहित डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) धार्मिक वनमा कार्ययोजनामा उल्लेखित बाहेक कुनै पनि कार्य गर्न पाइने छैन। साथै धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत, सम्भार र जिर्णोदार गर्न र धार्मिक वनको संरक्षणको लागि आबश्यक बाहेक कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्न पाइने छैन र त्यसरी कुनै कारणवस भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

३६. **धार्मिक वनको वन पैदावारको उपयोगः** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

तर धार्मिक, पुरातात्विक तथा ऐतिहासिक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत तथा सम्भार जिर्णोदार गर्न भने रोकिने छैन।

(३) धार्मिक वन क्षेत्रमा कुनै विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा सङ्कलन भएको वन पैदावार वा कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरु सुकेमा वा ढलेमा सम्बन्धित धार्मिक निकाय, संस्था, समूह र स्थानीय तहसँग समन्वय गरी डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु सङ्कलन गरी आएका

वनपैदावारमध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वनपैदावार तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(४) धार्मिक वन क्षेत्रमा उपदफा (३) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजन वन कार्यालय सम्बन्धित धार्मिक निकाय, संस्था वा समूह र सम्बन्धित स्थानीय तहको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ र त्यसरी बिक्री वितरणबाट प्राप्त आम्दानी प्रदेश सञ्चितकोषमा जम्मा गरिनेछ।

३७. **<u>धार्मिक वन फिर्ता लिन सकिने:</u>** (१) दफा ३४ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३६ मा उल्लेख भए विपरीतको कार्य गरेमा वा स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्त पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्नसक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नवुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैतिस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजूरीमा निर्देशकले तीन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-९

## <u>उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था</u>

३८. **<u>उपभोक्ता समूहको गठन:</u>** (१) सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि विधान तयार गर्न उपभोक्ता समूहबाट माग भई आएमा डिभिजनल वन अधिकृतले सहयोगका लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) उपभोक्ता समूहका पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

३९. **<u>उपभोक्ता समूहको दर्ता:</u>** (१) दफा ३८ बमोजिम गठन गरिएको वन उपभोक्ता समूह दर्ता गर्न समूहको विधान तथा कार्ययोजना र सम्बन्धित स्थानीय तहको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम र यस अघि वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरुको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी निर्देशनालय र सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ र त्यस्तो उपभोक्ता समूहको अद्यावधिक गर्दा अपनाउने प्रकृया तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उपभोक्ता समूहमा तोकिएको वन क्षेत्र नजिक रही अन्य वनको उपभोक्ता समूहमा सदस्य नरहेका ब्यक्तिले सदस्यता लिन चाहेमा यो ऐन, नियमावली र कार्ययोजना बमोजिमको प्रकृया पुरा गरी सदस्य हुन पाउने छ।

४०. **<u>उपभोक्ता समूह सङ्गठित संस्था हुने:</u>** (१) दफा ३८ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र गैह्रनाफामूलक सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

४१. **उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ङ) कार्ययोजना बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ।

(५) उपभोक्ता समूहले उपदफा (१) बमोजिमको कोषबाट गर्ने आर्थिक कारोवारमा प्रति महिना रु. पचास हजार भन्दा माथिको कारोवार बैङ्किङ्ग प्रणालीबाट मात्र गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

४२. **वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अबलम्वन गरी मन्त्रालयले तोकिदिएको स्वीकृत मापदण्डका आधारमा वनको क्षमता निर्धारण गरी

बनाएको कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहले स्थानीय तह वा संघसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारी गर्न सक्नेछ।

तर यस उपदफामा उल्लेखित कार्यक्रम साझेदारीमा सञ्चालन गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनबाट उत्पादित वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको मापदण्ड पुरा गरी उपभोक्ता समूहको तोकिए बमोजिमको क्षेत्र भित्र आवश्यक वातावरणीय अध्ययन गराउनु पर्ने देखिएमा सो समेत गराई वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वन क्षेत्रको भू उपयोग परिवर्तन गर्ने, गराउने समूह वा संघसंस्थालाई यस ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(५) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामुनिका उपभोक्ताको समूहलाई कार्ययोजना वनाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी कबुलियती वनको रुपमा दिन सक्नेछ । त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु अघि सम्बन्धित स्थानीय तहको सहमतीमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(६) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको

स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरुको आधारमा सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिनेछ।

## परिच्छेद-१०

## निजी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

४४. **निजी वनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा आवश्यक जाँचवुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ र सम्बन्धित स्थानीय तहले डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयमा दर्ता गरेको निजी वनको तोकिए बमोजिमको विवरण समेत पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको निजी वनको विवरण सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) यसअघि प्रचलित कानून बमोजिम दर्ता भएको निजी वन धनीले पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिनु पर्नेछ।

(४) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(५) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा विवाद परेमा सम्बन्धित स्थानीय तहको न्यायीक समितिले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई निरुपण गर्नेछ।

(६) कसैले आफ्नो निजी वनको नाममा प्रादेशिक वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रुपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

४५. **निजी वनको वन पैदावार ओसारपसार र व्यवस्थापनः** (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) व्यवसायीक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सङ्कलन वा ओसारपसार गर्न चाहेको काठको प्रजाती र परिणामको विवरण खुल्ने गरी सम्बन्धित डिभिजन वा सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यसरी निवेदन परेको पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी सम्बन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

(३) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन वा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन/सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यस्तो निवेदन परेपछि आवश्यक जाँचबुझ गरी पन्ध्र दिन भित्र सम्बन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

तर एउटै स्थानीय तहभित्र निजी नम्बरी जग्गा वा निजी वनबाट फलफुल र अन्य तोकिए बमोजिमको जातको रुखबाट उत्पादित काठ दाउरा घरायसी प्रयोजनको लागि कटान, मुछान, ओसारपसार, चिरान र प्रयोगमा कुनै पनि निकायबाट कटान आदेश वा चिरान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन। त्यसरी उत्पादित काठ दाउरा गैह्र कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको भनी उजूरी परेमा सम्बन्धित सव-डिभिजन वन कार्यालयले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निजी नम्बरी जग्गा वा निजी वनबाट नै उत्पादन गरेको

ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।

(४) निजी वनको धनीलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम प्रदेश सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (२) बमोजिम व्यवसायिक प्रयोजनका लागि निजी वनपैदावार बिक्री गर्दा प्रचलित कानून वा तोकिए बमोजिम कर, दस्तुर लाग्नेछ।

(६) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले निजी नम्बरी जग्गा वा निजी वन भित्र प्रचलित कानून बमोजिम कृषी वन वा जडिवुटी खेती गर्नु परेमा सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा तोकिए बमोजिम निवेदन दिई अनुमति लिनुपर्नेछ र त्यस्तो अनुमति प्राप्त गरेको तिस दिन भित्र सम्पूर्ण विवरण सहित सम्बन्धित स्थानीय तह र डिभिजन/सव डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम डिभिजन/सव डिभिजन वन कार्यालयमा पेश गरेको विवरणका आधारमा निजी वन धनीले गरेको त्यस्तो कार्य गैह्र कानूनी देखिएमा डिभिजन/सव- डिभिजन वन कार्यालयले रोक्न आदेश दिन सक्नेछ।

४६. **निजी वन धनीलाई सहुलियतः** (१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, विमा लगायतका तोकिए बमोजिमको आर्थिक र प्राविधिक सहुलियत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहुलितयका लागि प्रदेश सरकारले सहकारी, संघसंस्था, निजी क्षेत्र, वित्तिय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

४७. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले यस ऐनको अधिनमा रही कुनै सरकारी वा गैह्र सरकारी निकाय वा व्यक्ति सँगको साझेदारीमा सार्वजनिक जग्गामा वनको विकास, संरक्षण,

व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा सम्बन्धित डिभिजन वा सव-डिभिजन वन कार्यालयलाई तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ।

(३) डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले स्थानीय तहलाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) सडक, नहर र बाटो किनारामा लगाइएको तथा बाटोमा छहारी परी प्रतिकूल असर पार्ने रुख र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुख तोकिए बमोजिमको कार्यविधि पूरा गरी स्थानीय तहले काट्न वा हटाउन सक्नेछ र त्यसरी हटाइएमा तोकिए बमोजिम डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ।

४८. **सहरी वनको विकास र व्यवस्थापनः** (१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

## परिच्छेद-११

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४९. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्ने** : (१) नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएका सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. **<u>हकदावी उपर कारबाहीः</u>** (१) दफा ४९ बमोजिमको बेबारिसी वा दरिया बुर्दी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित कसैले डिभिजनल वन कार्यालय समक्ष माग गरेमा र सो सम्वन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

(२) बेबारिसी वा दरिया बुर्दी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## <u>विकास आयोजना सम्बन्धी व्यवस्था</u>

५१. **<u>वन क्षेत्रको प्रयोग सम्बन्धी व्यवस्थाः</u>** (१) संघ, प्रदेश वा स्थानीय तहले राष्ट्रिय प्राथमिकता प्राप्त कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा आयोजना सञ्चालन गर्न वन क्षेत्रको जग्गा प्राप्त गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोधमा प्रदेश सरकार मार्फत् नेपाल सरकारबाट जग्गा प्राप्त गर्ने स्वीकृति प्राप्त भएमा आयोजना सञ्चालकले त्यस्तो वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वन क्षेत्रको जग्गा उपयोग गर्न दिए वापत आयोजना सञ्चालकबाट प्राप्त रकम संघीय वन ऐन बमोजिम स्थापित वन कोषमा जम्मा हुनेछ।

(४) उपदफा (१) बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिंदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिदिनु पर्नेछ।

५२. **<u>खनिज पदार्थको अध्ययन, अन्वेषण कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेः</u>** (१) प्रादेशिक वनभित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र संघीय वन ऐनमा तोकिएको खनिज पदार्थ बाहेक वनक्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार अन्वेषणबाट पत्ता लागे पनि उत्खनन् गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम वन क्षेत्रको प्रयोग गर्न स्वीकृति दिँदा कुनै ब्यक्ति वा समुदाय वा वातावरणलाई हानी नोक्सानी हुने भएमा अन्वेषण वा उत्खनन् वा व्यवस्थापन कर्ताले तत्सम्वन्धमा उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

(३) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्रको खनिज पदार्थको अध्ययन अन्वेषणको अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## वन्यजन्तु, चराचुरुङ्गी संरक्षण तथा वनस्पति सम्बन्धी व्यवस्था

५३. **जैविक मार्ग तोक्न सक्नेः** (१) प्रदेश सरकारले आवश्यक ठानेमा प्रादेशिक वनको कुनै क्षेत्रलाई सार्वजनिक सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्नसक्नेछ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **कृषिका निमित्त द्वन्द्वग्रस्त वन्यजन्तु घोषणा गर्न सकिनेः** (१) नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित प्रादेशिक निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु, चराचुरुङ्गी तथा पंक्षीलाई सार्वजनिक सुचना प्रकाशित गरी कृषिको निमित्त समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारीमा विना अनुमति लखेट्न, धपाउन, पक्रन सकिनेछ। त्यस्ता वन्यजन्तुहरुलाई मार्न वा अन्य आवश्यक व्यवस्था गर्नु परेमा तोकिए बमोजिम प्रदेश सरकारको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको वा प्रदेश सरकारको अनुमतिमा मारिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ।

५५. **चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिने:** (१) कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धानका लागि तथा उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि तोकिए बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा विशेष आरक्षण गरिने वन्यजन्तु राख्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा प्राप्त वन्यजन्तुको संरक्षण हुन सक्ने वासस्थान, आहार र उपचारको ग्यारेण्टी भएको हुनु पर्नेछ।

(४) यस दफा बमोजिम अनुमति नलिई चिडियाखानाको रुपमा सञ्चालन गरेका चिडियाखाना वा प्राणी उद्यानले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्युनतम मापदण्ड समेत पूरा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको अनुमति नलिई वा उपदफा (५) बमोजिमको न्युनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

५६. **वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने:** प्रदेशभित्रको प्रादेशिक वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

५७. **वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिने:** (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा

र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको प्रचलित कानून विपरित राख्ने वा अवैध व्यापार गर्न पाइने छैन । यसरी सो कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. **वनस्पति अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेः** (१) प्रादेशिक तथा राष्ट्रिय वन क्षेत्रमा प्रदेश सरकारले वनस्पति अनुसन्धान केन्द्र घोषणा गरी वनस्पतिको अध्ययन र अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको वनस्पति अनुसन्धान क्षेत्रको व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## जलाधार व्यवस्थापन सम्बन्धी व्यवस्था

५९. **जलाधार क्षेत्रको वर्गीकरण गर्नेः** (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको सम्वेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसङ्ख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

६०. **संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेः** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा

सार्वजनिक सूचना प्रकाशित गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना मन्त्रालयबाट स्वीकृत गराई लागू गराउनु पर्नेछ।

(५) कसैले पनि संरक्षित जलाधार क्षेत्रमा उपदफा (३) बमोजिम संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन पाउने छैन।

## परिच्छेद-१५

## <u>बिशेष व्यवस्था</u>

६१. **<u>सिमसार र तालतलैया सम्बन्धी व्यवस्था:</u>** (१) यस ऐन बमोजिम प्रादेशिक वन क्षेत्रभित्र पर्ने सिमसार क्षेत्र र तालतलैयामा पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, सिमसार र तालतलैया क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक रुपमा उक्त क्षेत्रको संरक्षण र सम्बर्द्धनको आवश्यकतालाई मध्यनजर गरी त्यस्ता क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत सिमसार र तालतलैया क्षेत्रको वन पैदावार, पानी र अन्य प्राकृतिक रुपमा संरक्षण गर्न आवश्यक चिज, बस्तु र पदार्थमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी निर्देशनालयको स्वीकृति लिई कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ।

६२. **<u>संरक्षित सिमसार र तालतलैया क्षेत्र घोषित गर्न सक्ने:</u>** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र सिमसार र तालतलैया संरक्षणका लागि आवश्यक

देखेमा मन्त्रालयले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक सूचना प्रकाशन गरी चार किल्ला खुलाई त्यहाँ रहेका रुख विरुवाको विवरण समेत तयार गरी सिमसार वा तालतलैया क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित सिमसार र तालतलैया क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको कार्ययोजना तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई डिभिजन वन कार्यालय मार्फत् लागू गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित सिमसार र तालतलैया क्षेत्रमा संरक्षण र व्यवस्थापन गर्दा रुख विरुवा तथा वन्यजन्तु नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

६३. **<u>नदीजन्य पदार्थको व्यवस्थापनः</u>** (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थले वातावरण, वस्ती, खेतिपातिमा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भएमा वा वन क्षेत्रभित्रको खोलानालाबाट नदीजन्य पदार्थको सङ्कलन गर्दा एकद्वार प्रणालीबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थको सङ्कलन गर्न तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन डिभिजन वन कार्यालयको सिफारिसमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले स्वीकृत गर्नेछ र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा औंल्याएका सुझाव कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(३) राष्ट्रिय वा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थको सङ्कलन वा विक्री वितरण गर्नु पर्दा डिभिजन वन कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त हुनुभन्दा दुई महिना अगावै प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गराई सम्बन्धित डिभिजन वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थको उत्खनन् गर्ने नदीको दुवै तर्फ पच्चीस प्रतिशत भाग छोडी बिच भागबाट मात्र उत्खनन् गर्नु पर्नेछ।

(४) सङ्कलित नदीजन्य पदार्थको विक्री वितरणको लागि लिइने शुल्क तोकिए बमोजिम हुनेछ र त्यस्तो आय डिभिजन वन कार्यालय मार्फत् प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) वन क्षेत्रको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **वन स्थापना र वृक्षारोपण सम्बन्धी व्यवस्थाः**(१) प्रदेश भित्रका शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानमा वन स्थापना गराई वनक्षेत्र वृद्धि गराउन प्रदेश सरकारले तोकिए बमोजिम कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गर्ने कार्यक्रममा प्रदेश सरकारले लगानी, पूँजी, सिप र प्रविधिका क्षेत्रमा निजी क्षेत्र तथा स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ।

६५. **राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र प्रचारप्रसार सामाग्रीको प्रयोगः** (१) वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले भौतिक वस्तुको प्रचारप्रसार सामग्री प्रयोग गर्दा निर्देशनालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) यो ऐन जारी हुनुअघि वन क्षेत्रमा राखिएका प्रचारप्रसार सामग्रीको हकमा ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा निर्देशनालयमा जानकारी गराई तोकिएको अवधिभित्र तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

६६. **वनक्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्थाः** राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र सञ्चालनमा रहेको राजमार्ग र अन्य सडकहरुमा सडक दुर्घटनामा परी वन्यजन्तुहरुको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सिमित गर्ने गरी सम्बन्धित निकाय मार्फत् आवश्यक व्यवस्था गर्न सक्नेछ।

६७. **वनक्षेत्रभित्र फोहोर फाल्न प्रतिवन्धः** (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिक वा प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वनक्षेत्रमा हुन सक्ने फोहोरको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय

तह, सम्बन्धित वनक्षेत्रको उपभोक्ता समूहसँग सहकार्य गरी डिभिजन वन कार्यालयले ठाउँ ठाउँमा आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद-१६

## कसूर र सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि सम्बन्धी व्यवस्था

६८. **कसूर:** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिको कसूर गरेको मानिनेछः

(क) तोकिएको प्रकृया पूरा नगरी जडिबुटी अनुसन्धान केन्द्र स्थापना गराएमा,

(ख) पर्यापर्यटनको कार्यक्रम सञ्चालन गर्दा, मन्त्रालयको स्वीकृति लिई वन क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा प्राकृतिक स्वरुप, रुख विरुवा र वन्यजन्तुलाई प्रतिकूल प्रभाव पारेमा तथा साझेदारीमा जडिवुटी खेती गर्दा सम्झौतामा उल्लेख गरे बमोजिमको रुख रोप्ने र हुर्काउने कार्य नगरेमा,

(ग) ऐनको दफा १२ विपरितको कार्य गरेमा,

(घ) कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक वन वा वनको कुनै भाग पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएमा,

(ङ) उपभोक्ता समूहले तोकिएको अवधिमा वार्षिक प्रतिवेदन सम्बन्धित निकायलाई नबुझाएमा,

(च) अधिकार प्राप्त अधिकारीको अनुमति नलिई चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेमा,

(छ) कसैले संरक्षित वा लोपोन्मुख भनि किटान गरिएका वन्यजन्तु तथा पंक्षीलाई लखेट्ने, धपाउने, पक्रने, मार्ने गरेमा,

तर जीउ धनको रक्षाका लागि तत्काल घटित घटना भएमा दण्डनीय हुने छैन।

(ज) दफा ५७ बमोजिम स्थापित उद्धार केन्द्रको वन्यजन्तु तथा पंक्षी मार्ने, घाइते पार्ने वा कसैले अवैध ब्यापार गरेमा,

(झ) संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नासे, मासे, विगारे वा हेरफेर गरेमा,

(ञ) राष्ट्रिय तथा प्रादेशिक वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(ट) राष्ट्रिय वा प्रादेशिक वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा,

(ठ) निषेध गरिएको वन क्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा

(ड) दफा ९ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा,

(ढ) राष्ट्रिय तथा प्रादेशिक वनक्षेत्रबाट वन पैदावार हटाउने, ओसारपसार वा विक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(ण) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रको रुख वा बिरुवा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(त) इजाजत प्राप्त राष्ट्रिय तथा प्रादेशिक वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(थ) विना अनुमति वनक्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ निकाल्ने, गोल वा चून पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने तथा विक्री वितरण गर्ने काम गरेमा,

(द) वन पैदावार लिन पाएको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ध) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा वा विदेश निकासी गर्ने उद्योग गरेमा,

(न) वन सिमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(प) टाँचा वा निसाना कीर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(फ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका विरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले नोक्सान गरेमा,

(ब) नर्सरी वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका वार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(भ) शिकार खेल्ने, वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गरेमा,

(म) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरित वन पैदावार राखेमा,

(य) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गरेमा,

(र) मन्त्रालयको अनुमति नलिई कुनै पनि विदेशी नागरिकले वन क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि प्रयोग गरेमा,

(ल) निर्देशनालयको स्वीकृति नलिई वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोग गरेमा,

(व) वनक्षेत्रभित्र तोकिए भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(श) वनक्षेत्रभित्र प्रतिवन्धित फोहोर जथाभावी फालेमा,

(ष) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा,

(स) संघीय वन ऐनको दफा ५१, ५२, ५३, ५४ र ५५ बमोजिमका कसूर गरेमा ।

६९. **<u>सजायः</u>** दफा ६८ बमोजिम तोकिएको कसुर गर्ने वा गराउने व्यक्तिलाई पहिलो पटकका लागि देहाय बमोजिमको सजाय हुनेः

(क) दफा ६८ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा छ हजार रुपैयाँ मात्र जरिवाना वा दुवै सजाय गरी स्थापित संरचना रद्द गरिनेछ।

(ख) दफा ६८ को खण्ड (ख), र (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको बिगो असूल गरी एक महिनासम्म कैद वा एक हजार रुपैयाँ मात्र जरिवाना वा दुवै सजाय हुनेछ।

(ग) दफा ६८ को खण्ड (ग) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको बिगो बमोजिमको जरीवाना गरी एक महिनासम्म कैद सजाय र दश हजार रुपैयाँ जरिवाना हुनेछ।

(घ) दफा ६८ को खण्ड (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ।

(ङ) दफा ६८ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ।

(च) दफा ६८ को खण्ड (छ) र (ज) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(छ) दफा ६८ को खण्ड (झ) अन्तर्गतको कसूर गर्नेलाई जलाधार सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(ज) दफा ६८ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा वनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ। त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ।

(झ) दफा ६८ को खण्ड (ट) अन्तर्गतको कसूर गर्नेलाई क्षति भएको बिगो असूल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ञ) दफा ६८ को खण्ड (ठ) अन्तर्गतको कसूर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिबाना हुनेछः

(१) भेडा, बाख्रा जातको भए रु. एक सय मात्र,

(२) हात्ती भए रु. तीन हजार मात्र,

(३) अन्य चौपाया भए रु. पाँच सय मात्र।

(ट) दफा ६८ को खण्ड (ड) अन्तर्गतको कसूर गर्नेलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ठ) दफा ६८ को खण्ड (ढ), (ण), (त), (थ) वा (द) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः

(१) एक हजार रुपैयाँसम्मको बिगो भए एक हजार रुपैयाँसम्म जरिवाना,

(२) एक हजार रुपैयाँ देखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए एक महिनासम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै,

(३) पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्मको बिगो भए तीन महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(४) पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्मको बिगो भए छ महिनासम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै,

(५) एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्मको बिगो भए एक बर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(६) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै।

(ड) दफा ६८ को खण्ड (ध) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी तीन बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै सजाय हुनेछ ।

(ढ) दफा ६८ को खण्ड (न) वा (प) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ण) दफा ६८ को खण्ड (फ) अन्तर्गतको कसूर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गर्नेलाई कसूरको मात्रा अनुसार प्रत्येक पटक एक बर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(त) दफा ६८ को खण्ड (ब) अन्तर्गतको कसूर गर्नेलाई बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(थ) दफा ६८ को खण्ड (भ) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(द) दफा ६८ को खण्ड (म) अन्तर्गतको कसूर गर्नेलाई त्यस्तो कसूरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(ध) दफा ६८ को खण्ड (य) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(न) दफा ६८ को खण्ड (र) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(प) दफा ६८ को खण्ड (ल) र (व) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(फ) दफा ६८ को खण्ड (श) अन्तर्गतको कसूर गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(ब) दफा ६८ को खण्ड (ष) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(भ) दफा ६८ को खण्ड (स) अन्तर्गतको कसूरमा संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ।

(म) माथि जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६८ बमोजिम तोकिएको कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटकका लागि कैद सजाय भए एक बर्षसम्म कैद र जरिवाना भए प्रत्येक पटकका लागि तोकेको जरिवानाको दोब्बर जरिवाना वा दुबै सजाय हुनेछ।

७०. **<u>कसूरको जाँचबुझ र कार्यविधिः</u>** (१) यो ऐन बमोजिम हुने कसूरको जाँचबुझ, अनुसन्धान, तहकिकात र सो सम्बन्धी कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्षसम्म कैद सजाय हुने कसूर सम्बन्धी मुद्दाको जाँचबुझ, अनुसन्धान तथा तहकिकात प्रदेश सरकारको वन सेवामा कार्यरत डिभिजनल वन अधिकृतभन्दा एक तह मुनीको कर्मचारी देखि कम्तिमा पाँचौ तहको

कर्मचारीसम्मले गर्नेछ र त्यस्तो अधिकृत सम्बन्धित जिल्लाको डिभिजनल वन अधिकृतले तोक्नेछ।

७१. **प्रदेश सरकार वादी हुने:** यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

७२. **मुद्दा हेर्ने अधिकारी:** यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिवाना हुने मुद्दा डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछ।

७३. **पुनरावेदन सम्बन्धी व्यवस्था:** दफा ७२ बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

७४. **कानूनी राय सल्लाह लिन सक्ने:** यो ऐन बमोजिम कसूरको जाँचबुझ, अनुसन्धान तथा तहकिकात गर्दा आवश्यक परेका बखत अनुसन्धानकर्ता तथा मुद्दा हेर्ने अधिकारीले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय सल्लाह लिन सक्नेछ।

## परिच्छेद-१७

## विविध

७५. **वन विकास कोष सम्बन्धी व्यवस्था:** (१) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र सम्वर्द्धन गर्न एवम् अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले एक कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **समन्वय र सहकार्य:** (१) अन्तरप्रादेशिक वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि अन्य प्रदेश सरकार, नेपाल सरकार र स्थानीय तह लगायत अन्य प्रमुख सरोकारवालाहरुसँग गरिने समन्वय र सहकार्य आवश्यकता अनुसार निर्देशनालय र मन्त्रालयले गर्नेछ।

(२) डिभिजन वन कार्यालयले निर्देशनालय र निर्देशनालयले मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

७७. **वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने:** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व

सम्बन्धित डिभिजन वन कार्यालयमा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा बार्षिक रुपमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीका आधारमा डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरुको आर्थिक योगदान देखिने गरी अभिलेख राखी सोको जानकारी निर्देशनालय मार्फत् मन्त्रालयमा पठाउनु पर्नेछ।

७८. **अभिलेख व्यवस्थित गर्नुपर्ने:** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने प्रादेशिक वन र वन व्यवस्थापनसँग सम्बन्धित तोकिए बमोजिमको विषयको अभिलेखीकरण तोकिए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थित गरिएको अभिलेखको जानकारी निर्देशनालय मार्फत् मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

७९. **वन बीउ उद्यान सम्बन्धी व्यवस्था:** प्रदेश सरकारले प्रादेशिक वनको कुनै भागलाई वन बीउ उद्यान घोषणा गर्न सक्नेछ र नेपाल सरकारले घोषणा गरेको वन बीउ उद्यानमा सहकार्य गरी व्यवस्थापन र सञ्चालन समेत गर्न सक्नेछ।

८०. **कृषि वन प्रणाली अवलम्बन गर्न सकिने:** वन क्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ।

८१. **पूरानो घरको पूरानो काठ ओसारपसार सम्बन्धी व्यवस्था:** (१) पुरानो घरमा प्रयोग भएको पूरानो काठको ओसारपसार गर्न मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित समयका लागि खुला गर्न सक्नेछ।

तर स्थानीय तह, प्रदेश वा संघीय निर्वाचन हुनुभन्दा छ महिना अगाडिको अवधिमा पूरानो घरको पूरानो काठ ओसारपसार गर्न मन्त्रालयले प्रस्ताव पेश गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले सूचना प्रकाशन गरेमा सम्बन्धित घरधनीले तोकिए बमोजिमको कागजात सहित सम्बन्धित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा निर्देशकको अनुमति लिई सम्बन्धित डिभिजन वन कार्यालयले स्थानान्तरण इजाजत दिन सक्नेछ।

(४) पूरानो घरको पूरानो काठको ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि पूरानो घरको पूरानो काठ भन्नाले कम्तिमा दश वर्ष पूरानो घरमा प्रयोग भएको काठलाई सम्झनुपर्छ।

८२. **काठमा आधारित कागज वनाउने उद्योगको लागि कच्चा पदार्थ आपूर्ति सम्वन्धमाः** (१) निजी नम्बरी जग्गा वा निजी वनमा उत्पादित मसला, पोपलर र अन्य तोकिएका जातका काठ दाउरा काठमा आधारित कागज वनाउने नेपालमा स्थापित उद्योगसम्म निर्वाध रुपमा ओसारपसार गर्न पाइनेछ।

(२) उपदफा (१) बमोजिमको काठ दाउरा काठमा आधारित कागज वनाउने नेपालमा स्थापित उद्योगसम्म काठ दाउरा कटान, मुछान, ओसारपसार र प्रयोग गर्दा कुनै पनि निकायबाट कटान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन।

तर त्यसरी उत्पादित काठ दाउरा ओसारपसार गर्नुभन्दा तीन दिन अघि सोको जानकारी सम्बन्धित सव-डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(३) कच्चा पदार्थ आपूर्ति तथा ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८३. **प्राविधिक सहयोग दिनेः** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

८४. **प्रतिबन्ध लगाउन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा सार्वजनिक सूचना मार्फत् जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्नेछ।

८५. **राहत सम्बन्धी व्यवस्था:** वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ।

८६. **वातावरणीय सेवाको व्यवस्थापन:** (१) वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग, तथा लाभाङ्श वितरण सम्बन्धी व्यवस्था संघीय वन ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले आफ्नो बार्षिक कार्यक्रममा व्यवस्था गरी वातावरणीय सेवा बोलपत्र (इन्भाइरोमेन्टल सर्भिसेज टेण्डर) आह्वान गरी तोकिएका शर्त पूरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

८७. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:** नेपाल सरकारले प्रादेशिक वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन संघीय वन ऐनमा तोकिए बमोजिम सञ्चालन गर्नेछ।

८८. **ड्रेस कोड सम्बन्धि व्यवस्था:** (१) प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीको पहिचान र विशिष्टताका लागि तोकिए बमोजिमको पोशाकको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू गर्ने ड्रेस कोड मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

८९. **सुराकीलाई पुरस्कार दिने:** (१) यस ऐन बमोजिम कसूर हुन लागेको वा भैरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिवानाको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९०. **असल नियतले काम गरेकोमा बचाउ:** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार त्यस्तो कर्मचारीमा हुनेछ।

९१. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस ऐन वमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा निर्देशनालयले चौमासिक रुपमा अनुगमन

तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले जिल्ला भित्र विभिन्न वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भएका वनको प्रत्येक महिना अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत् प्रदेश तथा संघीय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरुको त्रैमासिक रुपमा अनुगमन समेत गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत् मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **अधिकार प्रत्यायोजनः** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा कम्तिमा प्रदेश सरकारको छैटौं तहको अधिकृतस्तर कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।

९३. **नियम बनाउने अधिकारः** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९४. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

९५. **यस ऐन बमोजिम हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ।

९६. **बचाउः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन ऐन, २०४९, उक्त ऐन बमोजिम बनेको नियम वा जारी भएको आदेश बमोजिम प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) प्रचलित संघीय वन ऐन बमोजिम भएका र प्रदेश सरकार अन्तर्गत कार्य सम्पादन गर्ने गरी संघीय सरकारबाट हस्तान्तरण भए गरेका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# कोशी प्रदेश वन नियमावली, २०८०

<u>प्रमाणीकरण मिति</u>

२०८० फागुन २६

कोशी प्रदेश वन ऐन, २०७७ को दफा ९३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम **"कोशी प्रदेश वन नियमावली, २०८०"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"अन्य वन पैदावार"** भन्नाले संघीय वन नियमावलीको अनुसूची-८ मा उल्लेख भए बमोजिमका वन पैदावार सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले कोशी प्रदेश वन ऐन, २०७७ सम्झनु पर्छ।

(ग) **"दहत्तर वहत्तर"** भन्नाले नदी वा खोलाले वगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको वा पुरिएको काठ, दाउरा सम्झनु पर्छ ।

(घ) **"दाउरा"** भन्नाले दुई फिटभन्दा कम लम्बाई र एक दशमलव पाँच फिटभन्दा कम गोलाई भएको वा सोभन्दा बढी लम्बाई वा गोलाई भएको भए पनि धोत्रो, सडेको वा मक्किएको काठलाई सम्झनु पर्छ ।

(ङ) **"तोकिएको मूल्यदर"** भन्नाले संघीय वन नियमावलीमा तोकिएको काठ, दाउरा वा जडीबुटी वा अन्य वन पैदावारको मूल्यदर सम्झनु पर्छ ।

(च) **"तोकिएको तरिका"** भन्नाले संघीय वन नियमावलीमा तोकिएको रुख तथा काठको मापन, आयातन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका सम्झनु पर्छ ।

(छ) **"रणनीतिक योजना"** भन्नाले वन व्यवस्थापनको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, विषयगत क्षेत्रका मुख्य कार्यक्रमहरु,

संस्थागत संरचना, स्रोत साधनको प्रवन्ध र अनुगमन प्रणाली समेत समेटी समग्र रुपमा वन, वन्यजन्तु, चराचुरुङ्गी, जलाधार, जैविक विविधताका सम्वन्धमा दीर्घकालीन स्वरुपको, कार्यान्वयनमा सहजीकरण गर्ने किसिमको अधिकार र जिम्मेवारीमा स्पष्टता ल्याउने गरी नेपाल सरकार वा प्रदेश सरकारले तर्जुमा गरेको वनक्षेत्रको रणनीतिक योजनालाई सम्झनु पर्छ ।

(ज) **"वन प्राविधिक"** भन्नाले वन विज्ञान विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) **"विधान"** भन्नाले ऐन बमोजिम गठित वन समूह वा परिषदको विधानलाई सम्झनु पर्छ ।

(ञ) **"विभाग"** भन्नाले नेपाल सरकारको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्छ ।

(ट) **"सहरी वन"** भन्नाले सहरी क्षेत्रमा रोपिएका वा हुर्काइएका रुख वा सहरी क्षेत्रमा पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(ठ) **"संगठित संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका संघ, संस्था वा उद्योग वा कम्पनी वा फर्म वा सहकारी संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारले ऐनको उद्देश्य हासिल गर्ने गरी वृक्षारोपण, वन उद्यम, वन पैदावारको आपूर्ति वा वन विकासका लागि स्थापना गरेका संस्थागत संरचना समेतलाई सम्झनु पर्छ।

(ड) **"संघीय वन नियमावली"** भन्नाले नेपाल सरकारको प्रचलित वन नियमावलीलाई सम्झनु पर्छ।

(ढ) **"संरक्षित क्षेत्र"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम घोषित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, मध्यवर्ती क्षेत्र तथा प्रदेश सरकारले घोषणा गरेको विशेष वनक्षेत्र वा वनस्पति उद्यानले संरक्षण गर्ने वनक्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद -२

## सीमा निर्धारण र वन व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **सीमा निर्धारणः** (१) ऐनको दफा ३ को उपदफा (२) र (३) बमोजिम सार्वजनिक वा निजी जग्गा र त्यस्तो जग्गामा वनेको घर लगायतका अन्य भौतिक संरचना समेत वनको सिमानाभित्र पारी छुट्याउनको लागि ऐनको दफा ३ को उपदफा (४) बमोजिम टाँस गरिने सूचनामा डिभिजनल वन अधिकृतले देहायका कुरा खुलाउनु पर्नेछः-

(क) प्राप्त गरिने जग्गा वा घरको क्षेत्रफल,

(ख) चारकिल्ला तथा जग्गाको किसिम,

(ग) त्यस्तो जग्गामा रहेको भौतिक संरचनाको विस्तृत विवरण,

(घ) वनक्षेत्रभित्र पार्ने नेपाल सरकार तथा प्रदेश सरकारले गरेको निर्णय मिति।

(२) प्रदेशको कुनै पनि स्थानमा चारैतिर प्रदेशभित्रको राष्ट्रिय वनले घेरिएको वा प्रदेशभित्रको राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको निजी जग्गा र सो जग्गामा बनेको भौतिक संरचना डिभिजनल वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सक्नेछ।

४. **मुआब्जा तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३ को उपदफा (४) बमोजिम सूचना प्रकाशन भएमा निजी जग्गामा हक दैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिले क्षतिपूर्तिको मागदावी गर्न सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय समक्ष आफ्नो हकभोगको प्रमाण सहित दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिन नआएमा क्षतिपूर्तिको मागदावी उपर कुनै उजुर लाग्ने छैन ।

(३) ऐन तथा यस नियम बमोजिम प्राप्त गरिने घर जग्गा वापत जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुन बमोजिम दिइने क्षतिपूर्तिको निर्धारण प्रचलित कानुन बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले गर्नेछ।

(४) उपनियम (१) बमोजिम परेको दरखास्त उपर उपनियम (३) बमोजिमको समितिले प्रचलित कानुनका अतिरिक्त देहायका कुराका आधारमा समेत क्षतिपूर्ति रकम निर्धारण गरी नेपाल सरकार समक्ष क्षतिपूर्तिका लागि सिफारिस गर्नु पर्नेछ र डिभिजन वन कार्यालयले सम्बन्धित सरोकारवालालाई सोको जानकारी दिनु पर्नेछः-

(क) सूचना जारी भएको मितिमा चलेको दरभाउमा घर जग्गाको मोल निर्धारण गर्ने,

(ख) त्यस्तो जग्गामा भएको खडा बाली र रुख समेत लिने भए सरोकारवाला व्यक्तिले व्यहोर्नु पर्ने नोक्सानी यकिन गर्ने,

(ग) सरोकारवाला व्यक्तिलाई आफ्नो वसोवास वा सरोकारको ठाउँ छोडी अन्यत्र जान कर लागेमा त्यसरी जाँदा ब्यहोर्नु पर्ने मनासिव माफिकको खर्च ।

(५) उपनियम (४) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गर्नुपूर्व उपनियम (३) बमोजिमको समितिले आवश्यक परेमा प्राप्त गरिने घर वा जग्गामा हक दैया पुग्ने व्यक्तिको अंशियार, ठेकदार, बन्धकी साहू वा त्यस्तो जग्गा कमाउने व्यक्ति र त्यस्तो जग्गाको पछिल्लो तीन वर्षको कूत, तिरो वा मुनाफा बारे सर्जमिन बुझ्न सक्नेछ।

(६) उपनियम (३) बमोजिमको समितिले यस नियम बमोजिम सिफारिस गर्नका लागि सरोकारवाला व्यक्ति र निजका साक्षीलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजबाट लिखत गराउने समेत प्रचलित कानुन बमोजिम अदालतले पाए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) नेपाल सरकारले त्यस्तो क्षतिपूर्ति रकम उपलब्ध गराउने निर्णयको जानकारी दिएको मितिले पाँच बर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा उक्त क्षतिपूर्तिको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुनेछ।

(८) ऐनको दफा ४ को उपदफा (३) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले त्यस्तो जग्गा प्रदेशभित्रको राष्ट्रिय वनभित्र पारी छुट्याएको मितिदेखि त्यस्तो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन ।

५. **<u>प्रदेशभित्रको राष्ट्रिय वनको भू-उपयोग योजनाको स्वीकृतिः</u>** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको कुनै खास वनक्षेत्रको भू-उपयोग योजना तर्जुमा गर्दा निर्देशनालयको परामर्श लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तर्जुमा भएको भू-उपयोग योजना स्वीकृतिका लागि निर्देशनालयको सिफारिस सहित मन्त्रालय मार्फत विभागमा पेस गर्नु पर्नेछ ।

६. **<u>बसोबास वा पुनर्वास गरिएका जग्गाका रुख हटाउने सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७ को उपदफा (३) को प्रयोजनका लागि प्रदेशभित्रको राष्ट्रिय वनको रुख हटाउनु परेमा डिभिजनल वन अधिकृतले जाँचबुझ गरी त्यस्ता रुखको जिपिएस कोअर्डिनेट सहितको लगत नम्बरिङ, मापन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको मूल्याङ्कनका आधारमा हटाउनु पर्ने काठ, दाउराको उत्पादन र बिक्री वितरण सम्बन्धी राय प्रतिवेदन निर्देशनालयमा पेस गर्नु पर्नेछ। निर्देशनालयले मन्त्रालयलाई जानकारी दिई आफ्नो रायसाथ त्यस्तो प्रतिवेदन विभागमा पेस गर्नु पर्नेछ।

(३) बसोबास वा पुनर्वासको क्रममा प्रदेशभित्रको राष्ट्रिय वनबाट रुख हटाउँदा तथा बिक्री वितरण गर्दा निर्देशनालयले आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय र मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

७. **<u>चरिचराउको निमित्त इजाजतपत्र दिन सक्नेः</u>** आवधिक योजना सहितको रणनीतिक योजनामा नपरेको वा डिभिजनल वन अधिकृतले ऐनको दफा ९ बमोजिम निषेध गरेको वनक्षेत्र बाहेकका वनक्षेत्रमा अनुसूची-१ बमोजिमको दस्तुर लिई डिभिजनल वन अधिकृतले घरपालुवा जन्तु चरि चरन गराउन अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

८. **रणनीतिक योजना तर्जुमा र प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनः** (१) अन्तरप्रादेशिक वन र प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनको लागि प्रदेश सरकारसँगको परामर्शमा नेपाल सरकारले तयार पारेको रणनीतिक योजनाको कार्यान्वयन प्रदेश सरकारले गर्नेछ ।

(२) प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको छुट्टै रणनीतिक योजना तय गर्ने भएमा उपनियम (१) बमोजिमको रणनीतिक योजनाको अधीनमा रही निर्देशनालयले प्रदेशको रणनीतिक योजना तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको रणनीतिक योजना नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय समेतलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस नियमावली बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन गर्दा वनको अवस्था अनुसार वनको दिगो व्यवस्थापनको लागि स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अपनाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम वन संवर्द्धन प्रणाली अपनाउँदा प्राकृतिक वन, वातावरण तथा जैविक विविधतालाई समेत मध्यनजर गरी स्थानीय आवश्यकता अनुसार वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार तथा प्रजाति, वनको उमेर, भिरालोपना, मोहडा, वनक्षेत्रको पुनरोत्पादनको सुनिश्चितता र गुणस्तर (साइट क्वालिटी) जस्ता विषयलाई आधार मान्नु पर्नेछ।

(६) ऐनको दफा १० को उपदफा (४) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले नेपाल सरकारबाट स्वीकृत भएको रणनीतिक योजनाको अधीनमा रही अनुसूची-३ बमोजिमका विषय समावेश गरी आफ्नो कार्यक्षेत्रभित्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना तर्जुमा गरी प्रदेशको वातावरण सम्बन्धी प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन समेत गराई निर्देशकको सिफारिस सहित

मन्त्रालयमा पेस गर्नु पर्नेछ र मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयन गर्नु पर्नेछ ।

(७) डिभिजन वन कार्यालय वा समुदायमा आधारित उपभोक्ता समूहले उपयुक्त वन संवर्द्धन प्रणाली अपनाइ वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ। यसरी वन व्यवस्थापन गर्दा लोपोन्मुख वनस्पतिको संरक्षण तथा जंगली हात्ती, कस्तुरी, हिउँ चितुवा, हाब्रे लगायतका वन्यजन्तुको जैविक मार्गको संरक्षण र विकासको लागि कार्ययोजनामा विशेष व्यवस्था गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम वन संवर्द्धन प्रणाली अपनाइ वन व्यवस्थापन गर्दा वनको क्षेत्रफल एक सय हेक्टरभन्दा कम भएमा एकभन्दा बढी समुदायमा आधारित वनको एकाइहरूलाई एकीकृत गरी व्यवस्थापन गर्न सकिनेछ।

(९) उपनियम (७) बमोजिम वन संवर्द्धन प्रणाली अपनाइ वन व्यवस्थापन गर्दा वनको क्षेत्रफल दुईसय हेक्टरभन्दा ठूलो र उपभोक्ता घरधुरी संख्या एकभन्दा बढी वडामा रहेको अवस्थामा वन व्यवस्थापनको दृष्टिकोणले उपयुक्त हुने देखिएमा एउटा सामुदायिक वन उपभोक्ता समूहलाई दुई वा सो भन्दा बढी वन समूहमा विभाजन गरी व्यवस्थापन गर्न सकिनेछ।

(१०) यस नियम बमोजिम वन कार्ययोजना तयार गर्दा डिभिजनल वन अधिकृतले सिमसार क्षेत्रको निश्चित दुरीको क्षेत्रसम्म हरियो रुख कटान गर्न नपाइने गरी विशेष संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

(११) कुनै एक वन संवर्द्धन प्रणाली अपनाई व्यवस्थापन भइरहेको कुनै वनको केही भाग वा पूरै भागलाई कुनै अर्को वन संवर्द्धन प्रणाली अपनाई व्यवस्थापन गर्नु परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

(१२) उपनियम (६) बमोजिम स्वीकृत भएको आवधिक योजना सहितको रणनीतिक योजनालाई संशोधन वा परिमार्जन गर्नु परेमा प्रदेशको वातावरण सम्बन्धी प्रचलित कानुन बमोजिम पूरक वातावरणीय

अध्ययन गराई सोही उपनियममा तोकिएको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(१३) डिभिजन वन कार्यालयले उपनियम (६) बमोजिम तयार गरेको आवधिक योजना सहितको रणनीतिक योजनाको अवधि वढीमा दश बर्षको हुनेछ ।

(१४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रणनीतिक योजना जारी नभएसम्म डिभिजन वन कार्यालयले तयार गरेको आवधिक योजना सहितको रणनीतिक योजना मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न बाधा पुगेको मानिने छैन ।

तर, रणनीतिक योजना जारी भए पश्चात डिभिजन वन कार्यालयले त्यस्तो स्वीकृत रणनीतिक योजना बमोजिम हुने गरी आवधिक योजना सहितको रणनीतिक योजनामा परिमार्जन वा संशोधन गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

९. **अध्ययन अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सकिनेः** (१) ऐनको दफा १३ को प्रयोजनका लागि कुनै सरकारी निकाय, शैक्षिक संस्था, व्यक्ति वा संस्थाले वन सम्बन्धी अध्ययन अनुसन्धानका लागि प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग लिन चाहेमा अनुसूची-४ बमोजिमका विषय समावेश गरी मन्त्रालय समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव उपर मन्त्रालयले सम्बन्धित डिभिजन वन कार्यालयबाट कुनै राय लिनु पर्ने भएमा राय लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम पेस भएको प्रस्ताव र उपनियम (२) बमोजिमको रायका आधारमा मन्त्रालयले वनक्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने सरकारी निकाय, शैक्षिक संस्था, व्यक्ति वा संस्थासँग निश्चित अवधिका लागि सम्झौता गरी प्रतिवर्ष एक हजार रुपैयाँका दरले दस्तुर लिई प्रस्तावकको माग बमोजिम वा वनको निश्चित क्षेत्र तोकी अध्ययन अनुसन्धानको लागि अनुमति दिन सक्नेछ र त्यसरी अनुमति पाएको सरकारी निकाय, शैक्षिक संस्था, व्यक्ति वा संस्थाले प्रदेशको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँगको समन्वयमा अनुसन्धानको कार्य गर्नु पर्नेछ ।

(४) अनुसन्धानात्मक कार्यका लागि वनक्षेत्र प्राप्त गर्ने सरकारी निकाय, शैक्षिक संस्था, व्यक्ति वा संस्थासँगको सम्झौतामा पालन गर्नुपर्ने शर्त, अनुगमन प्रणाली, प्रतिवेदन, प्रकाशन, अनुसन्धानको नतिजा उपरको स्वामित्व जस्ता विषय उल्लेख गर्नु पर्नेछ ।

(५) मन्त्रालयले उपनियम (३) बमोजिम गरेको सम्झौता र अनुमतिको विवरण निर्देशनालय, सम्बन्धित डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(६) यस नियम बमोजिम गरिएको सम्झौता अनुसारका कार्य भए नभएको सम्बन्धमा सम्बन्धित डिभिजन वन कार्यालयले अनुगमन गरी प्रतिवेदन निर्देशनालय तथा मन्त्रालयमा पेस गर्नु पर्नेछ।

१०. **जडीबुटीको संरक्षण तथा व्यवस्थापनः** (१) मन्त्रालयले महत्वपूर्ण तथा उच्च मूल्यका जडीबुटीको संरक्षण तथा व्यवस्थापन गर्नका लागि प्रजाति विशेष वा एकीकृत रुपमा प्रदेशभित्रको कुनै क्षेत्रलाई जडीबुटी विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा पाइने महत्वपूर्ण तथा उच्च मूल्यका जडीबुटीको संरक्षण तथा व्यवस्थापनका लागि प्रजाति विशेष वा एकीकृत रुपमा जडीबुटी पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले रणनीतिक योजना वा आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही उपनियम (२) बमोजिमको जडीबुटी पकेट क्षेत्रको स्रोत सर्वेक्षण गरी सोको आधारमा जडीबुटी व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको जडीबुटी व्यवस्थापन योजना निर्देशकले स्वीकृत गर्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृत भएको जडीबुटी व्यवस्थापन योजनाको कार्यान्वयनका लागि डिभिजनल वन अधिकृतले जडीबुटी व्यवस्थापन समूह गठन गर्न सक्नेछ ।

(६) उपनियम (३) बमोजिमको योजनामा वनक्षेत्रमा पाइने सबै प्रकारका जडीबुटीहरुको स्रोत सर्वेक्षण गरी त्यस्तो जडीबुटीको यथोचित संरक्षण र दिगो उपयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिमको जडीबुटी पकेट क्षेत्र सामुदायिक वन वा साझेदारी वनभित्र पर्ने भएमा उपभोक्ता समूहले आफ्नो कार्ययोजनामा जडीबुटीको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था समावेश गरी जडीबुटीको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्नु पर्नेछ ।

११. **जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान स्थापना सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १४ को उपदफा (१) को प्रयोजनको लागि सम्भाव्यता अध्ययनका आधारमा स्थान निर्धारण गरी अनुसुची-५ वमोजिमको ढाँचामा प्रस्तावना तयार पारी मन्त्रालयले प्रदेश सरकार समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको प्रस्ताव स्वीकृत भएपछि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ।

(३) प्रदेश सरकारले स्वीकृत गरी स्थापना गरेको जडीबुटी अनुसन्धान कार्यालय वा उद्यान कार्यालयले उपनियम (२) बमोजिम स्थापना भएको जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानको सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(४) उपनियम (२) बमोजिम स्थापना भएको जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानमा जडीबुटी अनुसन्धान कार्यालय वा उद्यान कार्यालयको लिखित अनुमति नलिई कुनै पनि व्यक्ति प्रवेश गर्न पाउने छैन ।

(५) जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानभित्र प्रवेश गर्न लाग्ने प्रवेश तथा अन्य शुल्क प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(६) जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पतिको उद्यानको स्थापना, संरक्षण तथा व्यवस्थापन गर्ने क्रममा रुख हटाउनु परेमा डिभिजन वन कार्यालयले निर्देशनालय मार्फत मन्त्रालयको स्वीकृति लिई हटाउन सक्नेछ।

(७) उपनियम (६) बमोजिम उत्पादन भएको वन पैदावारको व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ र त्यस्तो वन पैदावार बिक्री वितरणबाट प्राप्त आय प्रदेश सञ्चित कोषमा जम्मा हुनेछ।

(८) यस नियम बमोजिम स्थापना भएको जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानलाई उपनियम (५) बमोजिम प्राप्त हुने आय प्रदेश सञ्चित कोषमा जम्मा हुनेछ ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जडीबुटी अनुसन्धान केन्द्र स्थापना हुनु अगावै मन्त्रालयले जडीबुटीको अध्ययन अनुसन्धान, परीक्षण र प्रमाणीकरण गर्नका लागि जडीबुटी प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

१२. **वन बीउ उद्यान र वन अनुसन्धान प्लटको व्यवस्थापनः** (१) प्रदेश सरकारले ऐनको दफा ७९ बमोजिम घोषणा गरेको वन बीउ उद्यान र वन अनुसन्धान प्लटको व्यवस्थापन गर्ने क्रममा रुख हटाउनु परेमा डिभिजन वन कार्यालयले निर्देशनालय मार्फत मन्त्रालयको स्वीकृति लिई हटाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वन बीउ उद्यानको संरक्षण र व्यवस्थापन निर्देशनालयसँगको समन्वयमा डिभिजन वन कार्यालयले गर्नेछ ।

(३) मन्त्रालयले वन अनुसन्धान तथा तालिम सञ्चालन प्रयोजनको लागि प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई अनुसन्धान प्लट तोक्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको तोकिएको अनुसन्धान प्लटको संरक्षण र व्यवस्थापन डिभिजन वन कार्यालयसँगको समन्वयमा प्रदेशको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्नेछ।

१३. **साझेदारीमा जडीबुटी खेती गर्न सकिनेः** (१) प्रदेश सरकारले ऐनको दफा १५ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रमा साझेदारीमा जडीबुटीको उत्पादन, विकास, विस्तार, प्रवर्धन र प्रशोधनका लागि आवश्यक पर्ने मापदण्ड जारी गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्डको अधीनमा रही डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रको प्रदेशको राष्ट्रिय वनमा

रहेको उपयुक्त स्थान र उत्पादन हुने जडीबुटीको पहिचान गरी साझेदारीमा जडीबुटी खेती गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा समुदायसँग प्रस्ताव आब्हान गर्नु पर्नेछ ।

(३) डिभिजन वन कार्यालयले उपनियम (२) बमोजिम पेस भएको प्रस्तावको मूल्याङ्कन, स्वीकृति र सम्झौता प्रचलित कानुन बमोजिम गरी त्यसको जानकारी निर्देशनालय र मन्त्रालयलाई दिनु पर्नेछ ।

१४. **<u>स्थानीय तहले सहमति लिनुपर्नेः</u>** (१) ऐनको दफा १६ बमोजिम स्थानीय तहले वनक्षेत्रमा पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न यस नियम बमोजिम निर्देशनालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा ऐनको दफा १६ मा गरिएको व्यवस्था अनुरुप पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न दिन उपयुक्त हुने नहुने सम्वन्धमा निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालयको राय माग गर्नेछ।

(३) उपनियम (२) बमोजिम राय माग भएमा डिभिजन वन कार्यालयले पर्यापर्यटनका कार्यक्रम सञ्चालन हुँदै आएको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा त्यस्तो उपभोक्ता समूहको सहमतिको कागजात र पर्यापर्यटन कार्यक्रमको व्यवसायिक योजना समावेश गरी निर्देशनालयलाई राय प्रदान गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको रायका आधारमा आफ्नो राय समेत राखी निर्देशनालयले मन्त्रालय मार्फत पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्ने सहमतिका लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेस गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रस्तावमा प्रदेश सरकारले सहमति प्रदान गरेमा डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहसँग लागत तथा प्रतिफल साझेदारी हुने गरी सम्झौता गरी कार्यान्वयन गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम भएको सम्झौता बमोजिम सम्बन्धित स्थानीय तहले सञ्चालन गरेको पर्यापर्यटन कार्यक्रमको निर्देशनालयले अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(७) यो नियमावली प्रारम्भ हुनुअघि आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गरेका स्थानीय तहले यस नियम बमोजिमको प्रकृया पूरा गरी सहमति लिनु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले वनक्षेत्रको प्राकृतिक स्वरुप, रुख बिरुवा र वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी तथा ऐनको दफा १२ बमोजिम हुने गरी पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१५. **वन व्यवस्थापन तथा वन विकास कार्य सम्बन्धी व्यवस्था:** (१) सरकारी वा सार्वजनिक निकायको वन विकास तथा व्यवस्थापन सम्बन्धी नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, कटान मुछान, काठ, दाउरा उत्पादन, वनपथ निर्माण, अग्नीरेखा निर्माण, पोखरी निर्माण, चेकड्याम निर्माण, सेड हाउस निर्माण, काठेपुल निर्माण, अवलोकन टावर (मचान) निर्माण, सिमसार संरक्षण वा यस्तै प्रकृतिका अन्य कार्य गर्दा कम्तीमा प्रदेश वन सेवाको सहायकस्तर पाँचौं तह वा सो सरहको दर्जाको कर्मचारीले लागत अनुमान तयार गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार भएको लागत अनुमान डिभिजनल वन अधिकृतले स्वीकृत गरी कार्यक्रम सञ्चालन गराउन सक्नेछ ।

(३) स्वीकृत वार्षिक कार्यक्रममा परेका वन व्यवस्थापनका कार्य, सब-डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयको भवन निर्माण तथा मर्मत सम्भार कार्य र यस्तै प्रकृतिका अन्य वन विकास कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा डिभिजनल वन अधिकृतले निर्देशकको सहमति लिई लगत राखी उपयोग गर्न सक्नेछ ।

(४) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्र स्वीकृत कार्ययोजना बमोजिम अग्नीरेखा, वनपथ लगायत वन संरक्षण तथा विकास कार्यका लागि निर्माण वा स्तरोन्नत्ति गरिने भौतिक संरचनामा नदीजन्य पदार्थ प्रयोग गर्नु पर्ने भए डिभिजन वन कार्यालयको स्वीकृति लिई सोही वनक्षेत्रभित्रको नदी खोलाबाट लागत अनुमानमा स्वीकृत भए बमोजिमको परिमाण निःशुल्क प्रयोग गर्न सकिनेछ।

१६. **<u>जोखिमयुक्त रुख हटाउने सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा १७ बमोजिम वनक्षेत्र बाहेकका जग्गाधनी प्रमाणपूर्जा नभएका सरकारी कार्यालय, समिति, संस्थान, अन्य कार्यालय परिसरमा वा वनक्षेत्र बाहेकका बाटोमा छहारी पर्ने चौतारा, पानीको मुहान, धार्मिक स्थल, सार्वजनिक स्थल वा अन्य स्थानमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा उक्त रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा डिभिजनल वन अधिकृत समक्ष निवेदन वा पत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन वा पत्र प्राप्त भएमा देहाय बमोजिमको समितिले जाँचबुझ गरी पेस गरेको प्रतिवेदनमा निर्देशकको सहमति लिई डिभिजनल वन अधिकृतले त्यस्तो रुख हटाउन अनुमति दिन सक्नेछः-

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्लास्थित मालपोत कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्लास्थित नापी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) जिल्लास्थित प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(च) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(छ) सम्बन्धित कार्यालय वा सार्वजनिक निकायको अधिकृत प्रतिनिधि -सदस्य सचिव

(३) उपनियम (२) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजन वन कार्यालयले नियम २६ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

तर समुदायमा आधारित वन व्यवस्थापन पद्दतिको कार्ययोजनाले तोकेको क्षेत्रभित्र पर्ने वन पैदावारको हकमा सम्बन्धित समूहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बिक्री गरिएको काठ, दाउरा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ ।

(५) कुनै प्राकृतिक कारणले रुख ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाईन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा डिभिजनल वन अधिकृतले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी तत्काल अवरोध हटाउनु पर्नेछ र सोको जानकारी निर्देशनालयलाई गराई त्यस्ता रुखको लगत राखी यथाशीघ्र सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी र व्यवस्थापन गर्नु पर्नेछ।

(६) हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा काट्नु पर्ने वा रुख हटाउनु पर्ने अवस्था भएमा उपनियम (२) बमोजिमको प्रकृया पूरा गरी डिभिजनल वन अधिकृतले हाँगा काट्न वा रुख हटाउन अनुमति दिन सक्नेछ।

(७) वनक्षेत्रभित्र पर्ने राष्ट्रिय मार्ग तथा परम्परागत सडकका किनारमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा त्यस्तो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा उपनियम (२) बमोजिमको प्रकृया पूरा गरी डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

१७. **कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्था:** जग्गाधनी प्रमाणपूर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र रहेका रुख हटाउन सम्बन्धित कार्यालय वा निकायले अनुरोध गरेमा नियम १६ को उपनियम (२) बमोजिमको प्रकृया पूरा गरी डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

## परिच्छेद -३
## वन पैदावार सङ्कलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

१८. **वन पैदावार सङ्कलन गर्न सकिने परिमाण:** (१) प्रत्येक बर्ष डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र पर्ने जिल्लाको काठ, दाउराको माग र आपूर्तिको आँकलन गरी उत्पादनको मात्रा निर्धारण गर्नु पर्नेछ ।

(२) वन पैदावार सङ्कलन गर्दा सम्बन्धित वन व्यवस्थापन पद्दति बमोजिम स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनामा तोकिएको बार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी सङ्कलन गर्नु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा वा प्रदेश सरकारको निर्णयबाट तोकिएको क्षेत्रमा भएका रुखहरु हटाउँदा त्यस्ता वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न आवधिक योजना सहितको रणनीतिक योजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(४) उपनियम (३) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति, जिपिएस कोअर्डिनेट र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले उपनियम (४) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी निर्देशकको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई त्यस्ता वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ र त्यसको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी आवधिक योजना सहितको रणनीतिक योजनामा समावेश गरी परिमार्जन गर्नु पर्नेछ।

(७) अन्तरप्रादेशिक वन र वन संरक्षण क्षेत्र वा समुदायमा आधारित वन संरक्षण क्षेत्रमा उपभोक्ता समूहले व्यवस्थापन गरेका वन बाहेकका वनबाट उपनियम (३) बमोजिमको वन पैदावार सङ्कलन गर्नु पर्ने भएमा डिभिजन वन कार्यालयले निर्देशनालयको सिफारिस साथ स्वीकृतिका लागि विभागमा पेस गर्नु पर्नेछ ।

१९. **<u>वन पैदावारको मूल्य दर र मूल्याङ्कन गर्ने तरिकाः</u>** प्रदेशभित्रको राष्ट्रिय वनबाट उत्पादित वन पैदावारको मूल्य निर्धारण गर्दा तोकिएको मूल्यदर तथा रुख र काठको मापन गर्दा, आयतन निकाल्दा र मूल्याङ्कन गर्दा तोकिएको तरिका अपनाउनु पर्नेछ।

२०. **<u>रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेः</u>** (१) स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजना बमोजिम काठ, दाउरा सङ्कलन गर्नुपूर्व डिभिजनल वन अधिकृतले प्रदेश वन सेवाको कम्तीमा सहायकस्तर पाँचौ वा सो सरहको वन कर्मचारी खटाई कटान गर्नुपर्ने रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) रुख तथा काठको मापन गर्दा, आयातन निकाल्दा र मूल्याङ्कन गर्दा तोकिएको तरिका अनुसार गर्नु पर्नेछ ।

(३) डिभिजनल वन अधिकृतले चारकिल्ला खुलाई सुरक्षित स्थानलाई घाटगद्दी क्षेत्र तोक्नु पर्नेछ र यस नियम बमोजिम सङ्कलन गरिएका वन पैदावार सुरक्षित रुपमा घाटगद्दी गर्नु पर्नेछ ।

(४) वनक्षेत्रबाट घाटगद्दीसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयले विभागमा दर्ता गराएको टाँचा लगाई अनुसूची-६ बमोजिमको ढाँचामा चलानी पूर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम सङ्कलन गरिएका काठ, दाउरा सम्बन्धित डिभिजन वन कार्यालयले घाटगद्दी स्थलमा लट छुट्टीने गरी टक्कर मिलाई पाइलिङ्ग गरी राखु पर्नेछ।

२१. **<u>वन पैदावार सङ्कलन गर्ने अवधिः</u>** (१) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रबाट काठ, दाउराको छपान, कटान, सङ्कलन तथा घाटगद्दी प्रत्येक बर्षको असोज एक गतेदेखि वैशाख मसान्तसम्म सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिलाई जुनसुकै समयमा वनक्षेत्रबाट काठ, दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ ।

(३) उपनियम (१) मा उल्लिखित अवधिभित्र रुख कटान गरी काठ, दाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण

भएमा त्यस्तो कार्यको लागि निर्देशकको सहमतिमा डिभिजनल वन अधिकृतले बढीमा एक महिना सम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपनियम (३) मा उल्लिखित अवधिभित्र समेत रुख कटान गरी काठ, दाउरा सङ्कलन तथा घाटगद्दी हुन नसकेमा डिभिजनल वन अधिकृतले सङ्कलनको कार्य रद्द गरी सोको जानकारी निर्देशकलाई गराउनु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चोरी निकासी हुने सम्भावना भएका बेवारिसे काठ, दाउराको सङ्कलन तथा बिक्री वितरण गर्न र ऐनको दफा ५१ तथा संघीय वन ऐनको दफा ४२ बमोजिम उपलब्ध गराइएको प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रको हकमा वनक्षेत्रको पुनरुत्पादन र अन्य रुख बिरुवाको हानी नोक्सानी हुन नदिने पर्याप्त व्यवस्था मिलाई बर्षभरी नै रुख कटान गरी काठ, दाउरा बाहिर निकाल्न डिभिजनल वन अधिकृतले निर्देशकको सहमतिमा अनुमति प्रदान गर्न सक्नेछ ।

(६) वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन पैदावार सङ्कलन कार्य गराउनुपूर्व सङ्कलन कार्यमा संलग्न हुने श्रमिकलाई वन पैदावारको दिगो सङ्कलनका अभ्यासको बारेमा बर्षमा कम्तीमा एक पटक तालिम प्रदान गराउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम एक पटक पनि तालिम प्रदान नगर्ने व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाको इजाजतपत्र सम्बन्धित डिभिजनल वन अधिकृतले रद्द गर्न सक्नेछ।

२२. <u>**जिल्ला वन पैदावार आपूर्ति समिति सम्बन्धी व्यवस्थाः**</u> (१) सर्वसाधारणको हितलाई ध्यानमा राखी सम्बन्धित डिभिजन वन कार्यालयको स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनामा तोकिएको परिमाणसम्मको वन पैदावार (काठ र दाउरा) को बिक्री वितरण तथा आपूर्ति गर्न जिल्लामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहेको एक जिल्ला वन पैदावार आपूर्ति समिति रहनेछः-

(क) डिभिजनल वन अधिकृत - अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयका प्रमुख - सदस्य

(घ) जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) मन्त्रालयले मनोनय गरेको वन पैदावारको क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभब प्राप्त कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(च) डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले डिभिजनल वन अधिकृतबाट इजाजतपत्र लिई देहायको प्रयोजनको लागि अनुसूची-७ को परिमाणमा नबढ्ने गरी काठ, दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछः-

(क) विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पून:निर्माण,

(ख) घरकाजको रुपमा घर निर्माण तथा मर्मत सम्भार,

(ग) किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार,

(घ) शब दाहसंस्कार,

(ङ) धार्मिक तथा साँस्कृतिक कार्य र पुरातात्विक सम्पदाको निर्माण तथा पूनः निर्माण र,

(च) शीतलहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यायो पार्न ।

(३) उपनियम (१) बमोजिम गठित समितिले यस नियमावलीमा उल्लिखित कुराको अतिरिक्त नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(४) एउटै जिल्लामा दुई वटा डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा अवस्थित डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत समितिको अध्यक्ष र अर्को डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृतले सदस्य-सचिवको रुपमा कार्य गर्नेछ।

(५) जिल्ला वन पैदावार आपूर्ति समितिले काठ, दाउरा बिक्री वितरणको लागि सदरमुकामको साथै उपभोक्तालाई पायक पर्ने गरी अन्य ठाउँमा डिपो राख्नु पर्नेछ । यसरी बिक्री वितरण गर्दा सकेसम्म काठ चिरान गरी उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(६) उपनियम (१) बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिले विपद्मा परेको व्यक्तिलाई सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा वन पैदावार बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(७) जिल्ला वन पैदावार आपूर्ति समितिले काठ, दाउराको बिक्री वितरण व्यवस्थित गर्न बार्षिक कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र मन्त्रालयबाट स्वीकृत भएपछि लागू गर्नु पर्नेछ।

(८) जिल्ला वन पैदावार आपूर्ति समितिबाट काठ, दाउरा प्राप्त गर्नेले जुन प्रयोजनको लागि काठ, दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ र त्यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री वितरण गर्न पाइने छैन ।

(९) जिल्ला वन पैदावार आपूर्ति समितिले बिक्री वितरण गरेको काठ, दाउरा सम्बन्धित पक्षले बढीमा पैतालिस दिनभित्र उठाई लैजानु पर्नेछ ।

(१०) जिल्ला वन पैदावार आपूर्ति समितिको लागि जुनसुकै स्रोतबाट प्राप्त भएको कुनै काठ, दाउरा एक बर्षसम्म पनि बिक्री वितरण नभएमा त्यस्तो काठ, दाउरा उपलब्ध गराउने निकायलाई फिर्ता गर्नु पर्नेछ र त्यस्तो काठ, दाउरा सम्बन्धित निकायले यथाशीघ्र व्यवस्थापन गर्नु पर्नेछ।

(११) जिल्ला वन पैदावार आपूर्ति समितिले बिक्री वितरण गरेको काठ, दाउराको विवरण र अन्य भए गरेका कामको बार्षिक

प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय मार्फत निर्देशनालय र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

२३. **<u>जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ, दाउरा उपलब्ध गराउनेः</u>** (१) डिभिजन वन कार्यालयले काठ, दाउराको लागि तोकिएको मूल्यदर र सङ्कलन खर्च लिई स्थानीय मागका आधारमा जिल्ला वन पैदावार आपूर्ति समितिलाई एकमुष्ट वा विभिन्न लटमा काठ, दाउरा उपलब्ध गराउनु पर्नेछ।

(२) काठ, दाउरा प्राप्त हुन नसक्ने जिल्लालाई मन्त्रालयले काठ, दाउरा उपलब्ध हुन सक्ने प्रदेशभित्रको अन्य कुनै डिभिजन वन कार्यालयबाट काठ, दाउरा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ । प्रदेशभित्रका डिभिजन वन कार्यालयबाट काठ, दाउरा उपलब्ध हुन नसक्ने भएमा मन्त्रालयले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयमा काठ, दाउरा आपूर्तिको व्यवस्था मिलाउन अनुरोध गरी लेखी पठाउन सक्नेछ।

(३) ऐनको दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूहले आन्तरिक खपत गरी त्यस्तो समूहबाहिर बिक्री वितरणको लागि छुट्याएका काठ, दाउरामध्ये साल प्रजातिका काठको हकमा कम्तीमा पच्चीस प्रतिशत र साल बाहेकका अन्य प्रजातिका काठ, दाउराको हकमा जिल्ला वन पैदावार आपूर्ति समितिको मागको आधारमा आपूर्ति समितिलाई काठ, दाउरा उपलब्ध गराउनु पर्नेछ। त्यसरी जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ, दाउरा उपलब्ध गराउँदा तोकिएको मूल्यदर बमोजिमको मूल्य र सङ्कलन खर्च लिनु पर्नेछ ।

तर, वनक्षेत्र न्यून भई वनको पहुँच कम भएका र जनघनत्व बढी भएका सुनसरी, मोरङ र झापा जिल्लाले कम्तीमा पचास प्रतिशत काठ, दाउरा जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) जिल्ला वन पैदावार आपूर्ति समितिले आफूलाई प्राप्त भएको दाउरा मन्त्रालयको सहमतिमा प्रदेशभित्र र विभागको सहमतिमा नेपालभर दाहसंस्कार प्रयोजनको लागि उपलब्ध गराउन सक्नेछ ।

२४. **काठ, दाउरा आपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेशभित्रका राष्ट्रियस्तरका पुरातात्विक महत्वका साँस्कृतिक सम्पदा, धार्मिक संरचना, पाटी, सत्तल, प्राचिन स्मारक मर्मत तथा पुनः निर्माण कार्य, बाढी, पहिरो, भूकम्प, आगलागी, शितलहर लगायतका विपद् व्यवस्थापन कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा मन्त्रालयको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले उपलब्ध गराउनु पर्नेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परम्परादेखि चलेको धार्मिक तथा साँस्कृतिक कार्यको लागि काठ, दाउरा माग भएमा प्रदेश सरकारको निर्णय बमोजिमको काठ, दाउरा वन पैदावार आपूर्ति समितिले विना मूल्य वितरण गर्न सक्नेछ ।

तर, काठ, दाउरा सङ्कलन तथा ढुवानीमा लागेको खर्च काठ, दाउरा उपयोग गर्ने निकायले व्यहोर्नु पर्नेछ ।

२५. **वन पैदावार प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) जिल्ला वन पैदावार आपूर्ति समिति गठन नभएका जिल्लामा नियम २२ को उपनियम (२) को प्रयोजनका लागि वन पैदावार लिन चाहने कुनै व्यक्ति वा संस्थाले देहायका विवरण खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन,

(ङ) वन पैदावार प्रयोग गरिने ठाउँ,

(च) वन पैदावार लिन चाहने व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र (निजामती कर्मचारीको हकमा निज कार्यरत निकायले गरेको सिफारिस पत्र) ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी आवधिक योजना सहितको रणनीतिक योजना अनुसार बिक्री वितरण गर्न तोकिएको परिमाण समेतलाई विचार गरी तोकिएको मूल्यमा काठ, दाउरा उपलब्ध गराउन सक्नेछ। यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री गर्न पाइने छैन ।

(३) जिल्ला वन पैदावार आपूर्ति समिति गठन नभएका जिल्लामा उपनियम (१) र (२) मा उल्लिखित प्रयोजन बाहेक अन्य प्रयोजनको लागि काठ, दाउराको स्थानीय आपूर्ति गर्ने व्यवस्था प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

२६. **काठ, दाउरा लिलाम बिक्रीः** (१) डिभिजन वन कार्यालय, अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका निकाय र उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरी घाटगद्दीमा रहेका काठ, दाउरा व्यापारिक तथा व्यवसायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा सिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम काठ, दाउरा लिलाम बिक्रीको लागि तोकिएको मूल्यदर बमोजिम हुन आउने मूल्यलाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको लिलाम बिक्री प्रकृयामा काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई नियम १४८ बमोजिम सूचिकृत भएका उद्योगले मात्र भाग लिन पाउनेछन् ।

तर तराई र चुरेक्षेत्र बाहेकका कुनै पनि स:मिल दर्ता नभएका पहाडी तथा हिमाली जिल्लामा सोही जिल्लामा दर्ता भई सञ्चालनमा रहेका फर्निचर उद्योगले त्यस्तो लिलाम प्रकृयामा भाग लिन पाउने छन् ।

(४) उपनियम (३) बमोजिम प्रतिस्पर्धामा सहभागी बोलपत्रदातामध्ये लिलाम बिक्री सदर गर्ने अधिकारीले सबैभन्दा बढी मूल्य रकम सकार गर्नेको बोलपत्र स्वीकृत गरी सकार रकमका साथै अन्य लिनु पर्ने सबै रकम बुझिलिई डिभिजन वन कार्यालय र सम्बन्धित उपभोक्ता समूहको टाँचा लगाई निवेदकले माग गरेको उद्योगसम्म काठ,

दाउरा ढुवानी गरी लैजान अनुसूची-८ बमोजिमको ढाँचामा छोडपूर्जी दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बोलपत्र स्वीकृत भएको जानकारी पाएको पैतालिस दिनभित्र सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ, दाउरा उठाई लैजानु पर्नेछ।

(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कलनका लागि छपान तथा मूल्याङ्कन गरिसकेपछि घाटगद्दीमा रहेको एक बर्षभित्रमा नै सडीगली जान सक्ने नरम प्रजातिका रुख मन्त्रालयको सहमतिमा यस नियम बमोजिम खडै लिलाम गर्न सकिनेछ ।

२७. **लिलाम बिक्री सदर गर्ने अधिकारीः** (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) पच्चीस लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार डिभिजनल वन अधिकृतलाई,

(ख) पच्चीस लाख रुपैयाँभन्दा बढीदेखि पचास लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार निर्देशकलाई।

(ग) पचास लाख रुपैयाँभन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार मन्त्रालयको सचिवलाई ।

(२) सामुदायिक वन उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार त्यस्तो उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ ।

(३) साझेदारी वन उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार साझेदारी वन व्यवस्थापन समितिलाई हुनेछ ।

२८. **गोलिया काठ खरिदकर्ताले चिरान वा प्रशोधन गरेर मात्र बिक्री गर्नुपर्नेः** (१) यस नियमावली बमोजिम गोलिया काठ खरिद गरी बिक्री वितरण

गर्दा खरिदकर्ता उद्योगले गोलिया काठ चिरान वा एक तह प्रशोधन गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ ।

तर कुनै कारणले खरिदकर्ता उद्योगले खरिद गरेको गोलिया काठ आफ्नो सःमिलमा चिरान गर्न सक्ने अवस्था नभएमा डिभिजन वन कार्यालयको अनुमतिमा प्रचलित कानुन बमोजिम दर्ता भएको अन्य सःमिलमा चिरान गर्न यस उपनियमले बाधा परेको मानिने छैन ।

(२) यस नियमावली बमोजिम गोलिया काठ खरिदकर्ताले प्रचलित कानुन बमोजिम दर्ता भएका सःमिलमा गोलिया काठ चिरान गरेपछि डिभिजन वन कार्यालयमा दर्ता गराएको टाँचा प्रयोग गरी छोडपूर्जी लिई जिल्लाबाहिर ओसारपसार गर्नु पर्नेछ ।

तर, तराई र चुरेक्षेत्र बाहेकका कुनै पनि सःमिल दर्ता नभएका पहाडी तथा हिमाली जिल्लामा सोही जिल्लामा दर्ता भई सञ्चालनमा रहेका फर्निचर उद्योगले काठ चिरान गर्न सक्नेछ ।

(३) कुनै उद्योगले जिल्लाभित्र चिरान काठ बिक्री तथा ओसारपसार गर्दा मूल्य अभिबृद्धि करको बिल बिजकको आधारमा गर्न सक्नेछ र बिल बिजकको प्रतिलिपि सम्बन्धित डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) कुनै उद्योगले यस नियम बमोजिम खरिद गरेको काठ वा दाउरा चिरान गरी निस्किएको सह-उत्पादन तथा सोबाट प्रशोधन गरी उत्पादित वस्तु बिक्री गर्न सक्नेछ र त्यसरी बिक्री गरेको जानकारी सम्बन्धित उद्योगले डिभिजन वन कार्यालयमा गराउनु पर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम दर्ता भएको वन पैदावारमा आधारित उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा तोकिएको उद्देश्य र शर्त विपरित हुने गरी कुनै पनि कार्य गर्न पाउने छैन ।

(६) यस नियम बमोजिम काठ चिरान गरी बिक्री गर्ने उद्योगले चिरान काठको अर्धबार्षिक विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(७) कुनै पनि व्यक्ति, निकाय, उद्योग, संघ, संस्था वा समूहले रुख कटानका लागि स्वचालित आरा (चेन स) खरिद गरेमा त्यस्तो

स्वचालित आरा (चेन स) सूचिकृत गरी प्रयोग गर्ने अनुमतिका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा देहायका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः-

(क) उद्देश्य र प्रयोजन खुलाई डिभिजन वन कार्यालयलाई लेखेको निवेदन,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको दुई प्रति फोटो,

(ग) कुनै निकाय, उद्योग, संघ, संस्था वा समूह भए दर्ता भएको खुल्ने नवीकरण अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) कुनै निकाय, उद्योग, संघ, संस्था वा समूहको हकमा स्वचालित आरा (चेन स) प्रयोग गर्न अनुमति लिने भनी गरेको निर्णयको प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि,

(च) कुनै निकाय, उद्योग, संघ, संस्था वा समूह पछिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(छ) पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र ।

(८) उपनियम (७) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित डिभिजन वन कार्यालयले पेस भएका कागजात जाँचबुझ गरी त्यस्तो व्यक्ति, निकाय, उद्योग, संघ, संस्था वा समूहको उद्देश्य र प्रयोजन हेरी पाँच सय रुपैयाँ दस्तुर लिई स्वचालित आरा (चेन स) प्रयोगको अनुमति दिन सक्नेछ ।

(९) उपनियम (८) बमोजिम स्वचालित आरा (चेन स) दर्ता प्राप्त हुन आएको रकम सम्बन्धित डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

२९. **<u>काठ, दाउराको ओसारपसारः</u>** (१) यस नियमावली बमोजिम उपलब्ध भएको काठ, दाउरा जिल्ला बाहिर ओसारपसार गर्दा टाँचा र लोड गरिएको सवारी साधनमा विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउरा ओसारपसारको अन्तिम गन्तब्य स्थलको सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालय वा चेकपोष्टको कर्मचारीलाई जानकारी गराई अनलोड गर्नु पर्नेछ ।

**<u>स्पष्टीकरणः</u>** यस उपनियमको प्रयोजनको लागि "चेकपोष्ट" भन्नाले वन पैदावार र वन्यजन्तुको अवैध ओसारपसारको निगरानी, नियन्त्रण र नियमनका लागि आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय र निर्देशनालयको सहमतिमा सम्बन्धित डिभिजन वन कार्यालयले स्थापना गरेको अस्थायी इकाई सम्झनु पर्छ ।

(३) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी सिल टुट्न गएको अवस्थामा त्यस्तो साधनमा रहेको काठ, दाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको सब-डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयको सहमतिमा पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउराको विषयमा कुनै कारणले चेकजाँच वा छानविन गर्नुपर्ने भएमा ओसारपसारको अन्तिम गन्तब्य स्थलमा पुगेपछि डिभिजन वन कार्यालयको कम्तीमा प्रदेश वन सेवाको सहायकस्तर पाँचौं तह वा सो सरहको वन कर्मचारीको रोहबरमा चेकजाँच वा छानविन गर्नु पर्नेछ ।

३०. **<u>जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरणः</u>** (१) डिभिजनल वन अधिकृतले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिमका सङ्कटापन्न प्रजाति बाहेक आफ्नो कार्यक्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही सङ्कलन गर्न प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण

र प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक महिनाको म्याद दिई बर्षको एक पटक सूचना जारी गर्नु पर्नेछ ।

तर प्रजाति अनुसारको फरक फरक सूचना जारी गर्न यस उपनियमले बाधा पुगेको मानिने छैन।

(२) कुनै वनक्षेत्रबाट संघीय वन नियमावलीमा उल्लेख भए बमोजिमका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारको सङ्कलन गर्न चाहनेले त्यस्तो जडीबुटी तथा वन पैदावारको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा डिभिजन वन कार्यालयले जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सङ्कलन गर्न प्रतिवन्ध नलागेको र स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजना बमोजिम बार्षिक सङ्कलन गर्न सकिने परिमाणभित्र रहेको देखिएमा तोकिएको मूल्यदर बमोजिम हुन आउने रकम धरौटी र पाँच सय रुपैयाँ इजाजत दस्तुर लिई अनुसूची-९ बमोजिमको ढाँचामा सङ्कलन इजाजत पत्र दिनु पर्नेछ ।

(४) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी सङ्कलनका लागि एकभन्दा बढी निवेदन परेमा डिभिजन वन कार्यालयले सबै निवेदकसँग आफूले तिर्न सक्ने अधिकतम मूल्य सहितको सिलबन्दी प्रस्ताव माग गर्नु पर्नेछ । यसरी प्राप्त सिलबन्दी प्रस्तावमध्ये सबैभन्दा बढी मूल्य कबुल गर्ने निवेदकलाई उपनियम (३) बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ।

(५) जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सङ्कलन गर्न इजाजत प्राप्त गर्ने व्यक्ति वा निकायले डिभिजन वन कार्यालयको प्रत्यक्ष अनुगमनमा स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनामा उल्लिखित तरिका तथा प्रविधि अनुसार दिगो व्यवस्थापनको आधारमा सङ्कलन गर्नु पर्नेछ।

(६) उपनियम (३) वा (४) बमोजिमको सङ्कलन इजाजत अनुसार सङ्कलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजन वन कार्यालयले अनुसूची-१० बमोजिमको छोडपुर्जी दिनु पर्नेछ।

यसरी छोडपुर्जी दिँदा तोकिएको मूल्य दर वा कवोल रकम बमोजिम हुन आउने मूल्य लिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम छोडपूर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वा नेपाल सरकार वा प्रदेश सरकारको लगानी रहेको जडीबुटी प्रशोधन गर्ने वा जडीबुटीजन्य कुनै पदार्थ उत्पादन गर्ने कम्पनी वा संस्थालाई निर्देशनालयको सहमतिमा डिभिजन वन कार्यालयले स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही तोकिएको मूल्यदर बमोजिमको मूल्य लिई त्यस्तो जडीबुटी सङ्कलन गर्न अनुमति दिन वा बिक्री वितरण गर्न सक्नेछ ।

(९) कुनै कसूरमा ऐन बमोजिम जफत भएका कुनै जडीबुटी वा जडीबुटीजन्य वन पैदावार सम्बन्धमा अदालतबाट भएको आदेश बमोजिम प्रदेश सरकारले कुनै शैक्षिक वा वैज्ञानिक अध्ययन अनुसन्धान गर्न वा प्रशोधन गरी औषधिका रुपमा प्रयोग गर्न वा धार्मिक कार्यका लागि नेपाल सरकार वा प्रदेश सरकारको लगानी भएको कम्पनी, संस्था वा सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सक्नेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

३१. **जडीबुटी र अन्य वन पैदावारको लिलाम बिक्रीः** (१) नियम ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले तोकेको प्रजातिका वनस्पतिजन्य वन पैदावार डिभिजन वन कार्यालयले तोकिएको मूल्यदरमा नघटाई बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्नु पर्नेछ।

(२) प्रदेशभित्रको राष्ट्रिय वनभित्र रहेका खनिजजन्य वन पैदावार, वनक्षेत्रभित्रको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय

गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजना सम्बन्धी व्यवस्था संघीय वन ऐन तथा नियमावलीमा भए बमोजिम हुनेछ।

३२. **<u>खयर काठ (जरा र ठूटा समेत) को बिक्री:</u>** (१) यस नियमको प्रयोजनका लागि खयर काठ (गोलिया) को मापन गर्दा पलाँस (स्यापउड) सहित मापन गर्नु पर्नेछ र पलाँस हटाई हर्टउड मात्र बाँकी रहेको अवस्थामा आयतन निकाल्दा हर्टउडको आयतनलाई एक दशमलब चार अङ्कले गुणन गर्नु पर्नेछ ।

(२) खयर (जरा र ठूटा) बिक्री गर्दा तौलको आधारमा र खयर काठ (गोलिया) बिक्री गर्दा आयतन वा तौलको आधारमा तोकिएको मूल्यदरमा नघटाई सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

३३. **<u>वन पैदावारको निकासी र आयात सम्बन्धी व्यवस्था:</u>** नेपालबाट वन पैदावार विदेश निकासी  र आयात सम्बन्धी व्यवस्था संघीय वन ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

३४. **<u>टाँचा तथा सिलको दर्ता र प्रयोग:</u>** (१) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल विभागमा दर्ता हुनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुअघि आफ्नो कार्यालयमा रहेको टाँचा र सिलको विवरण डिभिजन वन कार्यालयले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र विभागमा अद्यावधिक गराउनु पर्नेछ ।

(३) डिभिजन वन कार्यालयले उपनियम (१) र उपनियम (२) बमोजिम विभागमा दर्ता र अद्यावधिक गराएको टाँचा र सिलको विवरणको जानकारी निर्देशनालयलाई दिनु पर्नेछ।

(४) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग कम्तीमा प्रदेश वन सेवाको सहायकस्तर पाँचौं वा सो सरहको वन कर्मचारीले गर्नेछ ।

(५) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग र सुरक्षाको जिम्मेवारी डिभिजनल वन अधिकृतको हुनेछ ।

३५. **<u>मिनाहाको लागि पेस गर्ने:</u>** सङ्कलन भई घाटगद्दीमा रहेका काठ, दाउरा आगलागी वा बाढी पहिरो वा कुनै प्राकृतिक विपद्‌को कारणले हानी

नोक्सानी हुन गएमा डिभिजनल वन अधिकृतले उक्त घटना विवरणको फिल्ड प्रतिवेदन सहित देहायका कागजात संलग्न गरी निर्देशनालय मार्फत मिनाहाका लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछः-

(क) घटनाको प्रहरी प्रतिवेदन,

(ख) जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

३६. **वन पैदावारको उत्पादन विविधीकरण सम्बन्धी व्यवस्थाः** नरम प्रजातिका काठ, दाउरालाई सिजनिङ, उपचार, पार्केटिङ गरी बलियोपना बढाउने, मूल्य अभिबृद्धि गर्ने वा यस्तै प्रकारले वन पैदावारको उत्पादन विविधीकरण गर्ने उद्देश्यले स्थापित प्रदेशभित्रका उद्योगलाई प्रदेश सरकारले आवश्यक सहुलियतको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद -४

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

३७. **कार्ययोजनामा समावेश गर्नुपर्ने विषयः** (१) डिभिजनल वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनको सिमाङ्कन समेत गरी नेपाल सरकार र प्रदेश सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधीनमा रही अनुसूची-११ बमोजिमका विषय समावेश भएको कार्ययोजना तयार गरी निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशनालयमा प्राप्त कार्ययोजनाको अध्ययन तथा प्राविधिक परीक्षण गरी स्वीकृतिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) निर्देशक -संयोजक

(ख) मन्त्रालयको वन व्यवस्थापन हेर्ने महाशाखाको प्रमुख -सदस्य

(ग) सम्बन्धित जिल्लाको डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) निर्देशनालयको वन व्यवस्थापन हेर्ने शाखा प्रमुख -सदस्य

(३) उपनियम (२) बमोजिमको प्राविधिक समितिले प्राविधिक परीक्षण र आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी राय साथ

कार्ययोजना स्वीकृतिका निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले त्यस्तो कार्ययोजना अध्ययन गरी परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन समेत गरी स्वीकृत गर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनुअघि स्वीकृत भई कार्यान्वयनमा रहेका चक्ला वन व्यवस्थापन कार्ययोजना यो नियम बमोजिम स्वीकृत भएको मानिनेछ ।

(५) सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको कार्यान्वयन डिभिजन वन कार्यालयले र त्यस्तो कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा निर्देशनालयले अनुगमन गर्नेछ।

३८. **कार्ययोजना संशोधनः** (१) नेपाल सरकारबाट स्वीकृत भई जारी भएको एकीकृत वा प्रदेशगत रणनीतिक योजना वा प्रदेशले वनाएको रणनीतिक योजना स्वीकृत भएमा त्यस्तो रणनीतिक योजनाको आधारमा डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रको प्रदेशभित्रको सरकारद्वारा व्यवस्थित वनको लागि आवश्यकता अनुसार नयाँ कार्ययोजना तर्जुमा वा विद्यमान कार्ययोजनामा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको कार्ययोजनामा कुनै संशोधन तथा परिमार्जन गर्नु पर्ने देखेमा आफ्नो राय सहित त्यस्तो कार्ययोजना संशोधन वा परिमार्जनका लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ ।

(३) उपनियम (१) नयाँ कार्ययोजना तर्जुमाका लागि वा (२) बमोजिम विद्यमान कार्ययोजनामा संशोधन तथा परिमार्जनका लागि प्राप्त भएमा नियम ३७ को उपनियम (२) बमोजिमको प्राविधिक समितिबाट जाँचबुझ गरी उक्त समितिको सिफारिससाथ निर्देशनालयले त्यस्तो कार्ययोजना स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त कार्ययोजना मन्त्रायलयले आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्नेछ।

## परिच्छेद-५

## वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

३९. **वन संरक्षण क्षेत्रको कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) डिभिजन वन कार्यालयले ऐनको दफा १८ बमोजिम गरिने वन संरक्षण क्षेत्रको

व्यवस्थापनका लागि अनुसूची-१२ बमोजिमका विषय समेत समावेश गरी वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयले तयार गर्ने वन संरक्षण क्षेत्रको कार्ययोजनामा समावेश गर्ने विषयमा निर्देशकले मन्त्रालयसँग समन्वय गरी संशोधन तथा परिमार्जन गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृत भएको कार्यायोजनाको कार्यान्वयन सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ ।

(४) वन संरक्षण क्षेत्रको कार्ययोजनाको अवधि सामान्यतया दश बर्षको हुनेछ र आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सकिनेछ।

(५) यस नियम बमोजिम स्थापना हुने वन संरक्षण क्षेत्र दुई वा दुईभन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने भएमा निर्देशनालयले समन्वय गर्नेछ ।

(६) यस नियम वमोजिम स्थापना भएको वन संरक्षण क्षेत्रको अनुगमन निर्देशनालय र मन्त्रालयले गर्नेछ।

(७) वन संरक्षण क्षेत्रको वन उपभोक्ता समूहले व्यवस्थापन गरेको बाहेकको वनक्षेत्रबाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा वन संरक्षण क्षेत्रभित्रका उपभोक्ताले आफ्नो घरकाजका लागि प्रयोग गर्न चाहेमा अनुसूची-७ मा उल्लिखित परिमाणमा नबढ्ने गरी जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दररेटमा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-६

## साझेदारी वन सम्बन्धी व्यवस्था

४०. **साझेदारी वन व्यवस्थापन क्षेत्रको निर्धारण:** (१) डिभिजनल वन अधिकृतले सम्बन्धित स्थानीय तहको परामर्श तथा साझेदारी वन उपभोक्ता समूहको सहभागितामा देहायका विषयलाई आधार मानी साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण गर्नु पर्नेछः-

(क) ऐनको दफा १० (४) बमोजिमको रणनीतिक योजनाले साझेदारी वनको रुपमा व्यवस्थापन हुन सक्ने भनी पहिचान गरेका क्षेत्र,

(ख) ऐनको दफा २० बमोजिमका उद्देश्यका लागि उपयुक्त हुन सक्ने वनक्षेत्र ।

(२) उपनियम (१) बमोजिमको साझेदारी वनको क्षेत्र निर्धारण भए पश्चात वनमा पहुँच नभएका, वनक्षेत्रवाट टाढा रहेका परम्परागत उपभोक्ता र वन व्यवस्थापन गर्न चाहने सम्बन्धित स्थानीय तहका निश्चित वडाका भौगोलिक सिमानालाई आधार मानी साझेदारी वनक्षेत्र निर्धारण गर्नु पर्नेछ ।

४१. **<u>साझेदारी वन उपभोक्ता समूहको गठनः</u>** (१) नियम ८ बमोजिमको रणनीतिक योजनाले तोकेको वनक्षेत्रलाई साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपनियम (१) को प्रयोजनका लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भाग साझेदारी वनको रुपमा विकास र संरक्षण गर्न चाहने वनक्षेत्रको नजिकै वा वनबाट टाढा रहेका परम्परागत उपभोक्ताले ऐनको दफा २२ र दफा ३८ बमोजिम साझेदारी वन उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सब-डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदनका आधारमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले उपभोक्ताले माग गरेको वनक्षेत्र साझेदारी वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखेमा सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई साझेदारी वन उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्तालाई सहयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम उपभोक्ता पहिचान गरी साझेदारी वन उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सिमानाले कुनै असर पार्ने छैन।

(६) साझेदारी वन उपभोक्ता समूहको विधानमा अनुसूची-१३ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम तयार भएको साझेदारी वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम साझेदारी वन उपभोक्ता समूह दर्ताको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले एक हजार रुपैयाँ दस्तुर बुझाउन लगाई साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-१५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(९) यस नियम बमोजिम स्वीकृत भएको कार्ययोजनाको अवधि समाप्त भएमा उपभोक्ता समूहले अवधि समाप्त भएको तीन महिनाभित्रमा पाँच सय रुपैयाँ दस्तुर बुझाई नवीकरण गराउनु पर्नेछ ।

(१०) यस नियम बमोजिम उपभोक्ता समूहलाई उपलब्ध गराएको प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ दस्तुर लाग्नेछ।

(११) साझेदारी वन उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ र त्यस्तो उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्य रहनेछन:-

(क) नियम ४० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाबाट उपभोक्ताको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित स्थानीय तहको निर्वाचित वडा समितिको बहुमतको निर्णयले छनौट भएका दुईजना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी जनजाती र मधेशीबाट एक-एक जना सहित जम्मा सात जना ।

(ख) नियम ४० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने

प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट एक जनाका दरले छनौट भएका प्रतिनिधि।

(ग) नियम ४० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाका वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य ।

(१२) उपनियम (११) को खण्ड (क) बमोजिमका सदस्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति हुनु हुँदैन ।

(१३) उपनियम (११) को खण्ड (क) बमोजिमका सदस्यमध्येबाट छनौट भएको व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष हुनेछ ।

(१४) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष तथा सदस्यको पदावधि पाँच बर्षको हुनेछ र अध्यक्ष पदमा मनोनित भएको कुनै व्यक्ति सोही पदमा बढीमा दुई कार्यकाल मात्र छनौट हुन पाउनेछ ।

(१५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुनुअघि अध्यक्ष तथा सदस्यको पदमा कार्यरत कुनै व्यक्तिको पदावधि मनोनित भएको मितिले पाँच बर्षको हुनेछ ।

(१६) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुनुअघि अध्यक्षको पदमा जतिसुकै पटक कार्यकाल व्यतित गरेको भए तापनि उक्त कार्यकाललाई एक कार्यकाल मानी गणना हुनेछ ।

४२. **<u>साझेदारी वनको कार्ययोजना र कार्यान्वयनः</u>** (१) ऐनको दफा २० बमोजिमको उद्देश्य हासिल गर्नका लागि डिभिजन वन कार्यालयले स्थानीय तहसँगको परामर्श र साझेदारी वन उपभोक्ता समूहको सहभागितामा अनुसूची-१६ मा उल्लिखित विषयवस्तु समावेश हुने गरी साझेदारी वनको कार्ययोजना तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजनाको अवधि सामान्यतया दश वर्षको हुनेछ ।

(३) उपनियम (१) बमोजिम तयार भएको कार्ययोजना साझेदारी वन उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी साझेदारी वन व्यवस्थापन समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित स्वीकृतिको लागि निर्देशक समक्ष पेस गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त कार्ययोजना निर्देशकले प्राविधिक परीक्षणको लागि नियम ३७ को उपनियम (२) बमोजिमको प्राविधिक समितिमा पेस गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कार्ययोजना प्राप्त भएकोमा प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी कार्ययोजनाको प्राविधिक परीक्षण गरी सिफारिस साथ स्वीकृतिको लागि निर्देशक समक्ष पेस गर्नु पर्नेछ र निर्देशकले मन्त्रालयको सहमति लिई कार्ययोजना स्वीकृत गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम स्वीकृत भएको कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशकले संशोधन गर्न सक्नेछ।

तर निर्देशकले आवश्यक ठानेमा संशोधन गर्नुअघि प्राविधिक परीक्षणको लागि नियम ३७ को उपनियम (२) अनुसारको प्राविधिक समितिमा पठाउन सक्नेछ ।

(७) स्वीकृत कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पूरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि त्यस्तो कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

(८) साझेदारी वनको स्वीकृत कार्ययोजनाको कार्यान्वयन नियम ४३ बमोजिमको साझेदारी वन व्यवस्थापन समितिले गर्नेछ ।

(९) साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्दा साझेदारी वन व्यवस्थापन समितिले स्वीकृत कार्ययोजनाको अधीनमा रही बार्षिक कार्यक्रम तयार गरी जिल्ला वनक्षेत्र समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ ।

(१०) साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले आवश्यक पर्ने कर्मचारी खटाउनु पर्नेछ।

(११) साझेदारी वनको कार्ययोजनाको तयारी तथा कार्यान्वयनका लागि साझेदारी वन व्यवस्थापन समितिले वन प्राविधिक, विभिन्न निकाय र संघ संस्थाबाट सहयोग लिन तथा सेवा खरिद गर्न सक्नेछ।

४३. **साझेदारी वन व्यवस्थापन समितिको गठनः** (१) साझेदारी वनको व्यवस्थापनका लागि ऐनको दफा २० बमोजिमका साझेदारको तर्फबाट निर्णय गर्नको लागि देहाय बमोजिमको एउटा साझेदारी वन व्यवस्थापन समिति रहनेछः-

(क) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष -अध्यक्ष

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट छनौट भएका प्रतिनिधि सदस्यमध्येबाट छनौट भएको एकजना -उपाध्यक्ष

(ग) साझेदारी वन उपभोक्ता समूहका सदस्यमध्येबाट साधारण सभाले छनौट गरेका कम्तीमा तीन जना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी, जनजाती र मधेशीबाट एक-एक जना सहित बढीमा तेह्रजना -सदस्य

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक वडाबाट छनौट भएका निर्वाचित प्रतिनिधिमध्येबाट छनौट भएका एकजना -सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत एकजना -सदस्य-सचिव

(२) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारी र सदस्यको पदावधि बढीमा पाँच बर्षको हुनेछ र पदावधि समाप्त हुनु अगावै नयाँ पदाधिकारी र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जिम्मेवारी हस्तान्तरण नभएमा नयाँ पदाधिकारी र सदस्य चयन नहुँदासम्म डिभिजनल वन अधिकृतले साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्नेछ र तीन महिनाभित्र साझेदारी वन व्यवस्थापन समिति गठन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ ।

४४. **<u>साझेदारी वन कार्यान्वयन इकाईको गठनः</u>** साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यान्वयन इकाई रहनेछः-

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) नियम ४३ को उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यले आफूमध्येबाट छनौट गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ग) नियम ४३ को उपनियम (१) को खण्ड (घ) बमोजिमका सदस्यले आफूमध्येबाट छनौट गरेको एक जना -सदस्य

(घ) सम्बन्धित सब-डिभिजन वन कार्यालयको प्रमुख -सदस्य सचिव

४५. **<u>उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) साझेदारी वन उपभोक्ता समूहको कोषको खाता त्यस्तो उपभोक्ता समूहको अध्यक्ष र नियम ४३ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको सदस्यमध्येबाट त्यस्तो समितिले छनौट गरेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) साझेदारी वन उपभोक्ता समूहले कोषको रकम त्यस्तो समूहले स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र खर्च गर्नु पर्नेछ । त्यस्तो कोषको रकम खर्च गर्दा डिभिजन वन कार्यालयबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नु पर्नेछ ।

(३) नियम ४३ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समिति र नियम ४४ बमोजिमको कार्यान्वयन इकाईको कार्य सञ्चालन गर्दा लाग्ने खर्च साझेदारी वन उपभोक्ता समूहको कोषबाट व्यहोरिने छ ।

(४) साझेदारी वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख प्रचलित कानुन बमोजिम सार्वजनिक निकायको प्रयोजनको लागि स्वीकृत ढाँचामा दुरुस्त राख्नु पर्नेछ ।

(५) साझेदारी वन उपभोक्ता समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(६) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले साझेदारी वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम जाँचबुझ गर्दा डिभिजनल वन अधिकृतले आवश्यक ठानेमा निश्चित रकमभन्दा बढीको कारोबार निजको सिफारिस बमोजिम गर्नुपर्ने गरी नियमन गर्न सक्नेछ ।

४६. **साझेदारी वनको लगत राख्ने:** (१) साझेदारी वनको कार्ययोजना स्वीकृत भए पश्चात निर्देशनालयले लगत राखी सोको विवरण र त्यस्तो कार्ययोजनाको एक-एक प्रति मन्त्रालय र विभागमा पठाउनु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

४७. **वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने:** (१) साझेदारी वन उपभोक्ता समूहले अनुसूची-१७ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले बर्षभरी गरेका कृयाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गर्दा साझेदारी वन उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ ।

४८. **साझेदारी वनमा आधारित वन उद्यमः** (१) साझेदारी वनमा वन उद्यम सञ्चालन गर्न चाहने साझेदारी वन उपभोक्ता समूहले आफनो कार्ययोजनामा वन उद्यम सञ्चालनका लागि प्राप्त हुन सक्ने वन पैदावारको आँकलन गरी वन उद्यम सञ्चालन सम्बन्धी व्यवस्था समावेश गर्न सक्नेछ।

(२) साझेदारी वनमा आधारित वन उद्यम सञ्चालन गर्दा अन्य संघ संस्था वा निजी क्षेत्रसँग साझेदारी गर्न सकिनेछ ।

(३) उपभोक्ता समूहले वन उद्यम स्थापना र सञ्चालनका लागि सम्बन्धित डिभिजन वन कार्यालयको सहयोग लिन सक्नेछ। वन उद्यम दर्ता र सञ्चालनका लागि कुनै निकायको सहमति लिनुपर्ने भएमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस आवश्यक पर्नेछ ।

(५) वन उद्यम दर्ताका लागि पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

(६) उपभोक्ता समूहले सञ्चालन गरेको वन उद्यमबाट उत्पादित तथा प्रशोधित काठमध्ये लागत मूल्यमा नघट्ने गरी उपभोक्ता समूहमा आन्तरिक बिक्री वितरण गरी बाँकी रहेको उत्पादित काठ प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाको आधारमा समूहबाहिर बिक्री वितरण गर्न सकिनेछ ।

(७) वन उद्यमका लागि वन पैदावार उपलब्ध गराउँदा स्वीकृत कार्ययोजनामा निर्धारित परिमाणभन्दा बढी वन पैदावार सङ्कलन तथा उपलब्ध गराउन पाइने छैन ।

४९. **साझेदारी वनको केही भाग गरिबीको रेखामुनिका उपभोक्तालाई उपलब्ध गराउन सक्नेः** (१) साझेदारी वन उपभोक्ता समूहले सामुदायिक वनको उपयोग गरी आयआर्जनको लागि साझेदारी वनको कुनै भाग त्यस्तो उपभोक्ता समूहभित्रका गरिबीको रेखामुनि रहेका उपभोक्ताको छुट्टै समूह बनाई प्रयोग गर्न दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम साझेदारी वनको जग्गा प्रयोग गर्न दिने विषय सम्बन्धित साझेदारी वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको गरिबीको रेखामुनि रहेका उपभोक्ता पहिचान गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायले

प्रदान गरेको गरिब परिवार सम्बन्धी परिचय पत्रलाई आधार मान्नु पर्नेछ। त्यस्तो परिचय पत्र नभएको अवस्थामा उपभोक्ताको स्वामित्वमा रहेको जमिन र त्यस्तो जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, रोजगारी र आयआर्जनको अवस्था, पशुपंक्षी संख्या, आर्थिक तथा सामाजिक अवसरमा पहुँच जस्ता कुराको आधारमा उपभोक्ताको सम्पन्नताको स्तरीकरण गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम गरिवीको रेखामुनिका उपभोक्तालाई आयआर्जनका लागि सामुदायिक वनको कुनै भाग उपलब्ध गराउँदा त्यस्ता उपभोक्तामध्ये अतिविपन्न, भूमिहीन, एकल महिला, सीमान्तकृत र भूमिहिन दलित परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीलाई उपनियम (१) बमोजिमको वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा एकल रुपमा वा सामुहिक रुपमा आयआर्जनका लागि साझेदारी वन उपभोक्ता समूहले उपयुक्त ठानेको त्यस्तो साझेदारी वनक्षेत्रको कुनै भाग दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा साझेदारी वन उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका घरधुरीको समूहवीच सम्झौता गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सम्झौता गर्दा त्यस्तो वनक्षेत्रमा त्यस्ता घरधुरीले सञ्चालन गरेको आयआर्जनका क्रियाकलापबाट प्राप्त आय सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिने व्यवस्था गर्नु पर्नेछ।

(८) उपनियम (१) बमोजिम गरिबीको रेखामुनि रहेका उपभोक्तालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिनु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको अवधि समाप्त भएपछि गरिबीको रेखामुनि रहेका उपभोक्तालाई पुनः वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा उपनियम (३) बमोजिम गरिबीको अवस्था हेरी गरिबीको रेखामुनि नै रहेका उपभोक्तालाई प्रयोग गर्न दिनु पर्नेछ।

५०. **<u>साझेदारी वनमा आधारित पर्यापर्यटनः</u>** (१) साझेदारी वन उपभोक्ता समूहले एकल रुपमा वा अन्य समूह, संघ, संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा अनुसूची-१८ बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न स्वीकृत कार्ययोजनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था भएको हुनु पर्नेछ ।

(३) साझेदारी वनमा आधारित भई वन्यजन्तु पालन गर्न सक्ने सम्भावना भएका उपभोक्ता समूहले आफ्नो वन व्यवस्थापन कार्ययोजनामा वन्यजन्तु पालन सम्बन्धी व्यवस्था गर्न सक्नेछ र वन्यजन्तु पालन सम्बन्धी अन्य व्यवस्था नियम ६७ बमोजिम हुनेछ ।

(४) साझेदारी वनमा वन्यजन्तु पालन बाहेकका अन्य पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा साझेदारी वनको विद्यमान हैसियतमा प्रतिकूल प्रभाव नपर्ने गरी हैसियत बिग्रेको वनक्षेत्रको बढीमा पाँच हेक्टर वनक्षेत्र प्रयोग गर्न सकिनेछ ।

(५) साझेदारी वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समूहले विभिन्न निकाय, स्थानीय तह र संघ संस्थाबाट सहयोग लिन सक्नेछ ।

५१. **<u>साझेदारी वनको वन पैदावार सङ्कलनः</u>** (१) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा बार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङक्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था भएमा त्यस्तो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको बार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति

र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) मा उल्लेख भए बमोजिमको क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत मन्त्रालयको स्वीकृति लिई सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको बार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफैं ढलेका रुखको लगत मूल्याङ्कन बार्षिक स्वीकार्य कटान परिमाणभन्दा बढी भएमा आगामी बर्षहरुको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(७) साझेदारी वनबाट काठ, दाउरा सङ्कलन गर्दा नियम २० बमोजिम छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

५२. **साझेदारी वनको वन पैदावारको उपयोग तथा बिक्री वितरणः** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरामध्ये सत्तरी प्रतिशत काठ, दाउरा त्यस्तो साझेदारी वनको उपभोक्ता समूहलाई उपलब्ध गराई बाँकी तीस प्रतिशत काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम २६ बमोजिम लिलाम बिक्री वा जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत बिक्री वितरण गर्नु पर्नेछ ।

(२) काठ, दाउरा बाहेकका बल्लाबल्ली, जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार साझेदारी वन उपभोक्ता समूहको हुनेछ। यस्ता वन पैदावारको सङ्कलन तथा उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ ।

तर स्वीकृत कार्ययोजनामा भएको व्यवस्था नियम २१ मा भएको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म सोही नियम बमोजिम हुनेछ ।

(३) स्वीकृत कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपनियम (१) बमोजिम साझेदारी वन उपभोक्ता समूहको हिस्सामा परेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई तोकिएको मूल्यदरमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बिक्री वितरण गर्दा समूहभित्र खपत नभई बाँकी रहेको काठ, दाउरामात्र साझेदारी वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमति लिई तोकिएको मूल्यदरमा नघटाई नियम २६ बमोजिम पूर्ण प्रतिस्पर्धाको आधारमा त्यस्तो उपभोक्ता समूहबाहिर लिलाम बिक्री गर्न सक्नेछ ।

(५) साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार त्यस्तो उपभोक्ता समूहले समूहभित्र बिक्री वितरण गर्दा लगत राखी अनुसूची-१९ बमोजिमको ढाँचामा तीन प्रति रसिद काटी वन पैदावार उपलब्ध गराउनु पर्नेछ ।

(६) साझेदारी वन उपभोक्ता समूहले त्यस्तो उपभोक्ता समूहबाहिर बिक्री गरेको वन पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिए पश्चात पाँच सय रुपैयाँ लिई अनुसूची-२० बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ ।

(७) साझेदारी वन उपभोक्ता समूहले समूहबाहिर वन पैदावार बिक्री वितरण गर्दा अनुसूची-१९ बमोजिमको ढाँचाको रसिद काटी चलानी पूर्जी दिनु पर्नेछ ।

(८) साझेदारी वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित राख्नु पर्नेछ ।

(९) साझेदारी वन उपभोक्ता समूहले बिक्री वितरण भएको वन पैदावारको लगत तथा आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

(१०) साझेदारी वन उपभोक्ता समूहले वनक्षेत्रबाहिर प्रचलित कानुन बमोजिम वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्नेछ।

५३. **टाँचा तथा सिलको दर्ता र प्रयोगः** (१) साझेदारी वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने

रुख र काठमा प्रयोग गर्नका लागि अनुसूची-२१ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमूना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा साझेदारी वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ । डिभिजन वन कार्यालयले दर्ता गरेको टाँचाको अद्यावधिक विवरण तयार गरी निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(३) साझेदारी वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहको टाँचा कुनै कारणवस हराएमा वा नासिएमा त्यस्तो उपभोक्ता समूहले डिभिजन वन कार्यालयलाई तत्काल जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम साझेदारी वन उपभोक्ता समूहको टाँचा हराएमा वा नासिएमा समूहले पूरानो टाँचा रद्द गराई पाँच सय रुपैयाँ दस्तुर बुझाई डिभिजन वन कार्यालयमा नयाँ टाँचा दर्ता गराउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दर्ता भएको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले विभाग, निर्देशनालय र प्रदेशका सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(७) साझेदारी वनबाट उत्पादित साझेदारी वन उपभोक्ता समूहबाहिर बिक्री वितरण हुने काठ, दाउराको ओसारपसार गर्दा साझेदारी वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा प्रयोग गर्नु पर्नेछ ।

**५४.** **<u>साझेदारी वनमा गर्न नहुने कामः</u>** (१) साझेदारी वनभित्र ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भएको वनक्षेत्र डिभिजन वन कार्यालयको समन्वयमा तत्काल हटाउनु पर्नेछ ।

(३) कुनै साझेदारी वन उपभोक्ता समूह वा नियम ४३ बमोजिमको साझेदारी वन व्यवस्थापन समितिले स्वीकृत गरेको कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा, त्यस्तो कार्ययोजना विपरितको कार्य गरेमा, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा ऐन र यस नियमावली बमोजिम तोकेका शर्त पालना नगरेमा निर्देशकले जाँचबुझ गरी त्यस्तो समूह वा समिति विघटन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम साझेदारी वन उपभोक्ता समूह वा साझेदारी वन व्यवस्थापन समिति विघटन गर्नुअघि त्यस्तो समूह वा समितिलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम साझेदारी वन उपभोक्ता समूह विघटन भएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष परिवर्तन गर्न लगाई साझेदारी वन व्यवस्थापन समिति गठन गर्ने वा अर्को उपभोक्ता समूह गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साझेदारी वनमा स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावार सङ्कलन गरी घाटगद्दी प्रयोजनको लागि आवश्यक पर्ने जग्गामा घाटगद्दी निर्माण गरी सोको संरक्षणका लागि घेरावारा गर्न, समूहको दैनिक कार्यसञ्चालनको लागि तोकिएको स्थानमा धातुको छड, सिमेन्ट र कन्क्रिट प्रयोग नगरी कार्यालय भवन निर्माण गर्न, वन संरक्षणका लागि टहरा वा छाप्रो वा मचान वनाउन र पर्यापर्यटन स्थलका लागि अस्थायी प्रकृतिका छाप्रो वा टावर बनाउन सकिनेछ।

## परिच्छेद-७

## सामुदायिक वन सम्बन्धी व्यवस्था

**५५.** **सामुदायिक वन उपभोक्ता समूहको गठन र दर्ता:** (१) सामुहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने उपभोक्ताले ऐनको दफा ३८ बमोजिमको उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न सहयोग गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम कुनै वनक्षेत्रको उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सिमानाले असर पार्ने छैन ।

(५) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-२२ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान त्यस्तो समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सामुदायिक वन उपभोक्ता समूह दर्ताका लागि निवेदन परेमा डिभिजन वन कार्यालयले प्रमाणपत्र बापत एक सय रुपैयाँ दस्तुर लिई त्यस्तो सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(८) सामुदायिक वन उपभोक्ता समूहको कार्यसञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पदसहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

(९) कार्यसमितिको पदावधि बढीमा पाँच बर्षको हुनेछ र कार्यसमितिको अध्यक्ष पदमा बसेको कुनै व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यसमितिमा रहन पाउने छैन ।

(१०) संघीय वन नियमावली जारी हुनुअघि कार्यसमितिको अध्यक्ष पदमा जतिसुकै पटक निर्वाचित वा छनौट भएको भए तापनि उक्त कार्यकाललाई एक कार्यकाल मानी गणना हुनेछ ।

(११) यो नियमावली लागू हुनुअघि निर्वाचित वा छनौट भएका वर्तमान कार्यसमितिका पदाधिकारीको कार्यकाल निर्वाचित वा छनौट भएको मितिले पाँच बर्षको हुनेछ ।

(१२) कुनै उपभोक्ता समूह एक आपसमा गाभिन चाहेमा साधारण सभाको निर्णय सहित डिभिजन वन कार्यालयमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम गाभिन चाहने उपभोक्ता समूहको निवेदन पर्न आएमा डिभिजनल वन अधिकृतले एउटै समूह कायम गर्न सक्नेछ । त्यसरी उपभोक्ता समूह गाभिएमा त्यस्तो समूहको विधान तथा कार्ययोजनामा आवश्यक परिमार्जन गर्नु पर्नेछ ।

**५६.** **उपभोक्ता समूहको कोषको सञ्चालनः** (१) सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजना अनुसार मात्र खर्च गर्नु पर्नेछ र त्यस्तो कोषको रकमबाट चन्दा दिन पाइने छैन ।

(३) सामुदायिक वन उपभोक्ता समूहले ऐन तथा यस नियमावली बमोजिम गरिने कार्यक्रम र आम्दानी खर्चको सम्वन्धमा कम्तीमा बर्षको एक पटक सार्वजनिक सुनुवाई गरी साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख दुरुस्त राखु पर्नेछ र आम्दानी तथा खर्चको प्रचलित कानुन बमोजिम बार्षिक लेखापरीक्षण गर्नु पर्नेछ ।

(५) डिभिजनल वन अधिकृत वा निजले खटाएको लेखा हेर्ने कर्मचारी र वन प्राविधिक कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्नेछ।

५७. **<u>बार्षिक प्रतिवेदन पेस गर्नु पर्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-१७ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले बर्षभरी गरेका क्रियाकलापको बार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बार्षिक प्रतिवेदन पेस गर्दा त्यस्तो समूहको लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

५८. **<u>स्थानीय तहमा अभिलेख पेस गर्नु पर्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको प्रतिलिपिको एक-एक प्रति सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र देहाय बमोजिमका कागजात र विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछः-

(क) ऐनको दफा २८ को उपदफा (१) बमोजिम सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण,

(ख) सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन,

(ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावारको बार्षिक विवरण।

(३) स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त विवरणका आधारमा आफ्नो कार्यक्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानुन बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ ।

५९. **कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः** (१) नियम ५५ को उपनियम (७) बमोजिम दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा २४ को उपदफा (१) बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तयारीका लागि प्राविधिक सहयोग तथा वन हस्तान्तरणका लागि अनुसूची-२४ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ वस्तीबाट सामुदायिक वनक्षेत्रको दुरीका साथै सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम सामुदायिक वनको सिमाना निर्धारण गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सिमानाले असर पार्ने छैन ।

(५) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तयार गर्दा स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले ऐन र यस नियमावली बमोजिमका कार्य गर्नका लागि सम्बन्धित निकाय, संघ संस्था, वन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ ।

(७) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा दिगो वन व्यवस्थापनको मापदण्ड र उद्देश्य, वनको हैसियत, त्यस्तो उपभोक्ता समूहको आवश्यकता र व्यवस्थापकीय क्षमता समेतलाई ध्यान दिई साधारण सभाको सहमति र निर्णयबाट छनौट भएका दिगो वन व्यवस्थापनका क्रियाकलाप आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(८) सामुदायिक वनको कार्ययोजना तयारी गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट निर्णय भई पारित भएको हुनु पर्नेछ ।

(९) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२५ मा उल्लिखित विषय समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गरी स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ । यसरी कार्ययोजना पेस गर्दा उच्च पहाडी भेगमा परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भई आएको क्षेत्र सामुदायिक वनभित्र पर्ने भएमा त्यस्तो खर्क वा चरनको उपयोगमा बाधा नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम स्वीकृतिको लागि पेस हुन आएको सामुदायिक वनको कार्ययोजनामा डिभिजनल वन अधिकृतले अध्ययन गर्दा कुनै कुरा सुधार गर्नु पर्ने देखेमा सामुदायिक वन उपभोक्ता समूहसँगको परामर्श र सहमतिमा सुधार गरी ऐन र यस नियमावलीमा उल्लिखित व्यवस्था र नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका शर्तको समेत पालना गर्ने गरी स्वीकृत गरी एक सय रुपैयाँ दस्तुर लिई अनुसूची-२६ बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ ।

(११) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सिमाना जोडिएको अर्को जिल्लाको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नुपर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह अवस्थित रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सामुदायिक वन उपभोक्ता समूहले गर्नेछ ।

(१३) सामुदायिक वनको कार्ययोजनाको अवधि सामान्यतया दश बर्षको हुनेछ।

(१४) उपभोक्ता समूहले ऐनको दफा २५ बमोजिम हुने गरी वा ऐनको दफा ५१ को प्रयोजनका लागि कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(१५) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै अर्को कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि त्यस्तो कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

(१६) डिभिजनल वन अधिकृत वा निजले खटाएको प्राविधिक कर्मचारीले आफ्नो कार्यक्षेत्रभित्रको सामुदायिक वनको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(१७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक लाख रुपैंयाभन्दा कम बार्षिक आम्दानी भएका, उपभोक्ता समूहभन्दा बाहिर वन पैदावार बिक्री वितरण नगर्ने, वन संवर्द्धन प्रणालीमा आधारित भई वन व्यवस्थापन नगरेका, सामुदायिक वनको कार्ययोजना अवधि समाप्त भई तत्काल नवीकरण हुन नसकेका उपभोक्ता समूहले साविकको कार्ययोजनाले तोकेको वन पैदावारको वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी अनुसूची-२७ बमोजिम संक्षिप्त कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्न सक्नेछ।

(१८) उपनियम (१७) बमोजिम पेस भएको संक्षिप्त कार्ययोजना डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ। त्यस्तो स्वीकृत संक्षिप्त कार्ययोजना सामुदायिक वनको मूल कार्ययोजनाको अङ्गको रुपमा रहनेछ ।

६०. <u>सामुदायिक वन फिर्ता लिन सक्नेः</u> (१) सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा २६ को उपदफा (१) बमोजिमको कार्य गरेको जानकारी डिभिजनल वन अधिकृतले प्राप्त गरेमा प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम खटाइएको कर्मचारीले वनक्षेत्रको निरीक्षण समेतको आधारमा राय प्रतिवेदन तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेस गरिएको प्रतिवेदनबाट उपनियम (१) बमोजिमको अवस्था देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनका आधारमा सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिन र त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिएको र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित उपभोक्ता समूहलाई दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम फिर्ता लिने निर्णय गरेपछि वा दर्ता खारेज गरेपछि त्यस्तो वनलाई सामुदायिक वनकै रुपमा अन्तरिम व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहसँग समन्वय गरी नियम ५५ को उपनियम (८) मा उल्लिखित संख्या र संरचना बमोजिम डिभिजनल वन अधिकृतले बढीमा तीन महिनाका लागि तदर्थ समिति गठन गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम गठित तदर्थ समितिले डिभिजन वन कार्यालयसँगको समन्वयमा तीन महिनाभित्र साधारण सभा गराई नयाँ समिति गठन गर्न नसकेमा डिभिजनल वन अधिकृतले त्यस्तो वनलाई प्रदेशभित्रको राष्ट्रिय वनको रुपमा कायम गरी पुनः सामुदायिक वन गठन एवं हस्तान्तरणको प्रक्रिया सुरु गर्नु पर्नेछ ।

६१. <u>सामुदायिक वनको लगत राख्नेः</u> (१) डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वनको लगत राख्दा उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी संख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिबासी जनजाती, मधेशी र दलितको संख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाइने मुख्य रुख तथा जडीबुटी प्रजाति आदिको विवरण सामुदायिक

वन उपभोक्ता समूहको तथ्यांक कोड अनुसार हुनेगरी राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको लगत डिभिजन वन कार्यालयले एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) नियम ५५ को उपनियम (१३) बमोजिम उपभोक्ता समूह एक आपसमा गाभिएमा गाभिएका समूहमध्ये एक उपभोक्ता समूहको कोडलाई कायम राखी अन्यको लगत कट्टा गर्नु पर्नेछ।

६२. **वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलनः** (१) सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।

तर स्वीकृत कार्ययोजनामा भएको व्यवस्था नियम २१ मा भएको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म सोही नियम बमोजिम हुनेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्य त्यस्तो कार्ययोजनामा तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(३) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा बार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नुअघि सब-डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम जानकारी प्राप्त भएपछि डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले समूहले समूहभित्रको खपतका लागि कटान गर्ने भएमा छपान गरेका रुखमध्ये पाँच प्रतिशत र समूहबाहिर बिक्री गर्ने भएमा छपान गरेका रुखमध्ये पन्ध्र प्रतिशत रुखको चेकजाँच गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम छपान चेकजाँच भएपछि डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहलाई काठ, दाउरा सङ्कलन र बिक्री वितरण गर्ने अनुमति दिनु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समूहभित्र आन्तरिक खपतको लागि सब-डिभिजन वन कार्यालयले छपान मूल्याङ्कन गरी सामुदायिक वन उपभोक्ता समूहलाई सङ्कलन सहमति दिन सक्नेछ र उक्त सहमतिका आधारमा सामुदायिक वन उपभोक्ता समूहले सङ्कलन र वितरण गरेको काठ, दाउराको विवरण द्वैमासिक रुपमा डिभिजन वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(८) सामुदायिक वन उपभोक्ता समूहले आन्तरिक खपतका लागि सङ्कलन गरेको काठ, दाउरा समूहबाहिर बिक्री वितरण गर्न पाउने छैन ।

तर त्यस्तो काठ, दाउरा खपत हुन नसकेमा साल प्रजातिको काठको हकमा घाटगद्दीमा जम्मा भएको दुई बर्ष र सालको दाउरा तथा अन्य सबै प्रजातिका काठ, दाउराको हकमा एक बर्ष पश्चात डिभिजन वन कार्यालयको सहमतिमा उपभोक्ता समूहबाहिर बिक्री वितरण गर्न सकिनेछ ।

(९) उपनियम (८) को प्रतिवन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि  उपभोक्ता समूहको घाटगद्दीमा विगत बर्षहरुमा सङ्कलन गरिएको काठ, दाउरा मौज्दात रहेकै अवस्थामा डिभिजनल वन अधिकृतले उक्त वनबाट खडा रुख कटान नगर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(१०) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था आईपरेमा त्यस्तो वन पैदावारलाई वनक्षेत्रबाट हटाउन वा सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणले बाधा पुऱ्याएको मानिने छैन।

तर काठ, दाउरा सङ्कलन भएपछि परिमार्जित बृद्धि मौज्दात (ग्रोइङ्ग स्टक) का आधारमा कार्ययोजनाको बार्षिक स्वीकार्य कटानको परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(११) उपनियम (१०) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा सामुदायिक वन उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(१२) सामुदायिक वन उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले उपनियम (११) बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस सहित वन पैदावार कटान तथा सङ्कलन गर्न निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम पेस भएको विवरणका आधारमा निर्देशनालयले स्थलगत निरीक्षण गरी उपयुक्त देखेमा कटान तथा सङ्कलन स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(१४) उपनियम (१३) बमोजिमको सिफारिस उपयुक्त लागेमा मन्त्रालयले कटान तथा सङ्कलनको लागि स्वीकृति दिन सक्नेछ र स्वीकृति प्राप्त भएपछि डिभिजनल वन अधिकृतले वन पैदावार कटान तथा सङ्कलन गर्न त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई अनुमति दिनु पर्नेछ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफै ढलेका रुखको लगत मूल्याङ्कन बार्षिक स्वीकार्य कटान परिमाणभन्दा बढी भएमा आगामी बर्षहरुको बार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ ।

(१६) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा सङ्कलन गर्दा आफ्नै

स्रोत वा बैङ्क तथा वित्तीय संस्थाको सहयोग र लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्नु पर्नेछ ।

(१७) उपनियम (१६) बमोजिम उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न सकिने अवस्था नभएमा उपभोक्ता समूहले स्वीकृत जिल्ला दररेटमा नबढ्ने गरी ठेक्का प्रकृयाबाट सङ्कलन गराउन सक्नेछ ।

(१८) यस नियम बमोजिम सङ्कलन गरेको काठ, दाउरा सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिम सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(१९) काठ, दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि सामुदायिक वन उपभोक्ता समूहले एक सय रुपैयाँ दस्तुर लिई अनुसूची-२८ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्न दिनु पर्नेछ ।

६३. **<u>वन पैदावारको बिक्री वितरण र अनुमतिपत्रः</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले नियम ६२ बमोजिम सङ्कलन गरी घाटगद्दी स्थलमा जम्मा गरेको काठ, दाउरा नापजाँच गरी आन्तरिक खपतका लागि आफ्नो समूह सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-२९ बमोजिमको ढाँचामा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई, एक प्रति सम्बन्धित सब-डिभिजन वन कार्यालयलाई दिई बाँकी एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहले घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा उपनियम (१) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ, दाउरा मध्ये नियम २३ को उपनियम (३) बमोजिम जिल्ला वन पैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको साधारण सभाले निर्णय गरी डिभिजनल वन अधिकृतको सहमति लिएर नियम २६ बमोजिम समूहबाहिर बिक्री वितरण गर्न सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूहबाहिर बिक्री वितरण गर्दा अनुसूची-२९ बमोजिमको तीन प्रति रसिद काट्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूह आफैंले स्थापना र सञ्चालन गरेको वन सम्बन्धी लघु उद्यम सञ्चालनका लागि यस नियमावली बमोजिम सङ्कलन गरेको वन पैदावार प्रयोग गर्न सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ, दाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहभन्दा बाहिर व्यवसायिक प्रयोजनका लागि बिक्री गरेको सामुदायिक वनको काठ, दाउरा ओसारपसार गर्दा सकारकर्ता वा खरिदकर्ताले डिभिजन वन कार्यालयको सहमति लिई सामुदायिक वन उपभोक्ता समूहबाट अनुसूची-२० बमोजिमको ढाँचामा स्थानान्तरण अनुमतिपत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(७) सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार सामुदायिक वन उपभोक्ता समूहभन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई त्यस्तो उपभोक्ता समूहबाट अनुसूची-२० बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ ।

(८) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रुपमा राखी अर्ध-बार्षिक रुपमा सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(९) हरेक आर्थिक वर्षमा सामुदायिक वनबाट उत्पादित वन पैदावारमध्ये समूहबाहिर बिक्री वापत प्राप्त हुने रकमबाट प्रचलित कानुन बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने दश प्रतिशत रकमबाट नै कट्टा हुने गरी लागेको व्यवस्थापन खर्च कटाई देहाय अनुसार जम्मा गर्नु पर्नेछः-

(क) एउटै स्थानीय तहभित्र सामुदायिक वन र उपभोक्ता समूह दुवै भएको अवस्थामा सोही स्थानीय तहमा जम्मा गर्ने,

(ख) एकभन्दा बढी स्थानीय तहमा सामुदायिक वन भएमा सम्बन्धित स्थानीय तहमा भएको सामुदायिक वनको क्षेत्रफलको प्रतिशतका आधारमा समानुपातिक हिसाबले सम्बन्धित स्थानीय तहमा जम्मा गर्ने,

(ग) सामुदायिक वन र उपभोक्ता समूह छुट्टाछुट्टै स्थानीय तहमा भएको अवस्थामा सामुदायिक वन भएको स्थानीय तहमा साठी प्रतिशत र उपभोक्ता समूह भएको स्थानीय तहमा चालिस प्रतिशत रकम जम्मा गर्ने,

(घ) सामुदायिक वन एक स्थानीय तहमा र उपभोक्ता समूह एकभन्दा वढी स्थानीय तहमा भएको अवस्थामा सामुदायिक वन भएको स्थानीय तहमा साठी प्रतिशत र उपभोक्ता समूहको घरधुरीको संख्याको आधारमा वन उपभोक्ता समितिले निर्णय गरी समानुपातिक हिसाबले जम्मा गर्ने ।

(१०) उपनियम (९) बमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम वन विकास, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने गरी खर्च गर्नु पर्नेछ ।

(११) वन उपभोक्ता समूहको काम कारवाहीको सिलसिलामा स्थानीय तहसँग परामर्श र समन्वय गर्नु पर्ने अवस्था भएमा वन उपभोक्ता समूहले वन उपभोक्ता समितिको कार्यालय रहेको स्थान भएको वडा कार्यालयबाट लिनु पर्नेछ ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहले घाटगद्दी व्यवस्थापनलाई पहिलो प्राथिमकतामा राख्नु पर्नेछ ।

६४. **उपभोक्ता समूहको टाँचाको दर्ता र प्रयोगः** (१) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रुख तथा काठमा प्रयोग गर्न अनुसूची-२१ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमूना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी पाँच सय रुपैंयाँ लिई सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको टाँचाको विवरण तयार गरी डिभिजन वन कार्यालयले निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिम दर्ता भएको टाँचा लगाउनु पर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ। कुनै कारणवश टाँचा हराएमा वा नोक्सान भएमा तत्काल डिभिजन वन कार्यालयलाई जानकारी दिई पूरानो टाँचा रद्द गराई पाँच सय रुपैयाँ दस्तुर बुझाई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी निर्देशनालय र प्रदेशका सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

६५. **सामुदायिक वनमा आधारित वन उद्यम सम्बन्धी व्यवस्थाः** (१) एकल वा संयुक्त रुपमा वनक्षेत्रबाहिर वन उद्यम गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले उद्योग दर्ता गर्ने निकायमा निजी वा साझेदारी फर्म दर्ता गरी प्रदेशको प्रचलित कानुन बमोजिम उद्योगको प्रमाणपत्र लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वन उद्यमको रुपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको उद्योगले सामुदायिक वनको स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका र उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएका

उद्देश्य र शर्त बमोजिमका वन पैदावारमा आधारित लघु वा मध्यम उद्योग मात्र सञ्चालन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहेमा उद्योग दर्ता गर्ने निकायमा वन उद्यम दर्ताका लागि निवेदन दिनुअघि सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलाप सहित व्यवसायिक योजना तयार गरी डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम सञ्चालन गर्न चाहेमा उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनुअघि सम्बन्धित सामुदायिक वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूहवीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यवसायिक योजना तयार गरी डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको माध्यमबाट गरिबी निवारण गर्नका लागि सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिमको मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गर्न सक्नेछ।

(६) ऐनको दफा ८० बमोजिम सामुदायिक वनमा कृषि वन प्रणाली अवलम्बन गर्दा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने रुख बिरुवा लगाउनु पर्नेछ । यसरी रोपिएको वनजन्य रुख प्रजातिले न्यूनतम् पचास प्रतिशत छत्र घनत्व ढाकेको हुनु पर्नेछ ।

तर सामुदायिक वनमा चिया र कफि लगाउन पाइने छैन।

(७) वन उद्यमबाट उत्पादित अर्धप्रशोधित वस्तु बिक्री पश्चात ओसारपसार गर्दा ओसारपसार गर्ने व्यक्तिले सम्बन्धित डिभिजन वन कार्यालयबाट इजाजतपत्र लिई ओसारपसार गर्नु पर्नेछ ।

(८) डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले उपभोक्ता समूहको एकल वा संयुक्त वा साझेदारीमा सञ्चालित वन उद्यमको अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा सुझाव दिन सक्नेछ र उक्त सुझावका आधारमा सुधार गर्नु सम्बन्धित वन उद्यमीको दायित्व हुनेछ ।

(९) ऐन र यस नियमावली बमोजिम वन उद्यम सञ्चालन गर्दा मन्त्रालयले निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ।

६६. **सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकार वा प्रदेश सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा अनुसूची-३० बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नुअघि प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी डिभिजनल वन अधिकृतबाट स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ र त्यसरी स्वीकृति लिदाँ पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कूल वनक्षेत्रको बढीमा पाँच प्रतिशत वा पाँच हेक्टरमध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिनेछ।

तर पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि अनुसूची-३० बमोजिमको भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टरभन्दा बढी क्षेत्रफल प्रयोग गर्न पाइने छैन ।

(५) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, मुख्य वासस्थान, जैविक मार्ग, भू-क्षयको दृष्टिकोषणले जोखिमक्षेत्र तथा स्वीकृत कार्ययोजनाले संवेदनशील भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(६) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा ऐन र यस नियमावलीले निषेध गरेका कार्यका साथै अनुसूची-३० बमोजिम निषेध गरिएका कार्य गर्न पाइने छैन ।

(७) सामुदायिक वन उपभोक्ता समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत भएको पर्यापर्यटन व्यवस्थापन योजना बमोजिम हुने गरी प्रतिस्पर्धाका आधारमा छनौट भएका निजी क्षेत्र वा संघ संस्थासँग साझेदारीमा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६७. **<u>सामुदायिक वनमा वन्यजन्तु पालन सम्बन्धी व्यवस्थाः</u>** (१) संरक्षित क्षेत्रभन्दा बाहिरका सामुदायिक वनका उपभोक्ता समूहले वन्यजन्तु पालन गर्न चाहेमा डिभिजन वन कार्यालयले सम्बन्धित समूहलाई सामुदायिक वनको कार्ययोजनामा समावेश गर्न लगाउनु पर्नेछ। यसरी कार्ययोजनामा समावेश गर्नुअघि उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।

(२) सामुदायिक वनका समूहले प्रचलित राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावली बमोजिम संरक्षित वन्यजन्तुको सूचीमा रहेका बाहेकका प्रजाति मात्र पालन गर्न सक्नेछ।

(३) सङ्कटापन्न वन्यजन्तुको पालन, निकासी वा पैठारी गर्नु पर्ने अवस्थामा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहलाई विउ प्राणीको व्यवस्था, पालन गरेका वन्यजन्तुको प्रजनन, आखेटोपहार व्यवस्थापन, वन्यजन्तुको स्वास्थ्य, रोग, व्याधिको व्यवस्थापन र दस्तुरको बिषय, प्राबिधिक समिति सम्बन्धी व्यवस्था, अनुगमन तथा प्रतिबेदन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमका कार्यको कार्यान्वयन डिभिजन वन कार्यालयको प्राबिधिक सहयोग र स्थानीय तहसँगको समन्वयमा गर्नु पर्नेछ र आवश्यकता अनुसार मन्त्रालयमा वन्यजन्तु संरक्षण सम्बन्धी कार्य हेर्ने महाशाखाले प्राबिधिक व्यवस्थापन, अभिलेखन र नियमनको कार्य गर्नेछ।

(६) सामुदायिक वनमा वन्यजन्तु पालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) यस नियम बमोजिम सामुदायिक वनमा वन्यजन्तु पालनका लागि अनुमति दिँदा पाँच हजार रुपैयाँ दस्तुर लिनु पर्नेछ।

६८. **सामुदायिक वनको केही भाग गरिबीको रेखामुनिका उपभोक्तालाई उपलब्ध गराउन सक्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको उपयोग गरी आयआर्जनको लागि सामुदायिक वनको कुनै भाग त्यस्तो उपभोक्ता समूहभित्रका गरिबीको रेखामुनि रहेका उपभोक्ताको छुट्टै समूह बनाई प्रयोग गर्न दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वनको जग्गा प्रयोग गर्न दिने विषय सम्बन्धित सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको गरिबीको रेखामुनि रहेका उपभोक्ता पहिचान गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको गरिब परिवार सम्बन्धी परिचय पत्रलाई आधार मान्नु पर्नेछ। त्यस्तो परिचय पत्र नभएको अवस्थामा उपभोक्ताको स्वामित्वमा रहेको जमिन र त्यस्तो जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, रोजगारी र आयआर्जनको अवस्था, पशुपंक्षी संख्या, आर्थिक तथा सामाजिक अवसरमा पहुँच आदि कुराको आधारमा उपभोक्ताको सम्पन्नताको स्तरीकरण गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम गरिवीको रेखामुनिका उपभोक्तालाई आयआर्जनका लागि सामुदायिक वनको कुनै भाग उपलब्ध गराउँदा त्यस्ता उपभोक्तामध्ये अतिविपन्न, भूमिहीन, एकल महिला, सीमान्तकृत र भूमिहिन दलित परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीलाई उपनियम (१) बमोजिम वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा एकल रुपमा वा सामुहिक रुपमा आयआर्जनका लागि सामुदायिक वन उपभोक्ता समूहले उपयुक्त ठानेको त्यस्तो सामुदायिक वनक्षेत्रको कुनै भाग दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा सामुदायिक वन उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका घरधुरीको समूहवीच अनुसूची-३१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सम्झौता गर्दा त्यस्तो वनक्षेत्रमा त्यस्ता घरधुरीले सञ्चालन गरेको आयआर्जनका क्रियाकलापबाट प्राप्त आय सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम गरिबीको रेखामुनि रहेका उपभोक्तालाई वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा नियम ५९ को नियम उपनियम (१३) बमोजिम सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको अवधि समाप्त भएपछि गरिबीको रेखामुनि रहेका उपभोक्तालाई पुनः वनक्षेत्रको जग्गा प्रयोग गर्न दिँदा उपनियम (३) बमोजिम गरिबीको अवस्था हेरी गरिबीको रेखामुनि नै रहेका उपभोक्तालाई प्रयोग गर्न दिनु पर्नेछ।

६९. **मापदण्डको पालना र उत्तरदायित्वः** (१) सामुदायिक वनमा आधारित वन उद्यम, पर्यापर्यटन र आय आर्जनका कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने सामाजिक, आर्थिक र वातावरणीय मापदण्डको पालना गर्नु पर्नेछ ।

(२) साझेदारीमा सामुदायिक वनमा आधारित वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको संरक्षण, व्यवस्थापन र सदुपयोग सम्बन्धी ऐन, यस नियमावली र स्वीकृत विधान तथा कार्ययोजना बमोजिम उपभोक्ता समूहले गर्नुपर्ने भनी उल्लेख

गरिएका काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र जिम्मेवारी त्यस्ता साझेदारमा हस्तान्तरण भएको मानिने छैन ।

७०. **सामुदायिक वनमा चक्लाबन्दी व्यवस्थापनः** (१) दुई वा दुई भन्दाबढी सामुदायिक वनलाई उपभोक्ताको सहमतिमा एकतित्र गरी वन संवर्द्धन प्रणाली अपनाउन डिभिजन वन कार्यालयले संयुक्त वन कार्ययोजना वनाई निर्देशनालय समक्ष स्वीकृतिका लागि पेस गर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको कार्ययोजना निर्देशकले स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा पठाउनेछ ।

(३) ऐनको दफा ३० को उपदफा (२) बमोजिम ठूलो वनक्षेत्र र छरिएर रहेको वस्तीका कारण व्यवस्थापन गर्न कठिनाई भएका सामुदायिक वनलाई टुक्र्याउन आवश्यक देखेमा स्थानीय समुदायले सम्बन्धित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पेस भएमा डिभिजन वन कार्यालयले प्राविधिक खटाई सोको यकिन गरी स्थलगत प्रतिवेदन सहित सामुदायिक वन टुक्र्याउनका लागि निर्देशकको सहमति लिनु पर्नेछ ।

(५) निर्देशकको सहमति प्राप्त भएमा डिभिजनल वन अधिकृतले सामुदायिक वनलाई टुक्र्याई ऐन तथा नियमावलीको अधीनमा रही उपभोक्ता समूह गठन गर्न लगाई त्यस्तो वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

७१. **सामुदायिक वनमा गर्न नहुने कार्यः** (१) सामुदायिक वनमा ऐन, यस नियमावली तथा स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

तर स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावारको घाटगद्दी निर्माण गरी घेराबार गर्न समूहको दैनिक कार्य सञ्चालनको लागि सो कार्ययोजनामा तोकिएको स्थानमा धातुको छड, सिमेन्ट र कन्क्रिट प्रयोग नगरी समूहको कार्यालय भवन निर्माण गर्न, वनको संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ ।

(२) ऐन र यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक नेपाल सरकारको स्वीकृति नलिई सामुदायिक वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिनु हुँदैन ।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण गरेको सामुदायिक वनमा कुनै पनि किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र कुनै अतिक्रमण भएकोमा डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ ।

## परिच्छेद-८

## कबुलियती वन सम्बन्धी व्यवस्था

७२. **व्यवसायिक कबुलियती वनका लागि विवरण उपलब्ध गराउनु पर्ने** : (१) डिभिजन वन कार्यालयले रणनीतिक योजनाको अधीनमा रही व्यवसायिक कबुलियती वन उपलब्ध गराउन सकिने वनक्षेत्रको विवरण बार्षिक रुपमा अद्यावधिक गरी विभाग तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरणमा देहायको वनक्षेत्रलाई समेट्नु पर्नेछः-

(क) झाडी बुट्यान भएको,

(ख) बीस प्रतिशतभन्दा कम छत्र घनत्व भएको,

(ग) अतिक्रमण भई फिर्ता लिएको क्षेत्र वा अतिक्रमण हटाई फिर्ता लिएको क्षेत्र वा अतिक्रमण हुनसक्ने,

(घ) प्राकृतिक विपद्का कारण क्षति भई पुनर्स्थापना वा पुनः उकास भएको,

(ङ) भू-संरक्षणको हिसाबले संवेदनशील तथा संरक्षण गर्नुपर्ने,

(च) प्राकृतिक संरचनामा कुनै किसिमको परिवर्तन नगरी अध्यात्मिक वा साँस्कृतिक पर्यापर्यटनको लागि उपयुक्त रहेको,

(छ) रणनीतिक योजनाले कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिने गरी तोकेको।

७३. **<u>ब्यवसायिक कबुलियती वनको संरक्षणः</u>** (१) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग माग गरेमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन र अन्य निकाय समक्ष सहयोगका लागि सिफारिस गर्न सक्नेछ ।

(२) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यस्तो वनक्षेत्रमा रहेका रुख ढलेमा सङ्गठित संस्थाले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ । त्यसरी रुख ढलेको जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले त्यस्ता रुख यस नियमावलीमा भएको व्यवस्था बमोजिम सङ्कलन गर्नु पर्नेछ ।

(३) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख कबुलियती वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा वा अन्य कुनै मनासिव कारणले हटाउनु पर्ने भएमा विभागको निर्देशन लिई डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

७४. **<u>वन पैदावारको उत्पादन र उपयोगः</u>** (१) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको प्रजाति र परिमाण खुलाई प्रत्येक बर्ष डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(२) कबुलियती वनको वन पैदावार सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ ।

७५. **<u>ब्यवसायिक कबुलियती वन फिर्ता लिन सकिनेः</u>** (१) संघीय वन ऐन तथा नियमावली बमोजिम कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले पालना गर्नुपर्ने शर्त पालना नगरेको भनी कोही कसैले उजुर गरेमा वा कुनै स्रोतबाट कबुलियती वनमा निषेधित कार्य गरेको भन्ने सूचना प्राप्त भएमा डिभिजन वन कार्यालयले प्राविधिक कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिई गएका कर्मचारीले कबुलियती वन लिने सङ्गठित संस्था वा निजको प्रतिनिधिको रोहबरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट कबुलियती वन लिने सङ्गठित संस्थाले निषेधित कार्य गरेको

देखिन आएमा डिभिजनल वन अधिकृतले सम्बन्धित कबुलियती वन लिने सङ्गठित संस्था वा समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्गठित संस्था वा समूहले पेस गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो सफाई पेस भएको मितिले पैतिस दिनभित्र डिभिजनल वन अधिकृतले प्रमाणपत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी विभाग, मन्त्रालय र निर्देशनालयलाई गराउनु पर्नेछ।

(५) व्यवसायिक कबुलियती वन सम्बन्धी अन्य व्यवस्था संघीय वन ऐन तथा नियमावली बमोजिम हुनेछ।

७६. **गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन उपलब्ध गराउन सकिने:** (१) ऐनको दफा ३२ को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन समूह गठन गरी प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन लिन चाहने समूहले सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरीको सहभागिता हुनु पर्नेछ र सोको लागि घरधुरी पहिचान गर्दा डिभिजन वन कार्यालयले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम कबुलियती वन लिन चाहने व्यक्तिको मानव विकास सूचकांको परीक्षण/सम्पन्नता स्तरीकरण गरी गरिबीको रेखामुनि रहेको यकिन गर्नु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम माग गरिएको वनक्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा डिभिजन वन

कार्यालयले कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-३२ मा उल्लिखित विषय समावेश हुने गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) यस नियम बमोजिमको कबुलियती वन समूहको कार्ययोजना त्यस्तो समूहको निर्णय र सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेस गर्नु पर्नेछ ।

(८) डिभिजनल वन अधिकृतले यस नियम बमोजिमको कबुलियती वन समूह गठनको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-३३ बमोजिमको ढाँचामा कबुलियतनामा गराई एक सय रुपैयाँ दस्तुर लिई अनुसूची-३४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(९) यस नियम बमोजिम गरिबीको रेखामुनिका जनतालाई एक पटकमा दश वर्षको लागि कबुलियती वन उपलब्ध गराइनेछ ।

(१०) डिभिजनल वन अधिकृतले यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराएको वनक्षेत्रको अभिलेख राख्नु पर्नेछ र त्यसको वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(११) यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराइएको कबुलियती वनको हकमा वार्षिक दस्तुर लाग्ने छैन ।

(१२) यस नियम बमोजिमका कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टी भिन्न भएमा एक बर्षका लागि कबुलियती वनको उपयोग गर्ने प्रयोजनका लागि एकाघरकै मानिने छ । कुनै सदस्यले कबुलियती वन समूह छोडी गएमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ ।

(१३) उपनियम (३) बमोजिमको कबुलियती वन समूहमा रहेको घर परिवारको संख्या पाँचभन्दा कम भएमा त्यस्तो वनक्षेत्र कबुलियती वनको रुपमा कायम रहने छैन ।

(१४) कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न, सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तह र सो अन्तर्गतका वडा कार्यालयले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ । अन्य संघ संस्थाले स्वीकृत कार्ययोजनाको अधीनमा रही डिभिजनल वन अधिकृतको सहमतिमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

७७. <u>**पुनः कबुलियती वन उपलब्ध गराउन सकिने:**</u> (१) नियम ७६ को उपनियम (९) बमोजिमको अवधि समाप्त भएपछि गरिबीको रेखामुनिका जनताले पुनः कबुलियती वन लिन चाहेमा त्यस्ता जनताको समूहलाई पूनः कबुलियती वन उपलब्ध गराउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम पुनः कबुलियती वन उपलब्ध गराउँदा कबुलियती वन लिन चाहने व्यक्तिको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गरेर मात्र उपलब्ध गराउनु पर्नेछ ।

(३) यस नियम बमोजिम गरिबीको रेखामुनि रहेका जनतालाई पुनः कबुलियती वन उपलब्ध गराइएमा त्यस्तो वनको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

७८. <u>**प्रमाणपत्रको नक्कल दिन सकिने:**</u> (१) कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई प्रतिलिपि लिन परेमा डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा डिभिजन वन कार्यालयले एक सय रुपैयाँ दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

७९. <u>**कबुलियती वनको व्यवस्थापन:**</u> (१) नियम ७६ बमोजिमको कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) नियम ७६ बमोजिमको कबुलियती वन समूहले प्रचलित कानुनको अधीनमा रही स्वीकृत कार्ययोजना बमोजिम वन उद्यम र वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) नियम ७६ बमोजिमको कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न र प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिई सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(५) कबुलियती वन समूहले स्वीकृत कार्ययोजनाको विपरीत हुने गरी कार्य गरेको कारणले कबुलियती वन फिर्ता लिनु परेमा डिभिजनल वन अधिकृतले नियम ७५ बमोजिमको प्रकृया पूरा गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(६) कबुलियती वन समूहलाई कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको संरक्षण गरे बापत त्यस्ता रुख बिक्री गर्दा प्राप्त हुने रकमको बाँडफाँड देहाय बमोजिम हुनेछः-

(क) हस्तान्तरण भएको पाँच बर्षसम्ममा बिक्री भएमा प्राप्त रकमको पच्चीस प्रतिशत रकम सम्बन्धित कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्ने,

(ख) हस्तान्तरण भएको पाँच बर्षभन्दा बढी समयमा बिक्री भएमा प्राप्त भएको रकमको पचास प्रतिशत रकम सम्बन्धित कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्ने ।

(७) उपनियम (६) बमोजिमको रुखको सङ्कलन तथा बिक्री व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ ।

८०. **<u>टाँचाको प्रयोग सम्बन्धी व्यवस्थाः</u>** (१) नियम ७६ बमोजिमको कबुलियती वन समूहले अनुसूची-२१ बमोजिमको ढाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको विवरण तयार गरी त्यस्तो विवरण निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(३) नियम ७६ बमोजिमको कबुलियती वन समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (१) बमोजिमको टाँचा लगाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कबुलियती वन समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो कबुलियती वन समूहको अध्यक्षको हुनेछ। कुनै कारणबाट टाँचा हराएमा वा नासिएमा डिभिजन वन कार्यालयमा तत्काल जानकारी दिई पूरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गरी प्रयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पूरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद-९
## धार्मिक वन सम्बन्धी व्यवस्था

८१. **धार्मिक वन लिनको लागि निवेदन दिने:** (१) प्रचलित कानुन बमोजिम स्थापित कुनै धाार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल वा त्यस्तो क्षेत्रको वरिपरीको प्रदेशभित्रको राष्ट्रिय वन संरक्षण गर्नका लागि धार्मिक वनको रुपमा लिन चाहेमा सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले वन प्राविधिक खटाई आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त हुने देखेमा धाार्मिक निकाय, समूह वा समुदायलाई कार्ययोजना वनाउन आवश्यक प्राविधिक सहयोग प्रदान गर्न सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिम तयार भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त देखेमा त्यस्तो कार्ययोजना स्वीकृत गरी पाँच सय रुपैयाँ दस्तुर लिई अनुसूची-३५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई त्यस्तो वनक्षेत्र धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्वीकृत भएको कार्ययोजनाको म्याद दश बर्षसम्मको हुनेछ। कार्ययोजनाको अवधि समाप्त भएपछि धार्मिक वन प्राप्त गर्ने संस्थाले डिभिजनल वन अधिकृत समक्ष निवेदन दिई कार्ययोजनाको नवीकरण गर्नु पर्नेछ ।

(५) उपनियम (३) र (४) बमोजिम हस्तान्तरण तथा नवीकरण गरिएको वनको लगत डिभिजन वन कार्यालयले तयार गरी सोको एक प्रति मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

८२. **<u>धार्मिक वनको व्यवस्थापन</u>:** (१) धार्मिक वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्य मात्र गर्नु पर्नेछ ।

(२) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा शौचालय, पानी टंकी तथा धार्मिक वनको संरक्षणका लागि आवश्यक पर्ने अन्य संरचना निर्माण गर्नु परेमा ऐनको दफा ३५ को उपदफा (२) बमोजिम गर्नु पर्नेछ र यस्ता संरचनाको निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति लिई धार्मिक वनको वन पैदावार प्रयोग गर्न सकिनेछ।

(३) धार्मिक वनक्षेत्रमा उत्पादन हुने फोहोरमैलाको विसर्जनको उपयुक्त व्यवस्थापन सम्बन्धित धार्मिक संस्थाले गर्नु पर्नेछ ।

८३. **<u>धार्मिक वनको वन पैदावारको उपयोग</u>:** (१) धार्मिक वनको वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न पाउनेछ ।

तर धार्मिक वनक्षेत्रभित्र रहेको काठ, दाउरा बाहेकका कार्ययोजनामा उल्लेख भएका अन्य वन पैदावार डिभिजन वन कार्यालयको सहमतिबाट बिक्री गर्न सकिनेछ ।

(२) धार्मिक वनक्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गराई सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्कलित वन पैदावार डिभिजन वन कार्यालयले नियम २६ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम वन पैदावारको बिक्री वितरणबाट प्राप्त हुने रकमको चालिस प्रतिशत रकम डिभिजन वन कार्यालले धार्मिक वन समूहको खातामा जम्मा गर्नु पर्नेछ र धार्मिक वन समूहले त्यसरी जम्मा भएको रकम मध्येबाट कम्तीमा पच्चीस प्रतिशत रकम वन विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

८४. **धार्मिक वनमा गर्न नहुने कार्यः** धार्मिक वनमा ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहाय बमोजिमका कार्य गर्न हुँदैनः-

(क) धार्मिक वनक्षेत्रको जग्गालाई निजी जग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्न,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,

(ग) वनक्षेत्र मास्न र भू-क्षय तथा वातावरणमा प्रतिकूल असर पर्ने कुनै कार्य गर्न,

(घ) प्रचलित कानुन विपरित संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानी नोक्सानी पुऱ्याउने कार्य गर्न,

(ङ) ढुंगा, गिट्टी, बालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्न,

(च) वन अतिक्रमण गर्न तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(छ) धातुको छड, सिमेन्ट र कन्क्रिट प्रयोग गरी भौतिक संरचना निर्माण गर्न ।

८५. **धार्मिक वन फिर्ता लिन सक्नेः** (१) धार्मिक निकाय, समूह वा समुदायले ऐन र यस नियमावली तथा कार्ययोजना विपरित कार्य गरेमा डिभिजनल वन अधिकृतले खटाएको प्राविधिक कर्मचारीले स्थलगत निरिक्षण गरी पेस गरेको प्रतिवेदनका आधारमा धार्मिक वन फिर्ता लिन सक्नेछ ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई बढीमा पन्ध्र दिनको म्याद दिई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ ।

(३) धार्मिक वन फिर्ता लिने सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ३७ बमोजिम हुनेछ।

## परिच्छेद-१०

## निजी वन सम्बन्धी व्यवस्था

८६. **निजी वन दर्ता गराउन निवेदन दिने:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराउनका निजी वनको क्षेत्रफल, रुखको प्रजाति, रुखको उमेर, रुख बिरुवा संख्या र वृक्षारोपण क्षेत्र/संरक्षण गरिएको क्षेत्र स्पष्ट देखिने गरी देहाय बमोजिमका कागजातसाथ अनुसूची-३६ बमोजिमको ढाँचामा सम्बन्धित सब-डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हकभोग र स्वामित्व रहेको आधार सहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) चालू आर्थिक बर्षमा जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको जग्गाको कित्ता नम्बर खुलेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) जग्गा प्राप्तिको स्रोत र स्वामित्वको विषय समेत खुल्ने गरी सम्बन्धित जिल्लाको मालपोत कार्यालयले गरेको सिफारिस,

(च) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात, संचालक समितिको निर्णयको प्रतिलिपि र

संस्थाको मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर सम्बन्धी कागजातको प्रतिलिपि ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनका सम्बन्धमा सब-डिभिजन वन कार्यालय प्रमुखले स्थलगत जाँचबुझ गर्नु पर्नेछ । जाँचबुझ गर्नुपूर्व सम्बन्धित जिल्लाको नापी कार्यालय वा स्थानीय तहलाई प्रयोजन खुलाई अमिन खटाइ दिनका लागि पत्राचार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको मागका आधारमा सम्बन्धित नापी कार्यालय वा स्थानीय तहले अमिन खटाउँदा प्रचलित कानुन बमोजिम राजश्व लाग्ने भनी माग गरेमा लाग्ने शुल्क सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको माग अनुसार सम्बन्धित नापी कार्यालय वा स्थानीय तहबाट खटिई आएको अमिनको सहयोगमा सब-डिभिजन वन कार्यालय प्रमुखले जग्गाको चारकिल्ला यकिन गरी विवरण तयार गर्नु पर्नेछ ।

तर, त्यस्तो निजी वन प्रदेशभित्रको राष्ट्रिय वनको सिमानसँग जोडिएको भए चारकिल्ला यकिन गर्दा निजी वनमा रहेका रुखको जिपिएस को-अर्डिनेट सहितको काण्ड नक्साङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल एरोर (ईपीई) समेत खुलेको विवरण समेत तयार गरी संलग्न गर्नु पर्नेछ ।

(५) जाँचबुझका क्रममा सब-डिभिजन वन कार्यालय प्रमुखले आवश्यकता अनुसार जिल्लास्थित अन्य सरकारी कार्यालय तथा संघ/संस्था वा व्यक्तिसँग सहयोग लिन वा स्थानीय वासिन्दासँग सोध्न वा सर्जमिन बुझ्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा देहायको अवस्थाको विद्यमानता नदेखिएमा उपनियम (४) बमोजिमको विवरण सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ र उक्त प्रतिवेदनका आधारमा डिभिजन वन कार्यालयले निजी वन दर्ताका लागि सिफारिस सहित प्राप्त कागजात स्थानीय तहमा पठाउनु पर्नेछः-

(क) अव्यवस्थित वसोबास, पुनर्वास, मुक्त कमैया, हलिया, भूमिहन, सुकुम्बासीलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गा,

(ख) एकाघर संगोलमा रहेको अवस्थामा अंशियारहरुको सहमति नभएको,

(ग) प्रचलित कानुनले तोकेको जग्गाको हदबन्दी भन्दा बढी जग्गा भएको,

(घ) कुनै अंशियार विदेशमा रहेको भएमा वारेशनामा नभएको र

(ङ) कुनै पनि जग्गाको सम्बन्धमा हक वेहकको प्रश्न उठी मुद्दा अदालतमा विचाराधीन रहेको।

तर धितो राखेको वा लिजमा दिएको जग्गामा रहेको वनलाई धितो राखिएको वा लिजमा दिएको कारणले मात्र निजी वन दर्ताका लागि सिफारिस गर्न कुनै असर पर्ने छैन ।

(७) उपनियम (६) बमोजिम प्राप्त हुन आएको सिफारिसका आधारमा स्थानीय तहले त्यस्तो निजी वनको दर्ता गरी अनुसुची-३७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(८) यस दफा बमोजिम निजी वन दर्ता गर्न नमिल्ने देखिएमा तीस दिनभित्र डिभिजन वन कार्यालयले आधार र कारण खुलाई सिफारिस गर्न नसकिने व्यहोराको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(९) उपनियम (७) बमोजिम प्रदान गरिएको निजी वन दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अन्य कुनै प्रकारले काम नलाग्ने भएमा सम्बन्धित निजी वन धनीले निवेदनका आधारमा स्थानीय तहले अभिलेख हेरी त्यस्तो प्रमाणपत्रको नक्कल दिनु पर्नेछ।

(१०) डिभिजन वन कार्यालयले निजी जग्गामा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(११) उपनियम (६) बमोजिम दर्ता भएको निजी वन धनीले निजी वन राख्न नचाहेमा सोको जानकारी सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ र यस्तो जानकारी प्राप्त भएमा स्थानीय तहले त्यस्तो निजी वनको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(१२) यो नियमावली जारी हुनुअघि प्रचलित कानुन बमोजिम दर्ता भएका निजी वन धनीले यो नियमावली जारी भएपछि आफ्नो निजी वनको अद्यावधिक गराउनु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम अद्यावाधिक गर्न हाल रहेको निजी वनको क्षेत्रफल, रुखको प्रजाति, उमेर, रुख बिरुवा संख्या र वृक्षारोपण क्षेत्र/संरक्षण गरिएको क्षेत्र स्पष्ट देखिने गरी सम्बन्धित सब-डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(१४) उपनियम (१३) बमोजिम निवेदन प्राप्त भएमा सब-डिभिजन प्रमुखले सम्बन्धित नापी कार्यालय वा स्थानीय तहको अमिनको सहयोगमा जग्गाको चारकिल्ला यकिन गरी उपनियम (४) बमोजिमको विवरण तयार गर्नु पर्नेछ ।

(१५) उपनियम (१४) बमोजिमको चार किल्लामा रहेका रुख बिरुवाको प्रजाति र संख्या सहितको विवरणलाई सब-डिभिजन प्रमुखले प्रमाणित गरी सोको लगत राखी एक प्रति सम्बन्धित निजी वन धनीलाई र एक प्रति सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

८७. **निजी वन व्यवस्थापन कार्ययोजनाः** (१) कार्ययोजना तयार गरी निजी वन दर्ता गराउन चाहने निजी वन धनीले निजी वनको संरक्षण, संवर्द्धन, सदुपयोग र विकास समेतका विषयलाई समावेश गरी वन प्राविधिकको सहयोगमा आफ्नो निजी वनको वन कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको वन कार्ययोजना जाँचबुझ गरी परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन समेत गरी डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ र निजी वन धनीले त्यस्तो वन कार्ययोजनाको कार्यान्वयन गर्नु पर्नेछ ।

(३) निजी वन धनीले आफ्नो कार्ययोजना कार्यान्वयनका लागि आफ्नै खर्चमा वन प्राविधिक राखी व्यवस्थापन गर्न सक्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिमको कार्य गर्न निजी वन धनीले प्राविधिक सहयोगको लागि डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमा निवेदन दिएमा सम्बन्धित कार्यालयले आफ्नो कार्यबोझ व्यवस्थापन गरी वन प्राविधिक पठाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) यस नियम बमोजिम स्वीकृत भएको वन कार्ययोजनाको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्न सक्नेछ ।

(६) प्रदेशभित्रको राष्ट्रिय वन र सार्वजनिक जग्गासँग सिमाना जोडिएको निजी जग्गामा रहेका रुख दर्ता गराउन र कटान गर्नको लागि सम्बन्धित जिल्लाको नापी कार्यालय वा सम्बन्धित स्थानीय तहमा रहेको अमिनबाट त्यस्तो जग्गा निजी स्वामित्वको भएको व्यहोरा प्रमाणित गराउनु पर्नेछ।

(७) निजी वन धनीले निजी वनको वन पैदावार आवश्यकता अनुसार बार्है महिना सङ्कलन, ओसारपसार, बिक्री वितरण र सदुपयोग गर्न सक्नेछ ।

तर, व्यवसायिक प्रयोजनका लागि असार एक गतेदेखि भदौ मसान्तसम्म रुख कटान र सङ्कलनको कार्य गर्न पाइने छैन।

(८) निजी वनमा बहुमूल्य काठ तथा औषधीजन्य सुगन्धित वा बहुउपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातिको विकास, विस्तार र प्रवर्धनका लागि मन्त्रालयले विशेष कार्यक्रम लागू गर्न सक्नेछ ।

(९) प्रदेशभित्रको राष्ट्रिय वन र सार्वजनिक जग्गाको काठलाई निजी वनको काठमा मिसाई वा निजी वनको काठको रुपमा बिक्री गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह मानी प्रचलित कानुन बमोजिम दण्ड सजाय र जरिवाना हुनेछ ।

८८. <u>**व्यवसायिक प्रयोजनका लागि निजी वनको वन पैदावार बिक्री वितरण र ओसारपसारः**</u> (१) निजी वन धनी वा खरीदकर्ताले व्यवसायिक प्रयोजनको लागि निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र

ओसारपसार गर्न नियम ८६ को उपनियम (१) र (७) बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी कटान र सङ्कलन गर्न चाहेको वन पैदावारको नाम र परिमाण/संख्या उल्लेख गरी अनुसूची-३८ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा चेकजाँचका लागि स्थानीय तहले वन प्राविधिक खटाउनु पर्नेछ । स्थानीय तहमा त्यस्तो प्राविधिक नभएमा सम्बन्धित क्षेत्रको सब-डिभिजन वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको वन प्राविधिकले रुखको छपान गर्नु पर्नेछ। त्यसरी छपान गरिएको रुखको तोकिएको तरिका र तोकिएको मूल्यदर बमोजिम मूल्याङ्कन गरी तयार भएको लगत स्थानीय तह समक्ष पेस गर्नु पर्नेछ।

तर, रुख कटान गर्नु पर्ने निजी वन प्रदेशभित्रको राष्ट्रिय वनको सिमानसँग जोडिएको भए कटान र सङ्कलन गर्नुपर्ने वन पैदावारको जिपिएस को-अर्डिनेट सहितको काण्ड नक्साङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल एरोर (ईपीई) समेत खुलेको विवरण तयार गरी संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेस गरेको लगतका आधारमा स्थानीय तहले अनुसूची-३९ बमोजिमको ढाँचामा कटान र सङ्कलन अनुमति दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएमा निजी वन धनी वा खरिदकर्ताले उपनियम (३) बमोजिम छपान टाँचा लागेका रुख मात्र कटान गर्नु पर्नेछ ।

तर प्रदेशभित्रको राष्ट्रिय वनको सिमानसँग जोडिएको निजी वनबाट रुख कटान गरेको भए कटान गरेपछि निजी वन धनीले कटान भएको गोलिया र रुखको फेद (ठुटा) मा इनामेलले छपान बमोजिमको रुख नम्बर लेख्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कटान भएका गोलियालाई निजी वन धनीले कटान रजिष्टर खडा गरी कटान तथा सङ्कलन इजाजतपत्रमा

तोकिएको स्थानमा गोलियामा लेखेको नम्बरिङ्ग देखिने गरी घाटगद्दी गरी सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम पेस भएको विवरणका आधारमा स्थानीय तहले चेकजाँच गरी अनुसूची- ४० बमोजिमको ढाँचामा बिक्री वितरण तथा ओसारपसारको अनुमति दिनु पर्नेछ। स्थानीय तहले त्यसरी दिएको अनुमतिको जानकारी डिभिजन वन कार्यालयलाई समेत दिनु पर्नेछ।

(८) निजी वनको धनी वा खरिदकर्ताले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख वा अन्य वन पैदावार व्यवसायिक प्रयोजनका लागि जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न नियम ८६ को उपनियम (१) र (७) बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी कटान र सङ्कलन गर्न चाहेको वन पैदावरको नाम र परिमाण/संख्या उल्लेख गरी अनुसूची-४१ बमोजिमको ढाँचामा सम्बन्धित सब-डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम निवेदन परेमा सम्बन्धित सब-डिभिजन प्रमुखले जाँचवुझ गरी कटान र सङ्कलन इजाजत दिन उपयुक्त देखिएमा उपनियम (३) बमोजिमको विवरण देखिने गरी तयार भएको लगत सहितको विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(१०) उपनियम (९) वमोजिम पेस भएको विवरणको आधारमा डिभिजन वन कार्यालयले अनुसूची-४२ बमोजिमको ढाँचामा कटान र सङ्कलन अनुमति दिन सक्नेछ।

(११) उपनियम (१०) बमोजिम अनुमति दिएमा निजी वन धनी वा खरिदकर्ताले उपनियम (५) बमोजिमको प्रकृया पूरा गरी उपनियम (६) बमोजिमको कटान रजिष्टर खडा गरी कटान र सङ्कलन इजाजतपत्रमा तोकिएको स्थानमा गोलियामा लेखिएको नम्बरिङ्ग देखिने गरी घाटगद्दी गर्नु पर्नेछ र सोको विवरण सब-डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम पेस भएको विवरण सब-डिभिजन वन कार्यालय प्रमुखले चेकजाँच गरी डिभिजन वन कार्यालयलाई

गरेको सिफारिसका आधारमा डिभिजन वन कार्यालयले अनुसूची- ४३ बमोजिमको ढाँचामा बिक्री वितरण तथा ओसारपसारको अनुमति दिनु पर्नेछ । त्यसरी दिएको अनुमतिको जानकारी गन्तब्य स्थलको डिभिजन वन कार्यालय र स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(१३) यस नियम बमोजिम ओसारपसार गर्दा निजी वन धनी वा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा र सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ ।

(१४) यस नियम बमोजिम स्थानीय तह वा डिभिजन वन कार्यालयले दिएको ओसारपसारको अनुमतिपत्रको जानकारी सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी आवादीमा रहेका बढीमा पच्चीस वटासम्मका रुख सम्बन्धित सब-डिभिजन वन कार्यालय प्रमुखको रोहबरमा कटान गरी उपनियम (१२), (१३) र (१४) बमोजिम हुने गरी ओसारपसार गर्न सकिनेछ ।

८९. **<u>घरायसी प्रयोजनका लागि निजी वनको वन पैदावार सङ्कलन र ओसारपसारः</u>** (१) घरायसी प्रयोजनका लागि निजी वन धनीले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी सम्बन्धित स्थानीय तहभित्र वा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्न नियम ८६ को उपनियम (१) र (७) बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र परिमाण/संख्या उल्लेख गरी अनुसूची-३८ बमोजिमको ढाँचामा स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित स्थानीय तहले जाँचबुझ गरी अनुसूची-३९ बमोजिमको ढाँचामा कटान र सङ्कलन अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त भएमा निजी वन धनीले कटान र सङ्कलन इजाजतपत्रमा उल्लेख भए अनुसारको वन

पैदावार कटान गरी ओसारपसारको लागि चेकजाँच गर्न स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपनिमय (३) बमोजिमको जानकारी प्राप्त भएपछि स्थानीय तहले चेकजाँच गरी अनुसूची- ४० बमोजिमको ढाँचामा निजी वन धनीलाई त्यस्तो वन पैदावार स्थानीय तहभित्र वा जिल्लाभित्रको अर्को स्थानीय तहमा ओसारपसार गर्न अनुमति दिन सक्नेछ। त्यसरी जिल्लाभित्रको अर्को स्थानीय तहको लागि ओसारपसारको अनुमति दिएमा स्थानीय तहले गन्तब्य स्थलको स्थानीय तह र सब-डिभिजन वन कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ ।

(५) घरायसी प्रयोजनका लागि निजी वनको धनीले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न नियम ८६ को उपनियम (१) र (७) बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित सब-डिभिजन वन कार्यालयमा कटान र सङ्कलन गरी ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र संख्या उल्लेख गरी अनुसूची-४१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम निवेदन परेमा सब-डिभिजन वन कार्यालय प्रमुखले जाँचबुझ गरी तयार भएको लगत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको लगतको आधारमा डिभिजन कार्यालयले अनुसूची-४२ बमोजिमको ढाँचामा कटान र सङ्कलनको अनुमति दिन सक्नेछ।

(८) उपनियम (७) बमोजिम अनुमति प्राप्त भएमा निजी वन धनीले कटान र सङ्कलन  इजाजत पत्रमा उल्लेख भए अनुसारको वन पैदावार कटान वा सङ्कलन गरी ओसारपसारको लागि चेकजाँच गर्न सब-डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको जानकारी प्राप्त भएपछि सब-डिभिजन वन कार्यालयले चेकजाँच गरी ओसारपसारको लागि डिभिजन कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिमको सिफारिसका आधारमा डिभिजन वन कार्यालयले अनुसूची- ४३ बमोजिमको ढाँचामा निजी वन धनीलाई त्यस्तो वन पैदावार एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न अनुमति दिन सक्नेछ। त्यसरी दिएको अनुमतिको जानकारी गन्तब्य जिल्लाको डिभिजन वन कार्यालय र स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(११) यस नियम बमोजिम स्थानीय तह वा डिभिजन वन कार्यालयले दिएको ओसारपसारको अनुमतिपत्रको जानकारी जिल्लाको जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी आवादीमा रहेका बढीमा पच्चीस वटासम्मका रुख सब-डिभिजन वन कार्यालय र स्थानीय तहलाई जानकारी गराई घरायसी प्रयोजनका लागि कटान गरी उपयोग गर्न सकिनेछ ।

(१३) उपनियम (१२) बमोजिम कटान गरेको निजी आवादीको वन पैदावार ओसारपसार गर्नु परेमा उपनियम (४) वा उपनियम (१०) र उपनियम (११) बमोजिम गर्नु पर्नेछ ।

९०. **<u>निजी जग्गामा कृषी वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था:</u>** (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरणीय कानुन र जडीबुटी खेती तथा प्रशोधन गर्न अन्य प्रचलित कानुनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्न पाइने छैन ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी जग्गामा लगाइएका सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

९१. **<u>निजी वन धनीलाई सहुलियत:</u>** ऐनको दफा ४६ बमोजिम निजी वन धनीलाई उपलब्ध गराउने सहुलियतका लागि मन्त्रालयले सहकारी, संघ संस्था, निजी क्षेत्र, वित्तीय संस्था र स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद-११

## सार्वजनिक जग्गाको वन र सहरी वन व्यवस्थापन सम्बन्धी व्यवस्था

९२. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले प्रदेशभित्रको राष्ट्रिय वन बाहेक ऐनको दफा ४७ को उपदफा (१) बमोजिम सार्वजनिक जग्गामा वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा उपभोक्ता समूह मार्फत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता समूह सम्बन्धित स्थानीय तहमा दर्ता हुनेछ । त्यसरी दर्ता भएको उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार गरी स्वीकृतिका लागि स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले त्यस्तो उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम उपभोक्ता समूहबाट पेस भएको कार्ययोजना सम्बन्धित स्थानीय तहबाट स्वीकृत हुनेछ । त्यसरी स्वीकृत भए पश्चात सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहले अनुसूची-४४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(५) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्दा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूहले स्थानीय तहसँगको सम्झौता बमोजिम मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(६) सार्वजनिक जग्गामा रहेको वन पैदावार कटान गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ र वन पैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ ।

(७) सार्वजनिक जग्गामा रहेको वनको वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन

व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकम सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहबीच भएको सम्झौता बमोजिम बाँडफाँट गर्नु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम सार्वजनिक जग्गामा विकास भएको वनक्षेत्र सम्बन्धित स्थानीय तहले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सिफारिस गरेमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूह गठन गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी समुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ।

(९) यो नियमावली प्रारम्भ हुनुपूर्व सार्वजनिक जग्गामा वन उपभोक्ता समूहले वन व्यवस्थापन गर्दै आएको रहेछ भने त्यस्तो सार्वजनिक जग्गामा सोही वन उपभोक्ता समूह मार्फत वन व्यवस्थापन गर्नु पर्नेछ ।

९३. **सार्वजनिक जग्गामा रहेका रुख हटाउने सम्बन्धी अन्य व्यवस्थाः** (१) सार्वजनिक जग्गामा रहेका ऐनको दफा ४७ को उपदफा (४) बमोजिमका तथा अन्य रुख विकास आयोजना सञ्चालनका लागि हटाउनु पर्ने भएमा रुख वा जग्गाको व्यवस्थापन गरिरहेको निकायले गरेको निर्णय र नियम १६ को उपनियम (२) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो आयोजना सञ्चालन गर्ने कार्यालयलाई हटाउन स्वीकृति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले नियम २६ बमोजिम लिलाम बिक्री गर्नेछ ।

तर त्यस्तो सार्वजनिक जग्गा उपभोक्ता समूहबाट व्यवस्थापन भएको अवस्थामा त्यस्तो वन पैदावार उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

९४. **सहरी वनको विकास र व्यवस्थापनः** (१) स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रका सहरभित्र पर्ने प्रदेशभित्रको राष्ट्रिय वन बाहेकको कुनै सरकारी, सार्वजनिक वा संघसंस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ती जग्गा, सडक किनार, नहर किनार, नदी तथा तालतलैयाको किनार, साँस्कृतिक तथा धार्मिक क्षेत्र एवं खेल मैदान वरिपरि रहेको जग्गामा सहरी वनको स्थापना, विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको जग्गामा स्थानीय तहले सहरी वनको विकास तथा व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतसँग समन्वय गरी सहरी वन व्यवस्थापन योजना तयार गरी मन्त्रालयको सहमति लिई लागू गर्नु पर्नेछ ।

तर त्यस्तो जग्गा अन्य निकायको स्वामित्वमा रहेको भएमा व्यवस्थापन योजना तयार गर्दा सम्बन्धित निकायको समेत सहमति लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको व्यवस्थापन योजनाको आधारमा स्थानीय तहले सहरी वनको विकास, संरक्षण तथा हेरचाह गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिन वा प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानीयस्तरमा रहेका संघसंस्था वा समूह वा निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ ।

(४) सहरी वनमा स्वीकृत व्यवस्थापन योजनामा उल्लिखित पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सकिनेछ ।

(५) सहरी वनमा वृक्षारोपण गर्दा जलवायू परिवर्तन न्यूनीकरण, जल तथा वायूका कारण हुने विपद् जोखिम न्यूनीकरणमा सहयोगी हुने सौन्दर्यबर्धक प्रजातिका बिरुवा रोपण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(६) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्र बाहेकका उपनियम (१) बमोजिमका क्षेत्रमा निर्देशनालयले सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा सहरी वनको संरक्षण र विकास गर्न सक्नेछ।

(७) यस नियम बमोजिम सहरी वन विकास गर्दा स्थानीय तहलाई प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

९५. **प्रतिस्पर्धात्मक रुपमा सहरी वन व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्थाः** (१) नियम ९४ को उपनियम (१) बमोजिम निर्धारण भएको कुनै क्षेत्रमा सहरी वनको प्रतिस्पर्धात्मक तथा व्यवसायिक रुपमा विकास, संरक्षण र व्यवस्थापन गर्नको लागि सम्बन्धित स्थानीय तहले इच्छुक संघसंस्था, समुदाय, उपभोक्ता समूह वा निजी क्षेत्रलाई व्यवसायिक योजना सहित आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्न आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको प्रस्ताव उपर छानविन गरी उपयुक्त प्रस्ताव छनौट गर्नका लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) सम्बन्धित डिभिजनल वन अधिकृतले खटाएको वन अधिकृत -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको वन तथा वातावरण विषय हेर्ने शाखाको प्रमुख -सदस्य सचिव

(३) उपनियम (१) बमोजिम पेस भएका प्रस्तावमध्ये छनौट भएको प्रस्तावकलाई सम्बन्धित स्थानीय तहले व्यवस्थापन योजना स्वीकृत गरी बढीमा दश बर्षका लागि सम्झौता गरी सम्झौतामा उल्लिखित सार्वजनिक सडक किनारा तथा पार्क, बगैचा वा उद्यानमा रहेको वनको संरक्षण र व्यवस्थापन कार्य सुम्पन सक्नेछ ।

(४) सहरी वनको व्यवस्थापन गर्दा उपनियम (३) बमोजिमको सम्झौता र व्यवस्थापन योजना विपरितका कार्य गरेमा स्थानीय तहले सम्झौता खारेज गरी कुनै हानी नोक्सानी भएमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

९६. **सहरी वनको वन पैदावार बिक्री वितरण र ओसारपसारः** (१) सहरी वनको वन पैदावार व्यवसायिक प्रयोजनका लागि सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र प्रयोग गर्नका लागि कटान, बिक्री वितरण र ओसारपसार गर्ने भएमा डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयबाट लगत मूल्याङ्कन र प्रमाणित गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका वन पैदावार एक स्थानीय तहको क्षेत्रबाट अर्को स्थानीय तहको क्षेत्रमा ओसारपसार गर्नुपर्ने भएमा सम्बन्धित डिभिजन वन कार्यालयबाट सहमति लिनु पर्नेछ।

(३) सहरी वनको वन पैदावार बिक्रीबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित सहरी वनको विकासका लागि खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

९७. **बेवारिसी वा दरिया बुर्दी काठको व्यवस्थापनः** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका बेवारिसी तथा दरिया बुर्दी काठ, दाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनका लागि "दरिया बुर्दी काठ" भन्नाले नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अडकेको वा डुबेको वा पुरिएको काठ वा दहत्तर वहत्तरलाई जनाउँछ ।

(२) उपनियम (१) बमोजिम घाटगद्दीमा रहेका बेवारिसी वा दरिया बुर्दी काठ, दाउराको पूरा विवरण र लगत खोली डिभिजनल वन अधिकृतले त्यस्तो काठ, दाउराको हकदावी गर्नका लागि तीस दिनको अवधि तोकी सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लिखित काठ, दाउरामा हकदावी गर्ने व्यक्ति, उपभोक्ता समूह, संघ संस्था वा निकायले त्यस्तो सूचनामा तोकिएको अवधिभित्र देहायका प्रमाण कागजात सहित आफ्नो हकदाबीको निवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) काठ, दाउरा प्राप्त गरेको वा काठ, दाउराको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) अन्य कुनै हकदावी सावित हुने प्रमाण।

(४) उपनियम (३) बमोजिमको हकदावीका लागि निवेदन परेमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाई सो सम्बन्धमा जाँचबुझ गरी हकदाबी पुग्ने वा नपुग्ने यकिन राय सहितको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ। त्यस्तो अध्ययन प्रतिवेदनको आधारमा डिभिजन वन कार्यालयले हकदावी निवेदन उपर निर्णय गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा डिभिजनल वन अधिकृतले कसैको हकदावी पुग्ने गरी निर्णय गरेमा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च लिई सम्बन्धित व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायलाई त्यस्तो काठ, दाउरा जिम्मा दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम हकदाबी पुग्ने निर्णय भई प्राप्त गरेको काठ, दाउरा व्यवसायिक प्रयोजनका लागि बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिमको काठ, दाउराको सम्वन्धमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी नपुग्ने गरी निर्णय गरेमा त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र निर्देशक समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो विषयमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका काठ, दाउरामध्ये हकदाबी नपरेको वा हकदाबी नपुग्ने निर्णय भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम २६ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ । यसरी गरिएको लिलाम बिक्रीबाट प्राप्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको सिमानाभित्रको खोला नालाबाट सामुदायिक वन उपभोक्ता समूहले सङ्कलन गरेको काठ, दाउरा तोकिएको मूल्यदरका आधारमा मूल्याङ्कन गरी सो बापत लाग्ने दस्तुर लिई उपभोक्ता समूहलाई डिभिजनल वन अधिकृतले समूहभित्रको आन्तरिक खपतको लागि प्रयोग गर्ने गरी अनुमति दिन सक्नेछ।

(१०) उपनियम (९) बमोजिम समूहभित्रको आन्तरिक खपत भई बाँकी रहेको वन पैदावार डिभिजनल वन अधिकृतले नियम २६ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ । यसरी लिलाम बिक्री गर्दा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च सम्बन्धित समूहलाई सोधभर्ना दिनु पर्नेछ ।

## परिच्छेद-१३

## विकास आयोजना सम्बन्धी व्यवस्था

९८. **वनक्षेत्र नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्नेः** (१) विकास आयोजना सञ्चालन गर्ने निकाय, प्रदेश सरकारका मन्त्रालय र मातहतका निकाय, स्थानीय तह र निजी क्षेत्रले आयोजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म प्रदेशभित्रको राष्ट्रिय वनको कुनै पनि भाग नपर्ने गरी अध्ययन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सम्भाव्यता अध्ययनबाट वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा डिभिजन वन कार्यालयको सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने र न्यूनतम रुख बिरुवा मात्र हटाउनु पर्ने विकल्पको अध्ययन तथा विश्लेषण गरी मुख्य क्रियाकलाप समावेश भएको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) विकास आयोजना सञ्चालनका लागि प्रयोग हुने वनक्षेत्रको यकिन गर्दा आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने राइट अफ वे, सेक्यूरिटी पेरिमिटर, हरित पेटी, पहुँच मार्ग, पछि संरचना निर्माण गर्नु पर्ने क्षेत्र र रुख हटाउनु पर्ने क्षेत्रको क्षेत्रफल जस्ता अनिवार्य आवश्यकताका क्षेत्र समेटिएको हुनु पर्नेछ ।

९९. **वनक्षेत्र प्रयोग गर्न स्वीकृति लिनु पर्नेः** (१) नियम ९८ बमोजिमको सम्भाव्यता अध्ययन गर्दा वनक्षेत्र प्रयोग गर्नु वाहेक अन्य कुनै विकल्प नदेखिएमा विकास आयोजनाले प्रचलित प्रदेश कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व मन्त्रालयबाट अध्ययन सहमति लिनु पर्नेछ र त्यस्तो प्रतिवेदन तयार गर्दा डिभिजन वन कार्यालयसँग परामर्श लिनु पर्नेछ ।

(३) नियम ९८ बमोजिमको सम्भाव्यता अध्ययनबाट वनक्षेत्र प्रयोग गर्नु पर्ने देखिएमा र उपनियम (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा विकास आयोजनाले देहायका विवरण राखी वनक्षेत्र प्रयोग गर्न

स्वीकृतिको लागि विषयगत मन्त्रालय वा निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन वा वनक्षेत्र आवश्यक पर्ने तथ्यपरक आधार र कारण खुलेको प्रतिवेदन,

(ख) कुनै निकायबाट अनुमतिपत्र जारी भएको आयोजना भए त्यस्तो अनुमतिपत्रको प्रतिलिपि,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्बन्धी कागजात,

(ङ) प्रदेश सरकारको आयोजनाको हकमा प्रदेश सरकारले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

(च) प्रदेश लगानी प्राधिकरणबाट स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित प्राधिकरणको निर्णय

(छ) स्थानीय तहको प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित स्थानीय तहले बजेट सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

(ज) प्रयोग गर्नुपर्ने प्रदेशभित्रको राष्ट्रिय वनको क्षेत्रफल र हटाउनु पर्ने रुख बिरुवाको लगत सहितको विवरण।

(४) उपनियम (१) बमोजिम निवेदन पेस गर्दा प्रदेश सरकारको प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा प्रदेश योजना

आयोग र स्थानीय तहको प्राथमकिता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय समेत पेस गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको निवेदनका आधारमा सम्बन्धित निकायले आवश्यक कागजात र सिफारिस सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधार क्षेत्रको सुरक्षाको लागि वनक्षेत्रभित्र सुरक्षाकर्मी बस्ने वा मन्त्रालय मातहतको वन, वन अनुसन्धान, वनस्पति र जलाधार कार्यालयको निमित्त आवश्यक पर्ने स्थायी प्रकृतिको भवन निर्माण गर्नु पर्ने भएमा मन्त्रालय मार्फत संघीय वन मन्त्रालयमा पेस गरी निकासा भए बमोजिम गर्नु पर्नेछ।

१००. **<u>विवरण उपलब्ध गराउनु पर्नेः</u>** (१) नियम ९९ बमोजिम कुनै विकास आयोजनाको लागि प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृतिको लागि माग भई आएमा मन्त्रालयले स्थलगत विवरण उपलब्ध गराउन निर्देशनालयमा पठाउनु पर्नेछ र सोको जानकारी विभागलाई समेत दिनु पर्नेछ।

(२) निर्देशनालयले आवश्यक जाँचबुझ गरी देहायको विवरण खुलाई पेस गर्न डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछः-

(क) विकास आयोजनालाई प्रयोग गर्न दिनु पर्ने प्रदेशको राष्ट्रिय वनको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोर्डिनेट, नापीको प्रमाणित नक्सा र सिट नम्बर, भौगोलिक क्षेत्र, विद्यमान वन व्यवस्थापन पद्दति, वनको किसिम अनुसारको क्षेत्रफल लगायतका आधिकारिक विवरण,

(ख) विकास आयोजना कार्यान्वयन गर्दा प्रयोग हुने प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रबाट हटाउनु पर्ने रुख बिरुवाको अनुसूची-४५ बमोजिमको लगत सहितको विवरण,

(ग) विकास आयोजनाको लागि माग भएको प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट निर्णय,

(घ) विकास आयोजना अनुसार अन्य आवश्यक विवरण ।

(३) उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमको विवरण तयार गर्न सम्बन्धित विकास आयोजनाले डिभिजन वन कार्यालयलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमको विवरणको आधारमा आफ्नो राय सहित निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) निर्देशनालयले उपनियम (४) बमोजिम डिभिजन वन कार्यालयको राय सहितको विवरण अध्ययन गरी आफ्नो राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले आवश्यक जाँचबुझ गरी विभाग समक्ष पेस गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले निर्देशनालय समक्ष विवरण माग गरेको भएमा डिभिजन वन कार्यालयबाट राय सहित प्राप्त भएको विवरणका आधारमा निर्देशनालयले आफ्नो राय समावेश गरी सोझै विभाग समक्ष पेस गरी सोको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

१०१. **संघीय कानुन र यस नियम बमोजिम हुने:** (१) नेपाल सरकारबाट विकास आयोजना सञ्चालनका लागि प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएपछिको जग्गा उपलब्ध गराउने, रकम लिने, वातावरणीय सेवा शुल्क लिने, सम्झौता गर्ने लगायतका विषयहरु संघीय कानुन बमोजिम हुनेछ।

(२) कुनै विकास आयोजना सञ्चालन गर्नको लागि सम्झौता भएको भए सम्झौताको पालना भए नभएको सम्वन्धमा निर्देशनालय वा डिभिजन वन कार्यालयले नियमित अनुगमन गर्नु पर्नेछ।

(३) प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्दा वनमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानी नोक्सानी भएमा विकास आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय वा प्रदेश सरकार वा स्थानीय तहले आयोजनाको तर्फबाट त्यस्तो हानी नोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था गर्नु पर्नेछ।

१०२. **वनक्षेत्रमा प्रवेशः** (१) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रमा नेपाल सरकारबाट अनुमति प्राप्त विकास आयोजना सञ्चालन गर्नुपूर्व सम्बन्धित विकास आयोजना सञ्चालकले विकास आयोजना सञ्चालनको लागि प्राप्त अनुमतिपत्र, विभागसँग गरेको सम्झौता, वनक्षेत्र प्रयोग गर्न दिएको अनुमतिपत्र र अन्य कागजात सहित वनक्षेत्रमा प्रवेशको लागि डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन माथि आवश्यक जाँचबुझ गरी डिभिजनल वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रमा विकास आयोजना सञ्चालनको लागि वन प्रवेश गर्न इजाजत दिनु पर्नेछ ।

१०३. **खनिज कार्यका लागि वनक्षेत्रको प्रयोगः** (१) ऐनको दफा ५२ को प्रयोजनका लागि देहायका कागजात खुलाई प्रदेशको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानुन बमोजिम खानी अन्वेषण गर्न प्राप्त इजाजतपत्र,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) माइनिङ्ग स्किम,

(घ) अनुसन्धान गर्ने वनक्षेत्रको ठेगाना, चारकिल्ला र क्षेत्रफल

(ङ) उद्योग दर्ता प्रमाणपत्र ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा प्रदेशको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक कागजात र सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) वनक्षेत्रभित्र खानी अन्वेषण गर्न दिन उपयुक्त देखेमा मन्त्रालयले शर्त सहितको सम्झौता गरी पाँच हजार दस्तुर लिई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइएको अनुमतिको जानकारी निर्देशनालय र डिभिजन वन कार्यालयलाई समेत दिनु पर्नेछ ।

(५) वनक्षेत्रभित्र खनिज पदार्थ उत्खनन् सम्बन्धी व्यवस्था संघीय ऐन तथा नियममा भए बमोजिम हुनेछ ।

१०४. **रुख हटाउने सम्बन्धी व्यवस्थाः** (१) विभाग र विकास आयोजना वा खनिज कार्य गर्ने निकायबीच भएको सम्झौता प्राप्त भएपछि डिभिजन वन कार्यालयले त्यस्तो आयोजना सञ्चालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी निर्देशनालयमा पठाउनु पर्नेछ र निर्देशनालयबाट प्रमाणित भई आएपछि कटान इजाजत उपलब्ध गराउनु पर्नेछ ।

(२) रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित निकायले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु पर्नेछ।

१०५. **वन पैदावारको व्यवस्थापनः** (१) आयोजना सञ्चालनका लागि प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृति पाएको वा संघीय कानुन बमोजिम खनिज उत्खनन् गर्न स्वीकृति पाएको वा संघीय ऐनको दफा ४२ बमोजिम आयोजनालाई प्रयोग गर्न दिएको वनक्षेत्रमा उक्त आयोजना सञ्चालनको क्रममा रुख हटाउन स्वीकृति पाएको निकायले आफ्नै खर्चमा रुख, बिरुवा तथा अन्य वन पैदावार कटान, मुछान तथा सङ्कलन गरी डिभिजनल वन अधिकृतले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

तर घाटगद्दीमा रहेको एक वर्ष भित्रमा नै सडिगली जान सक्ने नरम प्रजातिका रुख र वनक्षेत्र बाहिरका राइट अफ वेमा भएका रुख मूल्याङ्कनको आधारमा खडै लिलाम बिक्री गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमका कार्य सम्बन्धित डिभिजन वन कार्यालयको वन अधिकृतको रोहबरमा सम्पन्न गरी डिभिजन वन कार्यालयलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वनको हकमा उपनियम (१) बमोजिमको कार्य गर्दा सम्बन्धित उपभोक्ता

समूहको कार्यसमितिका प्रतिनिधि समेतको रोहबरमा गरी सम्बन्धित उपभोक्ता समूहलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको बार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(५) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्र विकास आयोजना सञ्चालन गर्दा नदीजन्य पदार्थ निस्किएमा संघीय ऐन तथा नियममा भएको व्यवस्था बमोजिम आयोजनाले उपयोग गर्न सक्नेछ ।

१०६. **<u>अनुगमन गर्न तथा निर्देशन दिन सक्नेः</u>** (१) यस परिच्छेद बमोजिम गर्नु पर्ने काम भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नेछ।

(२) मन्त्रालयले वनक्षेत्र प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित आयोजनालाई जुनसुकै बखत सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित आयोजनाको कर्तब्य हुनेछ।

## परिच्छेद-१४

## <u>वन्यजन्तु, चराचुरुङ्गी संरक्षण तथा वनस्पति सम्बन्धी व्यवस्था</u>

१०७. **<u>जैविक मार्गको संरक्षण र व्यवस्थापनः</u>** (१) ऐनको दफा ५३ बमोजिम प्रदेश सरकारले तोकेको जैविक मार्गको संरक्षण र व्यवस्थापन गर्नु मन्त्रालय, निर्देशनालय तथा सम्बन्धित डिभिजन वन कार्यालयको कर्तब्य हुनेछ।

(२) जंगली हात्ती, कस्तुरी, हिउँ चितुवा, हाब्रे लगायतका वन्यजन्तुले प्रयोग गर्ने जैविक मार्गको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयले प्रत्येक वर्ष बार्षिक कार्यक्रममा रकम विनियोजन गर्न सक्नेछ।

(३) विभिन्न वन व्यवस्थापन पद्दति अवलम्बन गरी संरक्षण गरिएका वनमा अनिवार्य रुपमा जैविक मार्गमा अवरोध नआउने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

१०८. **<u>मानव वन्यजन्तु द्वन्द सम्बन्धी व्यवस्थाः</u>** (१) संरक्षित क्षेत्र बाहिर प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापन अन्तर्गतका सामुदायिक वन,

साझेदारी वन, कबुलियती वन तथा धार्मिक वनका समूहले आ-आफ्नो क्षेत्रमा हुने मानव वन्यजन्तु द्वन्द व्यवस्थापन गर्नका लागि वन व्यवस्थापनबाट प्राप्त गर्ने आयको निश्चित अंश छुट्याउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमका समूहले मानव वन्यजन्तु द्वन्द व्यवस्थापनलाई सहज हुने किसिमको वन व्यवस्थापन गर्न कार्ययोजना तयारी वा संशोधन गर्नु पर्नेछ ।

(३) निर्देशनालयले संरक्षित क्षेत्र बाहिर मानव वन्यजन्तु द्वन्दको अवस्था, समस्या र अपनाउनु पर्ने उपाय पहिचान गरी प्रत्येक दुई बर्षमा मन्त्रालयमा कार्ययोजना सहितको प्रतिबेदन पेस गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको कार्ययोजना मन्त्रालयबाट स्वीकृति भएपछि सोको कार्यान्वयन गर्नु ऐन कार्यान्वयनसँग सम्बद्ध सबै तह तथा निकायको कर्तब्य हुनेछ ।

(५) संरक्षित क्षेत्र बाहिर मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका सम्वन्धमा मन्त्रालयले कार्यविधि वनाई लागू गर्न सक्नेछ।

१०९. **चिडियाखाना वा प्राणी उद्यान स्थापना सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५५ बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न चाहने इच्छुक कुनै संस्था वा निकाय वा स्थानीय तह वा समुदायले अनुसूची-४६ बमोजिमको कार्ययोजना तथा संरक्षण, शिक्षा, मनोरञ्जन, आमोदप्रमोद, वंशाणु स्रोत संरक्षण, अध्ययन, अनुसन्धान एवं पर्यटन प्रवर्धन सम्बन्धी विषय समावेश गरी तयार गरिएको व्यवसायिक योजना संलग्न राखी अनुमतिको लागि अनुसूची-४७ बमोजिमको ढाँचामा निर्देशनालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कार्ययोजनाका सम्वन्धमा नियम ३७ को उपनियम (२) बमोजिमको प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गरी निर्देशनालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ र निर्देशनालयले त्यस्तो प्रतिवेदन सिफारिस सहित मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेस भएको प्रतिवेदन समेतलाई आधार मानी मन्त्रालयले चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्न अनुमति दिने वा नदिने सम्वन्धमा आवश्यक निर्णय गर्नेछ।

(४) उपनियम (३) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना तथा सञ्चालन गर्न अनुमति दिने निर्णय भएमा मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको दस्तुर र प्रचलित कानुन बमोजिमको वन्यजन्तुको दस्तुर तथा अनुमति पत्र बापत दुई हजार रुपैयाँ लिई निर्देशनालयले अनुसूची-४८ बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनुअघि स्थापना भएका चिडियाखाना वा प्राणी उद्यानले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्ययोजना र व्यवसायिक योजना सहित अनुमति लिनु पर्नेछ ।

११०. **वन्यजन्तुबाट हुने क्षति वापत दिइने राहतः** (१) ऐनको दफा ५६ बमोजिम हात्ती, ध्वासे चितुवा, हिउँ चितुवा, चितुवा, अर्ना, भालु, जंगली बँदेल, निलगाई, मगर गोही, जंगली कुकुर, अजिंगर र ब्वाँसोको आक्रमणमा परी हुने मानव, चौपाया, घरगोठ र कृषि बालीको क्षतिको राहतका लागि प्रदेश सरकारले तोकेको मापदण्ड सहितको कार्यविधिका आधारमा डिभिजन वन कार्यालयले राहत उपलब्ध गराउनेछ।

(२) उपनियम (१) बमोजिमको क्षतिको राहतका लागि प्रदेश सरकारले मानव, चौपाया, घरगोठ र कृषि बालीको सामुहिक बिमाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१११. **वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धारकेन्द्र सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५७ बमोजिम वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धारकेन्द्र स्थापना गर्न चाहने इच्छुक कुनै संस्था वा निकाय वा स्थानीय तह वा समुदायले अनुसूची-४९ बमोजिमको कार्ययोजना संलग्न राखी अनुमतिको लागि अनुसूची-५० बमोजिमको ढाँचामा निर्देशनालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कार्ययोजनाका सम्वन्धमा नियम ३७ को उपनियम (२) बमोजिमको प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गरी निर्देशनालय समक्ष प्रतिवेदन पेस गर्नेछ र निर्देशनालयले त्यस्तो प्रतिवेदन सिफारिस सहित मन्त्रालय समक्ष पेस गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेस भएको प्रतिवेदन समेतलाई आधार मानी मन्त्रालयले वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धारकेन्द्र स्थापना गरी सञ्चालन गर्न अनुमति दिने वा नदिने सम्वन्धमा आवश्यक निर्णय गर्नेछ ।

(४) उपनियम (३) बमोजिम वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धारकेन्द्र स्थापना तथा सञ्चालन गर्न अनुमति दिने निर्णय भएमा मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको दस्तुर र प्रचलित कानुन वमोजिम वन्यजन्तुको लागि तोकिएको दस्तुर तथा अनुमति पत्र बापत दुई हजार रुपैयाँ लिई निर्देशनालयले अनुसूची-५१ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(५) यो नियमावली प्रारम्भ हुनुअघि स्थापना भएका वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धारकेन्द्रले यो नियमावली प्रारम्भ भएको मितिले एकवर्ष भित्र कार्ययोजना र व्यवसायिक योजना सहित अनुमति लिनु पर्नेछ ।

**११२. वनस्पति अनुसन्धान केन्द्र स्थापना सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ५८ बमोजिम प्रदेश सरकारले प्रदेशभित्र पाईने वनस्पतिको अध्ययन अनुसन्धान गर्न मन्त्रालयको प्रस्तावको आधारमा कुनै पनि स्थानको चार किल्ला तोकी प्रादेशिक वनस्पति अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम घोषणा भएको वनस्पति अनुसन्धान केन्द्रले संघ तथा स्थानीय तहसँग समन्वय गरी वनस्पति स्रोतहरुको सर्वेक्षण, नमुना सङ्कलन, पहिचान गरी प्रादेशिक फ्लोरा प्रकाशन तथा वनस्पति स्रोत अद्यावधिक गर्नेछ। यसको सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक कार्यविधि निर्माण गर्न सक्नेछ।

**११३. वन्यजन्तु स्थानान्तरण सम्बन्धी व्यवस्था:** (१) वन्यजन्तुको वंश संरक्षण, जैविक विविधता संरक्षण, पर्यापर्यटन प्रवर्धन जस्ता उद्देश्यको लागि वन्यजन्तु स्थानान्तरण गर्नु पर्ने भएमा नियम ३७ को उपनियम (२) बमोजिमको प्राविधिक समितिले वन्यजन्तु प्रजातिको जीवन सक्षम संख्या (भाएबल पपुलेशन), बासस्थानको अवस्था, सुरक्षाको प्रवन्ध लगायतका

विषयमा प्रतिवेदन तयार गरी सिफारिस साथ निर्देशनालय समक्ष पेस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि निर्देशनालयले आफ्नो राय सहित मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस हुन आएको प्रतिवेदन समेतका आधारमा मन्त्रालयले वन्यजन्तु स्थानान्तरण सम्वन्धमा निर्णय गर्नेछ ।

## परिच्छेद-१५

## जलाधार व्यवस्थापन सम्बन्धी व्यवस्था

**११४. जलाधार क्षेत्रको वर्गीकरणः** (१) निर्देशनालयले ऐनको दफा ५९ बमोजिम जलाधार क्षेत्रको वर्गीकरण गर्दा सम्बन्धित जिल्ला हेर्नका लागि तोकिएका भू-संरक्षण हेर्ने सम्बन्धित कार्यालयको प्रमुखको संयोजकत्वमा एक समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिको परामर्शमा निर्देशनालयले त्यस्तो जग्गाको क्षेत्रफल, सिमाना र गरिने कार्य, प्राकृतिक प्रकोप हुने वा हुनसक्ने स्थान समेत खुलाई जलाधार क्षेत्रको वर्गीकरण गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको विवरण र वर्गीकरण गरिएको जलाधार क्षेत्र समावेश गरी तयार पारिएको अनुसूची-५२ बमोजिमको सूचना सम्बन्धित डिभिजन वन कार्यालय मार्फत सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समितिको कार्यालयमा टाँस गर्न लगाउनु पर्नेछ ।

**११५. जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनः** (१) निर्देशनालयको राय बमोजिम मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले घोषणा गरेको संरक्षित जलाधार क्षेत्रको सञ्चालन र व्यवस्थापन सम्बन्धित क्षेत्रको भू-संरक्षण अधिकृतले गर्नेछ ।

(२) संरक्षित जलाधार क्षेत्रभित्र परेको निजी स्वामित्वको जग्गामा बाढी, पैरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको रोकथाम वा नियन्त्रण गर्ने, गल्छी नियन्त्रण, तटबन्ध, गरा सुधार, कुलो, सहायक कूलो, ढल, टेवा दिने पर्खाल, पोखरी र अन्य आवश्यक बनोटको निर्माण तथा

त्यस्तो संरचनाको स्यहार सम्भार सम्बन्धी काम जग्गाधनी आफैले गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको काम गर्न आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग चाहिएमा कामको योजना, आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा र आर्थिक विवरण खोली सम्बन्धित जग्गाधनीले अनुसूची-५३ बमोजिमको ढाँचामा सम्बन्धित भू-संरक्षण हेर्ने सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परेको निवेदनमा भू-संरक्षण अधिकृतले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित निकासाको लागि निर्देशनालय समक्ष लेखी पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको रायका आधारमा वा निर्देशनालयले आवश्यक देखेमा पुनः जाँचबुझ गरी गराई यथाशीघ्र निकासा दिनु पर्नेछ ।

११६. **<u>संरक्षित जलाधार क्षेत्र वा प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा गर्न नहुने कामः</u>** संरक्षित जलाधार क्षेत्र वा प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा कसैले पनि देहायका कार्य गर्न वा गराउन हुदैनः-

(क) भू-क्षय वा कटान हुन सक्ने कार्य,

(ख) कुनै खोला, नाला, खहरे, ताल वा जलासयको वा भूमिगत पानी कुनै पनि किसिमले थुन्ने वा जम्मा गर्ने वा थुनिएको वा जम्मा गरिएको पानी कूलो, सहायक कूलो, ढलद्वारा वा अन्य कुनै किसिमले अन्यत्र लैजाने वा फर्काउने वा त्यस्तो पानी त्यसरी थुनी, जम्मा गरी लगी वा फर्काई वा अन्य कुनै किसिमले काममा प्रयोग गर्ने,

(ग) ऐन तथा यस नियमावली बमोजिम आफू खुश गर्न नपाउने रुख बिरुवा

वा अन्य वन पैदावार काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्ने,

(घ) भैरहेको वनजंगल, रुख बिरुवा, झारपात, घाँस वा अन्य प्राकृतिक वनस्पति काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्ने,

(ङ) ढुङ्गा, माटो, वालुवा, हिलो आदि थुप्रिन तथा जम्मा हुन जाने काम गर्ने वा थुप्रिएको वा जम्मा भएका ढुङ्गा, माटो, वालुवा, हिलो आदि बगाई लैजान दिने काम,

(च) ढुङ्गा, बालुवा वा अन्य प्रकारको माटो खन्ने, झिक्ने वा लैजाने,

(छ) फोहोरमैला वा अन्य यस्तै प्रकारको वातावरण दुषित पार्ने खालको अन्य कसिङ्गरहरु फ्याक्ने वा त्यस्तो फोहोरमैला र कसिङ्गर थुपार्ने वा राख्ने ठाउँको निर्माण गर्ने,

(ज) उद्योग, व्यवसाय, बसोबासको वस्ती स्थापना गर्ने,

(झ) गाई, भैसी, भेडाबाखा, कुखुरा र अन्य यस्तै घरपालुवा पशु तथा पंक्षी, लैजाने राख्ने वा चराउने ।

**११७. अनुमति लिनु पर्नेः** (१) नियम ११६ मा निषेध गरिएका कुनै काम गर्नुपर्ने भएमा त्यसको कारण सहित अनुसूची-५४ बमोजिमको ढाँचामा भू-संरक्षण अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भू-संरक्षण अधिकृतले जाँचबुझ गर्दा अनुमति दिन उपयुक्त देखेमा अनुसूची-५५ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

**११८. सिमसार र तालतलैया क्षेत्रको वर्गीकरणः** (१) निर्देशनालयले स्थलगत अध्ययन गरी प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्र पर्ने सिमसार क्षेत्र र तालतलैयालाई संरक्षित क्षेत्र बाहिरका सरकारी एवं सार्वजनिक सिमसार तथा तालतलैया र निजी क्षेत्रभित्रका सिमसार तथा तालतलैयाका रुपमा वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिमसार क्षेत्र तथा तालतलैयालाई वर्गीकरण गर्दा पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, सिमसार र तालतलैया क्षेत्रमा रहेको स्रोतमाथिको मानवीय चाप र प्राकृतिक रुपमा उक्त क्षेत्रको संरक्षण र संवर्द्धनको आवश्यकतालाई समेत ख्याल गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम गरिएको वर्गीकरणको जानकारीका लागि अनुसूची-५६ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित डिभिजन वन कार्यालय मार्फत सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समितिको कार्यालयमा टाँस गर्न लगाउनु पर्नेछ।

**११९. सिमसार र तालतलैया संरक्षण र व्यवस्थापनः** (१) नियम ११८ बमोजिम निर्देशनालयले सार्वजनिक गरेको वा ऐनको दफा ६२ बमोजिम प्रदेश सरकारले घोषणा गरेको संरक्षित सिमसार र तालतलैया क्षेत्रको संरक्षण, सञ्चालन र व्यवस्थापन भू-संरक्षण सम्बन्धी विषय हेर्ने कार्यालयले गर्नेछ।

(२) भू तथा जालाधार व्यवस्थापन कार्यालयले उपनियम (१) बमोजिमको सिमसार र तालतलैया क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन उपयुक्त स्थानमा कबुलियत, सामुदायिक, निजी व्यवस्थापन र संयुक्त व्यवस्थापन जस्ता नमूना निर्धारण गरी सोको कार्ययोजना निर्देशनालयबाट स्वीकृत गराई सिमसार तथा तालतलैया क्षेत्रको संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(३) निजी तथा व्यक्ति विशेषको स्वामित्वमा रहेका जग्गामा भएका सिमसार तथा तालतलैया क्षेत्रका धनीको प्राविधिक एवं व्यवस्थापन क्षमता अभिवृद्धि गर्नका लागि निर्देशनालयले आनुवंशिक स्रोतको संरक्षण एवं प्रयोग, जीव एवं प्राणीको संरक्षण, जलाश्रित

पन्छीहरुको संरक्षण जस्ता विषयमा आवश्यक तालिम र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

१२०. **<u>सिमसार तथा तालतलैया निषेधित कार्यः</u>** (१) सिमसार तथा तालतलैया क्षेत्रमा देहायका कार्य गर्न पाइने छैनः-

(क) जैविक विविधता एवं रैथाने प्रजातिलाई नष्ट गर्ने, विस्थापित गर्ने र अतिक्रमण गर्ने,

(ख) सिमसार तथा तातलैया क्षेत्रमा रासायनिक एवं घरायसी फोहोरमैला फाल्ने, औद्योगिक निस्कासन गर्ने, विषादी प्रयोग गर्ने, विद्युतीय तरङ्ग प्रयोग गर्ने र विस्फोटक पर्दाथ फाल्ने

(ग) सिमसारको पानी कम गर्ने वा सुकाउने, पानी बगेर आउने स्रोत बन्द गर्ने वा अन्यत्र स्थानमा लैजाने, भू-क्षय गराउने, परम्परागत प्रयोगमा ह्रास गराउने, सिमसार तथा तालतलैया क्षेत्रलाई कृषियोग्य जमिनमा परिवर्तन गर्ने वा नगदे बाली लगाउने,

(घ) सिमसार तथा तालतलैया वरिपरि अनियन्त्रित रुपमा उद्योग व्यवसाय गर्ने, उत्खनन् कार्य गर्ने,

(ङ) भूमिगत जलस्रोत निकाल्ने र चरि चरण गर्ने ।

(२) उपनियम (१) को अधीनमा रही स्थानीय तह समेतको संलग्नतामा वर्गीकृत सिमसार र तालतलैया क्षेत्रको वन पैदावार, पानी र अन्य प्राकृतिक रुपमा संरक्षण गर्न आवश्यक चिज, बस्तु र पदार्थमा आधारित व्यवस्थापन योजना तयार गरी भू-संरक्षण सम्बन्धी विषय हेर्ने सम्बन्धित कार्यालयबाट स्वीकृत गराई सिमसार तथा

तालतलैया क्षेत्रको भू-उपयोग परिवर्तन नहुने गरी वन उपभोक्ता समूह, निजी व्यक्ति वा साझेदारीमा पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१२१. **सिमसार क्षेत्रको संरक्षण तथा पर्यापर्यटन विकास सम्बन्धी व्यवस्था:** (१) डिभिजनल वन अधिकृतले रामसार कन्भेन्सन अन्तर्गतको अन्तर्राष्ट्रियस्तरमा महत्व राख्ने सिमसार क्षेत्र सम्बन्धीको रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी पर्यापर्यटन विकास तथा प्रवर्धन गर्न रणनीतिक योजनाको आधारमा छुट्टै व्यवस्थापन योजना तयार गरी व्यवस्थापन गर्नु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्रको खास महत्वपूर्ण सिमसार क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी पर्यापर्यटन विकास तथा प्रवर्धन गर्न रणनीतिक योजनाको आधारमा छुट्टै व्यवस्थापन योजना तयार गरी व्यवस्थापन गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिम तयार भएको रामसार सूचीमा सूचिकृत सिमसार क्षेत्रको व्यवस्थापन योजना निर्देशनालयमा पठाउनु पर्नेछ । निर्देशनालयले मन्त्रालयको सहमति लिई आफ्नो रायसाथ विभाग मार्फत स्वीकृतिको लागि नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिमको सिमसार क्षेत्रको व्यवस्थापन योजना निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ। व्यवस्थापन योजनामा निर्देशनालयले सुधार गर्नुपर्ने आवश्यक देखेमा सुधार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(५) उपनियम (३) र (४) बमोजिम स्वीकृत व्यवस्थापन योजनाको कार्यान्वयन डिभिजन वन कार्यालयले गर्नेछ।

(६) उपभोक्ता समूहद्वारा व्यवस्थापन गरिएको वनक्षेत्रभित्र रहेका सिमसार र त्यहाँ रहेका स्रोतको संरक्षण र व्यवस्थापन सम्बन्धित उपभोक्ता समूहले उपनियम (३) र उपनियम (४) बमोजिमको व्यवस्थापन योजनाको अधीनमा रही समूहको कार्ययोजनामा समावेश गरी गर्नु पर्नेछ।

(७) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्रका सिमसार क्षेत्रमा पर्यापर्यटन सञ्चालन सम्बन्धी मापदण्ड नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१६

## विशेष व्यवस्था

१२२. **नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) डिभिजन वन कार्यालयले वनक्षेत्रको संवेदनशीलतालाई ध्यान दिई असोज मसान्तपछि आफ्नो क्षेत्रको प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रका नदी खोलामा जम्मा भएको वा थुप्रिएको नदीजन्य पदार्थबाट वन जंगल, मानव वस्ती, खेतीपाती वा भौतिक संरचनामा असर पर्ने वा नपर्ने यकिन गरी सङ्कलन तथा बिक्री वितरण गर्न सकिने नदीजन्य पदार्थको विवरण सङ्कलन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विवरण सङ्कलन गर्न देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) डिभिजनल वन अधिकृत - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) वातावरण निरीक्षक/वातावरण विज्ञ - सदस्य

(घ) अधिकृत प्रतिनिधि, निर्देशनालय - सदस्य

(ङ) सिभिल इन्जिनियर - सदस्य

(च) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि - सदस्य

(छ) सम्बन्धित वन उपभोक्ता समूह (हरु)को अध्यक्ष वा निजलेतोकेको समिति सदस्य - सदस्य

(ज) डिभिजनल वन अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिमा आवश्यकता अनुसार एक जना भूगर्भ विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिमको समितिले नदीजन्य पदार्थको विवरण सङ्कलन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) उत्खनन् र सङ्कलन गर्न प्रस्ताव गरिएको वनक्षेत्रको वातावरणीय संवेदनशीलता,

(ख) नदीको दुवै तर्फ पच्चीस प्रतिशत भाग छोडी वीचको पचास प्रतिशत भागबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाणात्मक विवरण,

(ग) भण्डारण वा घाटगद्दी तोक्न सकिने क्षेत्र र दुरी,

(घ) ढुवानीको लागि प्रयोग हुने बाटो एवं निकासी गर्ने नाकाको अवस्था ।

(५) उपनियम (२) बमोजिमको समितिले उपनियम (४) मा उल्लेख भए बमोजिमको विवरण सङ्कलन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम सङ्कलित विवरणका आधारमा सम्बन्धित डिभिजन वन कार्यालयले प्रत्येक दुई बर्षमा मन्त्रालयबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएर वनक्षेत्रबाट नदीजन्य पदार्थको सङ्कलन तथा बिक्री वितरणका लागि प्रचलित कानुन बमोजिम ठेक्का लगाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयले लगाएको ठेक्काको शर्त बमोजिम कार्य सम्पादन भए नभएको सम्वन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

(क) निर्देशक, वन निर्देशनालय - संयोजक

(ख) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष (हरु) - सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय (वन र वातावरण हेर्ने) दुई जना - सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) जिल्लाको सशस्त्र प्रहरी बल प्रमुख - सदस्य

(च) मन्त्रालयले तोकेको सिभिल इन्जिनियर
- सदस्य

(छ) सम्बन्धित वन उपभोक्ता समूह(हरु)को अध्यक्ष वा निजले तोकेको समिति सदस्य
- सदस्य

(ज) सम्बन्धित डिभिजनल वन अधिकृत
- सदस्य सचिव

(८) मन्त्रालयमा वातावरण निरीक्षक नभएको अवस्थामा उपनियम (७) बमोजिमको समितिमा एक जना वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(९) उपनियम (७) बमोजिमको अनुगमन समितिले अनुगमन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का शर्त विपरित नदीजन्य पदार्थको सङ्कलन तथा बिक्री वितरण भएको पाइएमा समितिले निर्णय गरी तत्काल ठेक्का प्रकृया रद्द गर्न लगाई संलग्न व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित डिभिजन वन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ।

(१०) यस नियम बमोजिम नदीजन्य पदार्थको सङ्कलन र बिक्री वितरणबाट प्राप्त हुन आएको राजस्व प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१२३. **वन स्थापना र वृक्षारोपण सम्बन्धी व्यवस्थाः** (१) प्रदेशभित्रका शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानमा वन स्थापना गराई वनक्षेत्र वृद्धि गराउन तथा सडक किनारामा वृक्षारोपण गर्न मन्त्रालयले नर्सरी निर्माण र बिरुवा उत्पादनका कार्यक्रममा बजेट विनियोजन गर्न सक्नेछ ।

तर, उच्च पहाडी तथा हिमाली क्षेत्रमा परम्परागत रुपमा रहेका खर्क र घाँसे मैदानलाई प्रतिकूल असर पार्ने गरी वृक्षारोपण गर्न पाइने छैन ।

(२) उपनियम (१) बमोजिम विनियोजित रकमबाट उत्पादन गरिएका बिरुवा प्रदेशभित्रका शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा

कम वनक्षेत्र रहेका स्थान तथा सडक किनारामा उपयुक्त हुने बिरुवा लगाई लगाइएका बिरुवाको अवस्था समेत झल्कने गरी सोको लगत डिभिजन वन कार्यालयले राख्नु पर्नेछ।

(३) प्रत्येक वर्ष डिभिजन वन कार्यालयले उपनियम (२) बमोजिमको लगतको विवरण मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ र मन्त्रालयले वृक्षारोपण गरिएका बिरुवाको स्थिति समेतका आधारमा वन स्थापना, वृक्षारोपण र गोडमेल तथा सोको व्यवस्थापनका लागि आवश्यक प्रवन्ध गर्नेछ ।

(४) प्रदेश सरकारले आवश्यक ठानेमा उपनियम (१) बमोजिमको वनक्षेत्रमा वन विकास र वृक्षारोपणका लागि लगानी, पूँजी, सिप र प्रविधिका क्षेत्रमा निजी क्षेत्र र स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ ।

(५) स्थानीय तहले निजी नम्बरी जग्गाबाट कटान हुने रुख बापत लिने सिफारिस दस्तुर, जिल्ला वन पैदावार आपूर्ति समितिबाट बिक्री बितरण हुने काठ, दाउरा वापतको सिफारिस दस्तुर, सामुदायिक वनको पर्यापर्यटनबाट हुने आम्दानीबाट लिएको शुल्क दस्तुर लगायत वनस्रोतबाट प्राप्त हुने रकम वन विकास, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने गरी खर्च गरी सोको विवरण सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१२४. **<u>वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोगः</u>** (१) वनक्षेत्रभित्र भौतिक वस्तुको व्यापार वा व्यवसायजन्य प्रचारप्रसार सामग्री प्रयोग गर्न चाहने कुनै पनि व्यक्ति, संस्था वा निकायले प्रयोग गर्न चाहेको प्रचारप्रसार सामग्रीको विवरण सहित अनुसूची-५७ बमोजिमको ढाँचामा निर्देशनालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेस भएमा निर्देशकले जाँचबुझ गरी त्यस्तो प्रचारप्रसार सामग्री वनक्षेत्रभित्रको मुख्य सडकको किनारामा प्रयोग गर्ने भएमा एक हजार रुपैयाँ प्रति स्क्वायर फुटका दरले र सहायक सडकको किनारामा प्रयोग गर्ने भएमा पाँच सय रुपैयाँ

प्रति स्क्वायर फुटका दरले हुन आउने दस्तुर लिई एक बर्षका लागि प्रचारप्रसार सामग्री प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यो नियमावली जारी हुनुअघि अनुमति नलिई वनक्षेत्रमा राखिएका प्रचारप्रसार सामग्रीको हकमा सम्बन्धित व्यक्ति, संस्था वा निकायले उपनियम (२) बमोजिमको दरले हुन आउने दस्तुर बुझाई यो नियमावली जारी भएको मितिले एक बर्ष भित्रमा निर्देशनालयबाट अनुमति लिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम अनुमति नलिई कुनै पनि व्यक्ति, संस्था वा निकायले त्यस्तो प्रचारप्रसार सामग्री प्रयोग गरेको पाइएमा डिभिजन वन कार्यालयले ऐन बमोजिम कारवाही गरी त्यस्तो प्रचारप्रसार सामग्री तत्काल हटाउनु पर्नेछ ।

(५) यस नियम बमोजिम वनक्षेत्रमा प्रचारप्रसार सामग्री प्रयोगको लागि स्वीकृति वा अनुमति दिदाँ प्राप्त हुने रकम निर्देशनालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१२५. **वनक्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्थाः** प्रदेशभित्रको राष्ट्रिय वनभित्र सञ्चालनमा रहेको राजमार्ग र अन्य सडकमा सडक दुर्घटनामा परी वन्यजन्तुको मृत्यू हुने दरलाई न्यूनीकरण गर्नका लागि डिभिजन वन कार्यालयले सवारी साधनको गति नियन्त्रण गर्ने सूचना वा संकेत जारी गर्न सक्नेछ ।

## परिच्छेद-१७

## वातावरणीय सेवा र वन विकास कोष सम्बन्धी व्यवस्था

१२६. **वातावरणीय सेवा सम्बन्धी व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले वन, जैविक विविधता, जलाधार तथा जलचक्र प्रणालीको संरक्षण र व्यवस्थापन गरी वातावरणीय सेवा प्रवाह गर्नेलाई वातावरणीय सेवाको उपयोग गर्ने व्यक्ति, समूह, सङ्गठित संस्था वा अन्य निकायबाट वातावरणीय सेवा उपयोग गरे बापतको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ ।

(२) जैविक विविधता, जलाधार, जलचक्र प्रणाली र पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्थापन गरी त्यस्तो सेवा बिक्री गर्न चाहने वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन

कार्ययोजनामा सो सम्बन्धी व्यवस्था गरी वा वातावरणीय सेवा सम्बन्धी कार्ययोजना बनाई डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना कार्यालयले स्वीकृत भएपछि सोही बमोजिम कार्ययोजना लागू गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको भुक्तानी रकम वातावरण सेवा प्रवाह गर्ने र उपयोग गर्ने बीचको आपसी समझदारीमा निर्धारण हुनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वातावरणीय सेवाको प्रवर्धन सम्बन्धी कार्यमा खर्च गर्नु पर्नेछ ।

१२७. **पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्थापनः** (१) पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा बिक्री गर्न चाहने वन उपभोक्ता समह वा अन्य स्थानीय समुदायले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा सो सम्बन्धी व्यवस्था गरी वा वातावरणीय सेवा सम्बन्धी विशेष कार्ययोजना बनाई सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको वातावरणीय सेवा सिर्जना गर्ने वन उपभोक्ता समूह, संगठित संस्था वा अन्य स्थानीय समुदायले वातावरणीय सेवा खरिद गर्न चाहने क्रेतासँग निश्चित अवधिका लागि सम्झौता गरी वातावरणीय सेवाको बिक्री गर्न सक्नेछ ।

(३) जलाधार र जलस्रोतमा आधारित जलविद्युत, खानेपानी, सिंचाइ, पर्यापर्यटन जस्ता आयोजनाले कुनै वन उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले व्यवस्थापन गर्दै आएको वातावरणीय सेवा खरिद गर्न चाहेमा सम्बन्धित उपभोक्ता समूह तथा स्थानीय समुदायको सहमति र सहभागितामा वातावरणीय सेवा व्यवस्थापन योजना तर्जुमा गरी स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्न सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम स्वीकृत कार्ययोजना वा विशेष योजना बमोजिम सिर्जना हुने वातावरणीय सेवाको बिक्रीबाट उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले प्राप्त गरेको रकम मध्ये पचास प्रतिशत रकम वातावरणीय सेवाको अभिवृद्धि सम्बन्धी क्रियाकलापमा खर्च गरी बाँकी रहेको रकम सम्बन्धित क्षेत्रका

वासिन्दाको आय आर्जन र वातावरणमैत्री सामुदायिक विकासका कार्यमा उपयोग गर्नु पर्नेछ ।

१२८. **प्रदेश सरकारले वातावरणीय सेवा शुल्क लिन सक्ने:** जलविद्युत उत्पादन तथा प्रसारण आयोजना, खानी तथा खनिज पदार्थमा आधारित उद्योग, वन पैदावारमा आधारित मझौला तथा ठूला उद्योग, भूमिगत जलस्रोत उपयोग गर्ने उद्योग, ठूला सहरी खानेपानी आयोजना र वनक्षेत्र उपयोग गर्ने पर्यटन उद्योग जस्ता प्राकृतिक स्रोतमा आधारित मझौला र ठूला उद्योगबाट उक्त आयोजना वा उद्योगले वार्षिक रुपमा आर्जन गरेको खुद मुनाफाको एक प्रतिशत रकम वातावरणीय सेवा शुल्क वापत प्रतिवर्ष वन विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

तर कुनै कारणले त्यस्तो आयोजना वा उद्योग घाटामा गएको वर्ष प्रदेश सरकारले वातावरणीय सेवा शुल्क छुट दिन सक्नेछ ।

१२९. **कार्ययोजना तयार गरी लागू गर्न सक्ने:** (१) डिभिजन वन कार्यालयले मन्त्रालयको सहमतिमा वातावरणीय सेवाको रकम निर्धारण र बिक्री तथा सोबाट प्राप्त लाभको सदुपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ ।

(२) यस परिच्छेद बमोजिम वातावरणीय सेवाको व्यवस्थापन गर्ने सन्दर्भमा डिभिजन वन कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेछ ।

१३०. **वातावरणीय सेवा प्रदान गर्न चाहने निजी वन धनीले पालन गर्नु पर्ने शर्त:** (१) ऐनको दफा ४४ (२) बमोजिम वातावरणीय सेवामा संलग्न हुन चाहने निजी वन धनीले वातावरणीय सेवा सम्झौतामा उल्लेख हुने बाहेक देहाय बमोजिमका शर्त पालना गर्न पर्नेछः-

(क) एकल वा सामुहिक रुपमा आपसमा जोडिएको क्षेत्रमा रहेका कम्तीमा दुई हेक्टर क्षेत्रफल पुग्ने किसिमले निजी वन दर्ता गरी त्यस्तो वनलाई वातावरणीय सेवा सम्बन्धित प्रक्रियामा समावेश गरेको,

(ख) वातावरणीय सेवामा समावेश गरिने निजी वनको व्यवस्थापन कार्ययोजना बनाई सम्बन्धित स्थानीय

तहको सिफारिसमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराएको।

(२) निजी वन धनीले वातावरणीय सेवामा संलग्न हुँदा पालना गर्नु पर्ने अन्य शर्त बोलपत्र आव्हान लगायतका विषय डिभिजनल वन अधिकृत र निजी वन धनीबीच भएको सम्झौतमा उल्लेख भए बमोजिम हुनेछ।

(३) ऐनको दफा ४४(१) बमोजिमको प्रस्ताव सम्बन्धित डिभिजन वन कार्यालयले एक वर्षमा एक पटक मात्र गर्न पाउनेछ ।

**१३१. <u>प्रदेश वन विकास कोष सम्बन्धी व्यवस्था</u>:** (१) ऐनको दफा ७५ मा व्यवस्था भए बमोजिम मन्त्रालय अन्तर्गत वनको संरक्षण, संवर्द्धन, वृक्षारोपण एवं प्रवर्द्धनात्मक लगायतका कार्य गरी वन विकास गर्न एक प्रदेश वन विकास कोष रहनेछ ।

(२) कोषको सचिवालय मन्त्रालयमा रहनेछ र मन्त्रालयको वन व्यवस्थापन महाशाखाले सचिवालयको काम गर्नेछ ।

(३) सचिवालयले कोषको आय-व्यय सम्बन्धी विवरण सार्वजनिक गर्नु पर्नेछ।

(४) कोषद्वारा सञ्चालित कार्यक्रमको दिगोपनाको लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

**१३२. <u>कोषको उद्देश्यः</u>** प्रदेश वन विकास कोषको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) वनक्षेत्रभित्र तथा वनक्षेत्र बाहिर सार्वजनिक, नदी उकास, सडक तथा नहरको जग्गामा वृक्षारोपण गरी वनको विकास गर्ने,

(ख) प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा विकास गर्ने,

(ग) सहरी वनको विकास गर्ने,

(घ) पूर्वाधार विकास आयोजनालाई वातावरणमैत्री वनाउन सहजीकरण गर्ने,

(ङ) वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने,

(च) विकास आयोजना सञ्चालन गर्दा वनको क्षति भएको कारणले कुनै व्यक्ति, वन उपभोक्ता समूह वा स्थानीय समुदायको जीविकोपार्जनमा नकारातमक असर पर्ने भएमा त्यस्तो असरको लेखाजोखा गरी जीविकोपार्जन सुधारमा सहयोग गर्ने,

(छ) वनको दिगो व्यवस्थापनबाट कार्बन सञ्चिति बढाउने,

(ज) वातावरणीय सेवाको प्रवर्धन गरी प्राप्त लाभको न्यायोचित वितरण गर्ने,

(झ) निजी वन र कृषि वनको प्रवर्धनमा सहजीकरण गरी वन पैदावारको उत्पादन तथा उत्पादकत्व वढाउने,

(ञ) वन पैदावारको मूल्य अभिवृद्धि र उत्पादित वस्तुको विविधिकरण गर्न वन पैदावारमा आधारित उद्योगलाई प्रवर्धन गर्ने,

(ट) वन, वन्यजन्तु र वातावरणसँग सम्बन्धित अन्य आकस्मिक कार्य गर्ने,

(ठ) वनको व्यवस्थापन, वृक्षारोपण, वनको संरक्षण, अतिक्रमण तथा अगलागी नियन्त्रणका लागि जनचेतना र क्षमता अभिवृद्धि गर्ने ।

**१३३. <u>कोषको आम्दानीको स्रोतः</u>** प्रदेश वन विकास कोषको आम्दानीको स्रोत देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारको अनुमतिमा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग वा ऋणस्वरुप प्राप्त रकम,

(घ) ऐन र यस नियमावली बमोजिम वन विकास कोषमा जम्मा गर्नुपर्ने भनी उल्लेख भएको रकम,

(ङ) निजी क्षेत्रबाट व्यवसायिक तथा सामाजिक उत्तरदायित्व अन्तर्गत वृक्षारोपणको लागि उपलब्ध गराएको रकम,

(च) निजी क्षेत्रबाट जैविक विविधता संरक्षण बापत छुट्याइएको रकम,

(छ) प्रदेश सरकारको निर्णय बमोजिम अन्य स्रोतबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोबाट प्राप्त रकम ।

**१३४. कोषको बैङ्क खाताः** (१) प्रदेश वन विकास कोषको रकम नियम १३५ बमोजिमको वन विकास कोष सञ्चालक समितिको निर्णयले कुनै “क” बर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको बैङ्क खाता मन्त्रालयको सचिव र लेखा हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१३५. कोष सञ्चालक समितिको गठनः** (१) प्रदेश वन विकास कोषको सञ्चालन, व्यवस्थापन र रेखदेख समेतको काम गर्नका लागि देहाय बमोजिमका सदस्य रहेको वन विकास कोष सञ्चालक समिति गठन हुनेछः-

(क) सचिव, प्रदेशको वनक्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) निर्देशक, वन निर्देशनालय -सदस्य

(घ) प्रदेश लेखा इकाई कार्यालयको प्रमुख -सदस्य

(ङ) वन व्यवस्थापनमा गर्दै अएका उपभोक्ता समूहका प्रतिनिधिमूलक संस्थाबाट दुई जना महिला -सदस्य

(च) वन विशेषज्ञ, एकजना महिला सहित दुई जना -सदस्य

(छ) वन पैदावारसँग सम्बन्धित निजी क्षेत्रको प्रतिनिधि -सदस्य

(ज) मन्त्रालयको वन व्यवस्थापन महाशाखा प्रमुख -सदस्य सचिव

(२) खण्ड (ङ) र (च) बमोजिमका सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजको पदावधि तीन वर्षको हुनेछ ।

(३) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदबाट राजिनामा दिई सञ्चालक समितिले स्वीकृत गरेमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) समितिको बैठकमा विना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ङ) मृत्यू भएमा ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) सञ्चालक समितिको वैठक भत्ता तथा अन्य सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) सञ्चालक समितिको सचिवालयको लागि प्रशासकीय खर्च सम्बन्धी रकम मन्त्रालयको बजेटबाट व्यहोरिनेछ ।

**१३६.** **कार्यक्रम कार्यान्वयन र वार्षिक प्रतिवेदनः** (१) सञ्चालक समितिले नेपाल सरकारले स्थापना गरेको वन विकास कोषबाट खर्च हुने गरी तय गरेको योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेश वन विकास कोषबाट कार्यक्रम तथा योजना सञ्चालन गर्नु पर्नेछ।

(२) सञ्चालक समितिले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-१८
## विविध

१३७. **वनको व्यवस्थापन तथा नक्साङ्कनः** (१) यस नियमावली बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन गर्दा वनको अवस्था अनुसार वनको दिगो व्यवस्थापनको लागि स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासन समेतलाई समेटी उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चरल सिस्टम) मा आधारित वन व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वन संवर्द्धन प्रणाली अपनाउँदा प्राकृतिक वन, वातावरण तथा जैविक विविधतालाई समेत मध्यनजर गरी स्थानीय आवश्यकता अनुसार वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार तथा प्रजाति, वनको उमेर, भिरालोपना, मोहडा, वनक्षेत्रको पुनरोत्पादनको सुनिश्चितता र गुणस्तर (साइट क्वालिटी) जस्ता विषयलाई आधार मान्नु पर्नेछ।

(३) चुरे क्षेत्रको प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रभित्र रहेका ढलापडा रुखबाट मात्र स्वीकृत वन कार्ययोजनाले तोकेको परिमाणमा काठ, दाउरा सङ्कलन गर्न सकिनेछ ।

तर सामुदायिक वन उपभोक्ता समूहको हकमा ढलापडा रुखबाट मात्र आन्तरिक खपतको माग पूरा नहुने भएमा कार्ययोजनाले तोकेको परिमाणभित्र रहने गरी वनक्षेत्रमा अवस्थित मरेको, मर्न लागेको, रोग लागेको र बाङ्गाटिङ्गा रुख सङ्कलन र सदुपयोग गर्न सकिनेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुनुअघि सरकारद्वारा व्यवस्थित वन, साझेदारी वन र सामुदायिक वनक्षेत्रमा रहेका ढलापडा रुखबाट काठ, दाउरा सङ्कलन लगायतको वन विकासका कार्य डिभिजनल वन अधिकृतले स्वीकृत वन कार्ययोजना बमोजिम गरी गराई सोको जानकारी निर्देशनालय र मन्त्रालयलाई दिनु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले यो नियमावली प्रारम्भ भएको मितिले एक बर्षभित्रमा उपनियम (४) बमोजिमको वन कार्ययोजनालाई

आवश्यकता अनुसार उपनियम (१), (२) वा (३) बमोजिमको वन संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापन पद्दति अपनाउने गरी परिमार्जन वा संशोधन गर्नु पर्नेछ।

(६) डिभिजन वन कार्यालय र सम्बन्धित उपभोक्ता समूहले आफ्नो कार्यक्षेत्रभित्रको वनमा ढलेका रुखमध्ये साल प्रजातिका रुखको बोक्रा यथाशीघ्र निकाल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) प्रदेशभित्रको राष्ट्रिय वनको कार्ययोजना तयारीका लागि नापी नक्सा उपलब्ध नभएमा जिपिएस नक्साको उपयोग गर्न सकिनेछ।

१३८. **<u>वन सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) डिभिजनल वन अधिकृतले वन सुरक्षाको लागि तथा ऐन र यस नियमावली विपरीत हुन सक्ने कार्य नियन्त्रणका लागि नियमित गस्ती परिचालन गर्नु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले रणनीतिक योजनामा वन सुरक्षाको विषय समेत समावेश गर्नु पर्नेछ र त्यस्तो रणनीतिक योजनाको अधीनमा रही बार्षिक सुरक्षा योजना तयार गरी कार्यान्वयन पर्नेछ ।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ र त्यस्तो वनक्षेत्रमा हुने कसूर नियन्त्रणका लागि उपभोक्ता समूहले सहयोग माग गरेमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) निर्देशकले प्रदेशभित्रको राष्ट्रिय वनको सुरक्षाको सम्वन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले जफत वा बरामद भएका वन पैदावार वा मालबस्तु लिलाम बिक्री गर्दा नियम २६ बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

(६) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको वन अतिक्रमणको अवस्था सहितको तथ्याङ्क र अतिक्रमण नियन्त्रणको प्रगति निर्देशनालय र मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(७) प्रचलित कानुनको अधीनमा रही अतिक्रमण हटाएको वनक्षेत्रमा वन उपभोक्ता समूह तथा डिभिजनल वन अधिकृतले यथाशीघ्र वृक्षारोपण गरी वनको संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

१३९. **डढेलो नियन्त्रण सम्बन्धी व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिने व्यवस्था गर्न तथा वन डढेलो लागेमा तत्काल नियन्त्रण गर्नका लागि डढेलो नियन्त्रण संयन्त्र गठन गर्न सक्नेछ।

(२) उपभोक्ता समूहले आफ्नो वनक्षेत्रमा वन डढेलो लाग्न नदिने व्यवस्था गर्न तथा वन डढेलो लागेमा तत्काल नियन्त्रण गर्नका लागि वन डढेलो नियन्त्रण स्वयंसेवी उपसमूह वा इकाई गठन गर्न सक्नेछ।

(३) निजी वन धनी वा जग्गावालाले आफ्नो निजी वन वा जग्गामा लागेको आगो वा डढेलो अन्यत्र फैलिन नदिने व्यवस्था गर्नु पर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले वन डढेलो नियन्त्रणका लागि गरिएको व्यवस्थाको विवरण निर्देशनाल र मन्त्रालयलाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ ।

(५) मन्त्रालयले वन डढेलोको अवस्थाका आधारमा वन डढेलो जोखिम क्षेत्र घोषणा गरी रोकथाम र नियन्त्रणका लागि विशेष व्यवस्था गर्न सक्नेछ ।

१४०. **समन्वय र सहकार्य समितिः** (१) वन अतिक्रमण नियन्त्रणमा डिभिजनल वन अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नका लागि प्रत्येक जिल्लामा संघीय वन नियमावलीमा भएको व्यवस्था बमोजिमको एक वन अतिक्रमण नियन्त्रण समिति रहनेछ ।

(२) जिल्लामा रहेका वन स्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका साथै विकास र वातावरणवीच सन्तुलन कायम राख्ने कार्यमा सहजीकरण तथा समन्वय गर्न प्रत्येक जिल्लामा संघीय वन नियमावलीमा भएको व्यवस्था अनुरुपको जिल्ला वनक्षेत्र समन्वय समिति रहनेछ ।

(३) वन व्यवस्थापन र वातावरणीय सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयले छुट्टै संयन्त्र बनाउन वा कार्यटोली गठन गर्न सक्नेछ ।

(४) ऐन र यस नियमावलीको प्रभावकारी कार्यान्वयन र वनक्षेत्रको समग्र समन्वयका लागि देहाय बमोजिमको मन्त्रालय, स्थानीय तह र वन उपभोक्ता समूहका प्रतिनिधि रहेको समन्वय र सहकार्य समिति गठन हुनेछः-

(क) मन्त्री, प्रदेशको वन हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, प्रदेशको वन हेर्ने मन्त्रालय -सदस्य

(ग) अध्यक्ष, प्रदेशस्तरीय नेपाल नगरपालिका संघ -सदस्य

(घ) अध्यक्ष, प्रदेशस्तरीय गाउँपालिका महासंघ नेपाल -सदस्य

(ङ) प्रतिनिधि, वन पैदावारमा आधारित संस्थागत निजी क्षेत्र -सदस्य

(च) वन उपभोक्ता समूहको प्रतिनिधिमूलक संस्थाबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित तीन जना प्रतिनिधि -सदस्य

(छ) निर्देशक, वन निर्देशनालय -सदस्य सचिव

(५) उपनियम (४) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा वा प्रचलित कानुन विपरितका कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई सदस्य पदबाट हटाउनुअघि आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ ।

(७) वनक्षेत्र समन्वय समितको बैठक प्रत्येक वर्षको तेस्रो चौमासिकमा एक पटक र आवश्यकता अनुसार अध्यक्षले तोकेको अन्य मिति र समयमा बस्नेछ ।

(८) वनक्षेत्र समन्वय समितको बैठकमा आवश्यकता अनुसार अन्य निकाय तथा सरोकारवाला संस्थाका प्रतिनिधि र विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(९) वनक्षेत्र समन्वय समितको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४१. अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) ऐन तथा यस नियमावली कार्यान्वयनसँग सम्बन्धित तह तथा निकायले सबै प्रमुख गतिबिधि, उपलब्धि तथा नतिजाको अभिलेखनको लागि बिद्युतीय प्रणालीको अलम्बन गर्नु पनेछ ।

(२) उपनियम (१) बमोजिम राखिने बिद्युतीय प्रणालीलाई निर्देशनालयले अन्य नियमनकारी निकायसँग आबद्धता गर्न सक्नेछ ।

**१४२. वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दा पालन गर्नु पर्ने विषयः** (१) प्रदेश सरकारले विभिन्न निकाय, विकास आयोजना, वन उपभोक्ता समूह, सहकारी संघ संस्था, निजी क्षेत्र र निजी वन धनीलाई काष्ठ तथा गैरकाष्ठ बिरुवा उत्पादन, वृक्षारोपण र तिनको संरक्षण तथा व्यवस्थापन गर्नका लागि प्रोत्साहन गर्न सक्नेछ ।

(२) वृक्षारोपण गर्दा यथासम्भव स्थानीय तथा रैथाने प्रजातिमा प्रभाव नपर्ने गरी मिश्रित रुपमा वृक्षारोपण गर्नु पर्नेछ।

(३) वृक्षारोपणका लागि विभिन्न निकाय, स्थानीय तह, प्रदेश सरकार र डिभिजन वन कार्यालयले आवश्यकता अनुसार अनुदान तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) बिरुवा उत्पादन गरी व्यवसायिक रुपमा बिक्री गर्ने नर्सरी सञ्चालकले बिरुवाको मुल्यसूची सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) वनक्षेत्रमा एकल प्रजातिको वृक्षारोपण गर्दा प्रचलित वातावरणीय कानुन बमोजिमका मापदण्डको पालना गर्नु पर्नेछ ।

(६) विदेशबाट आयात गरी न्यूट्रलाइज्ड भएका रुख बिरुवा बाहेक नयाँ बाह्य प्रजातिको बिउ वा बिरुवा विदेशबाट आयात गर्नु परेमा वा नर्सरीमा उमार्नु वा वृक्षारोपण गर्नु परेमा मन्त्रालयबाट सहमति लिनु पर्नेछ ।

१४३. **<u>पूरानो घरको पूरानो काठ ओसारपसार सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ८१ बमोजिम प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको समयावधिभित्र प्रदेशभित्र बसाई सरी वा एकाघर सगोल परिवारको कुनै व्यक्ति छुट्टिई अन्यत्र जाँदा वा व्यक्तिगत कारणले अन्यत्र जानु पर्ने अवस्था भई पूरानो घरको पूरानो काठ ओसारपसार गर्नु वा बिक्री गर्नु परेमा सम्बन्धित घरधनीले ओसारपसार गर्नुको उद्देश्य सहित देहायका कागजात संलग्न गरी अनुसूची-५८ बमोजिमको ढाँचामा सब-डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) घरजग्गाको जग्गाधनी प्रमाणपूर्जा,

(ग) ओसारपसार गर्न चाहेको एकाघर सगोलको सम्बन्धित स्थानमा रहेको जग्गाको जग्गाधनी प्रमाणपूर्जा

(घ) सम्बन्धित स्थानीय तहले काठको जात र परिमाण खुल्ने गरी दिएको सिफारिस पत्र,

(ङ) बसाईसराई गएको भए बसाईसराईको प्रमाणपत्र,

(च) निवेदक वन उपभोक्ता समूहको सदस्य भएमा सम्बन्धित वन उपभोक्ता समूहको सिफारिस ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर सब-डिभिजन वन कार्यालय प्रमुखले बढीमा तीस दिनभित्रमा आवश्यक जाँचबुझ गरी ओसारपसारको इजाजत दिन उपयुक्त देखेमा सिफारिस सहित डिभिजन वन कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिसका आधारमा घरायसी प्रयोजनका लागि डिभिजनल वन अधिकृतले प्रदेश सेवा शुल्क वापत एक हजार रुपैयाँ तथा व्यवसायिक प्रयोजनका लागि साल प्रजातिको हकमा प्रति क्यूविक फिट बीस रुपैयाँ र अन्य प्रजातिको हकमा प्रति क्यूविक फिट दश रुपैयाँ जम्मा गर्न लगाई अनुसूची-५९ बमोजिमको

ढाँचामा स्थानान्तरणको इजाजतपत्र दिनु पर्नेछ। त्यसरी दिएको इजाजतपत्रको जानकारी निर्देशनालय, काठ लैजाने गन्तब्य जिल्लाको डिभिजन वन कार्यालय, सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(४) स्थानान्तरणको इजाजतपत्र दिने गरी सिफारिस गर्न उपयुक्त नदेखिएमा सब-डिभिजन वन कार्यालय प्रमुखले सोही बमोजिमको विवरण खुलाई उपनियम (२) मा तोकिएको अवधिभित्र सम्बन्धित घरधनीलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

१४४. **पूरानो काठ, दाउराको व्यवस्थापनः** (१) यो नियमावली प्रारम्भ हुनुअघि डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्रको विभिन्न घाटगद्दीमा लिलाम बिक्री नभई वा अन्य कुनै कारणले लामो समयसम्म रहेका पूरानो काठ, दाउरा व्यवस्थापन गर्न देहाय बमोजिमको एउटा पूरानो काठ, दाउरा व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, प्रदेशको वन हेर्ने मन्त्रालय -संयोजक

(ख) निर्देशक, वन निर्देशनालय -सदस्य

(ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा वा प्रदेश इकाई कार्यालय -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) मन्त्रालयको कानुन अधिकृत -सदस्य

(च) डिभिजनल वन अधिकृत -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको पूरानो काठ, दाउरा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काठ, दाउराको पहिचान गरी परिमाण यकिन गर्ने तथा स्रोत खुलेको र नखुलेको वर्गीकरण गर्ने,

(ख) लामो समयसम्म काठ, दाउरा घाटगद्दीमा रहनुको कारण पत्ता लगाई डिभिजनल वन अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ग) देहाय बमोजिमको लामो समयसम्म घाटगद्दीमा रहेको काठ, दाउराको पुनः नापजाँच र ग्रेडिङ्ग गर्नेः-

(१) साल प्रजातिको हकमा सात वर्षभन्दा बढी अवधि भएको,

(२) असना, सिसौ, टिक प्रजातिको हकमा पाँच वर्षभन्दा बढी अवधि भएको,

(३) अन्य प्रजातिको हकमा तीन वर्षभन्दा बढी अवधि भएको,

(४) दाउराको हकमा चार वर्षभन्दा बढी अवधि भएको ।

(घ) खण्ड (ग) बमोजिम गरिएको नापजाँच र ग्रेडिङ्गको आधारमा काठ, दाउराको तोकिएको मूल्यदर बमोजिम हुन आउने न्यूनतम मूल्य कायम गर्ने कुनै काठ, दाउरा सडीगली काम नलाग्ने भई तोकिएको मूल्यमा बिक्री नहुने देखिएमा तोकिएको मूल्यभन्दा भन्दा कम मूल्य कायम गर्ने र सो मूल्यमा समेत काठ, दाउरा बिक्री नहुने लागेमा शून्य मूल्य कायम गर्ने ।

(ङ) खण्ड (ग) र (घ) बमोजिम नापजाँच तथा मूल्याङ्कनको आधारमा तत्काल बिक्री वितरण गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिने ।

(३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको निर्देशन भएको मितिले पन्ध्र दिनभित्र डिभिजनल वन अधिकृतले खण्ड (घ) बमोजिमको मूल्यमा त्यस्तो काठ, दाउरा बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) को खण्ड (घ) बमोजिम शून्य मूल्य कायम गरी लिलाम बिक्रीको लागि दुई पटकसम्म बोलपत्र आह्वान गर्दा पनि कसैले सकार नगरेमा उपनियम (१) बमोजिमको समितिले त्यस्तो काठ, दाउराको मिनाहा गरी लगत कट्टा गर्नेछ।

(५) उपनियम (१) बमोजिमको समितिको कार्यकाल यो नियमावली प्रारम्भ भएको मितिले दुई बर्षसम्म कायम रहनेछ र सोही अवधिभित्र उपनियम (२) बमोजिमको प्रक्रिया पूरा गरी घाटगद्दीमा रहेका पूरानो काठ, दाउरा व्यवस्थापन गरी बिक्री वितरण गरी सक्नु पर्नेछ ।

**१४५. काठमा आधारित कागज वनाउने उद्योगको लागि कच्चा पदार्थ आपूर्ती सम्बन्धी व्यवस्थाः** (१) काठमा आधारित कागज वनाउने उद्योगमा कागज बनाउने प्रयोजनका लागि आवश्यक पर्ने निजी आवादी वा निजी वनमा उत्पादित ऐनको दफा ८२ को उपदफा (१) का अतिरिक्त देहाय बमोजिमका जातका दाउरा कागज वनाउने उद्योगसम्म ओसारपसार गर्न पाउनेछः-

(क) इपिल इपिल
(ख) आकासिया औरिकुलिफोरमिस/म्यान्जियम
(ग) मेलिया दुविया
(घ) क्याज्यूरिना
(ङ) उत्तिस
(च) खोटे सल्ला
(छ) पाटे सल्ला
(ज) गम्हारी/खमारी
(झ) मल्लातो
(ञ) बकाइनो
(ट) कदम
(ठ) टिक
(ड) सिरिस (सबै प्रजाति)
(ढ) चिलाउने

(ण) गुटेल (पिठारी)
(त) सिमल
(थ) कपोक
(द) जामुन
(ध) आँप
(न) सिसौ
(ऩ) मैना

(२) काठमा आधारित कागज वनाउने उद्योगले बिरुवा उत्पादन, वृक्षारोपण, वन संवर्द्धन, रुख र दाउराको नापजाँच लगायतका कार्यको लागि कम्तीमा वन विज्ञानमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वन प्राविधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

तर, उद्योगमा वन प्राविधिक कर्मचारीको व्यवस्था नभएको अवस्थामा सम्बन्धित सब-डिभिजन वन कार्यालयको वन प्राविधिक कर्मचारीले यस नियम बमोजिमको कार्य सम्पादन गर्नेछ।

(३) डिभिजन वन कार्यालयबाट सम्बन्धित सब-डिभिजन वन कार्यालयले अग्रीम रुपमा प्राप्त गरेको अनुसूची-६० अनुसारको स्थानान्तरण इजाजतपत्रको प्रमाणित ढाँचा सम्बन्धित सब-डिभिजन वन कार्यालयको कम्तीमा पाँचौं तह वा सो भन्दा माथिल्लो तहको कर्मचारीले उपलब्ध गराउनेछ।

(४) उपनियम (३) बमोजिम स्थानान्तरण इजाजत उपलब्ध गराउँदा उत्पादित दाउराको स्रोत र अन्य आवश्यक विवरण खुलाई दरपिठ समेत गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम लोड भएको दाउरालाई सिल गर्नुपर्ने छैन ।

(६) काठमा आधारित कागज वनाउने उद्योगले डिभिजन वन कार्यालय, स्थानीय तह, वन उपभोक्ता समूह, संघ संस्था वा निजी नम्बरी जग्गाका जग्गाधनीसँग निश्चित मूल्यमा खरिद सुनिश्चितताको अग्रीम सम्झौता गरी दाउरा उत्पादनको लागि वृक्षारोपण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(७) उपनियम (६) बमोजिम सम्झौता गरी उत्पादन गर्दा प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रबाट उत्पादित दाउराको हकमा तोकिएको मूल्यदर बमोजिम हुन आउने मूल्य बुझाउनु पर्नेछ ।

(८) काठमा आधारित कागज वनाउने कुनै उद्योगले प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजन वन कार्यालयले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१४६. **राहत सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ८५ बमोजिम वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी काममा खटिने श्रमिक र कर्मचारीका लागि प्रदेश सरकारले बढीमा दश लाखसम्मको सामुहिक दुर्घटना बिमाको व्यवस्था गरी राहत उपलब्ध गराउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहद्वारा व्यवस्थापन भएको वनको हकमा सम्बन्धित उपभोक्ता समूहले सामुहिक दुर्घटना बिमाका लागि लाग्ने रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य कुनै निकायबाट राहत रकम लिइसकेकाको हकमा यस नियम बमोजिमको राहत रकम उपलब्ध गराइने छैन ।

१४७. **वन व्यवस्थापनका लागि जनशक्तिको व्यवस्थापन गर्नेः** (१) वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलनदेखि प्रशोधनसम्मको कार्यमा श्रमिकको रुपमा संलग्न हुने जनशक्तिको व्यवस्थापन गर्दा देहाय बमोजिमका जिम्मेवारी पूरा गर्नु पर्नेछः-

(क) वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउने,

(ख) वन पैदावार सङ्कलन कार्य गराउनुअघि सङ्कलन कार्यमा संलग्न हुने व्यक्तिलाई वन पैदावारको दिगो सङ्कलनका अभ्यासको बारेमा तालिम प्रदान गर्ने,

(ग) वन पैदावार सङ्कलन कार्यमा संलग्न हुने जनशक्तिलाई वन पैदावार सङ्कलनका क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका उपाय अपनाउने,

(घ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिलाई आफ्नो सुरक्षा गर्ने सम्बन्धी तालिम प्रदान गर्ने,

(ङ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिको प्रत्येक समूहलाई प्राथमिक उपचारको सामान उपलब्ध गराउने र समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्ने,

(च) श्रम सम्बन्धी प्रचलित कानुनको पालना गर्ने।

(२) वन पैदावारमा सङ्कलन सम्बन्धी काम गर्ने कर्मचारी तथा श्रमिकको लागि सम्बन्धित निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत वन व्यवस्थापन कार्यमा संलग्न भइरहेका जनशक्तिलाई समेत यो नियम प्रारम्भ भएको एक वर्षभित्र उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले यस नियम बमोजिमको तालिमको व्यवस्था गर्नु पर्नेछ।

१४८. **काठ, दाउरामा आधारित उद्योग सूचीकृत हुनुपर्नेः** (१) प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले डिभिजन वन कार्यालयमा सूचीकृत गराई अनुसूची-६१ बमोजिमको ढाँचामा प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्योगले सूचीकृत हुन डिभिजन वन कार्यालयमा निवेदन पेस गर्दा उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग स्थापना भई सञ्चालनमा रहेको

आधिकारिक प्रमाण वा सब-डिभिजन वन कार्यालयको सिफारिस र नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घ वा कोशी प्रदेश वन पैदावार उद्योग व्यवसायी महासङ्घको सिफारिस पेस गर्नु पर्नेछ। यस प्रयोजनका लागि उद्योगले सिफारिस प्राप्त गर्ने सब-डिभिजन वन कार्यालय र महासङ्घमा कुनै दस्तुर वा शुल्क तिर्नु पर्ने छैन ।

(३) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत उद्योगले नेपालभर हुने वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिन पाउनेछ ।

(४) उपनियम (१) बमोजिम सूचीकृत सःमिल तथा काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले आफ्नो उद्योगमा चिरान भएको काठ बिक्री तथा ओसारपसार गर्दा प्रयोग गर्ने गरी डिभिजन वन कार्यालयमा पाँच सय रुपैयाँ बुझाई टाँचा दर्ता गराउनु पर्नेछ र त्यस्तो टाँचा प्रत्येक बर्ष पाँच सय रुपैयाँ तिरी नवीकरण गर्नु पर्नेछ । यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम सूचीकृत उद्योगले प्रत्येक बर्ष कर चुक्ता प्रमाणपत्र प्राप्त गरी सोको जानकारी तथा आफूले बर्षभरी गरेको वन पैदावारको कारोबारको अद्यावधिक विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम काठ, दाउरामा आधारित उद्योग स्थापना तथा सञ्चालनका लागि वनक्षेत्र र उद्योग बीचको दुरीको मापदण्ड अनुसूची-६२ बमोजिम हुनेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले यो नियम प्रारम्भ भएको मितिले एक बर्षभित्र यो नियम बमोजिम सूचीकृत हुनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम सूचीकृत नहुने उद्योगले वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिन पाउने छैन ।

१४९. **वन पैदावारको बिगो कायम गर्ने:** संघीय वन नियमावलीमा भएको व्यवस्था बमोजिम वन पैदावारको बिगो कायम गर्नु पर्नेछ ।

१५०. **<u>सुराकीलाई दिने पुरस्कार सम्बन्धी व्यवस्था:</u>** (१) कुनै व्यक्ति वा संस्थाले वन सम्बन्धी कसूर हुन लागेको वा भैरहेको पत्ता लगाएमा उक्त कार्यलाई पुष्टि गर्ने प्रमाण राखी डिभिजनल वन अधिकृतलाई सोको मौखिक वा लिखित सूचना दिनु पर्नेछ ।

(२) सुराकी दिने व्यक्तिले आफ्नो वास्तविक नाम नदिई कुनै काल्पनिक नामबाट सुराकी दिन सक्नेछ । त्यस्तो काल्पनिक नामबाट सुराकी दिएको अवस्थामा त्यस्तो सुराकीको वास्तविक नाम एवं निजको स्पष्ट पहिचान हुने प्रमाण (नागरिकताको प्रमाणपत्र, परिचय पत्र) को प्रतिलिपि डिभिजनल वन अधिकृतलाई तुरुन्तै उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिखित जानकारी प्राप्त हुन आएमा वा उपनियम (२) बमोजिमको प्रतिलिपि प्राप्त हुन आएमा डिभिजनल वन अधिकृतले त्यस्तो सूचना वा प्रमाण प्रमाणित गरी गोप्य रुपमा दर्ता गरी राख्नु पर्नेछ ।

(४) एउटै विषयमा दुई वा दुईभन्दा बढी सूचना प्राप्त भएमा पहिले प्राप्त भएको सूचनालाई मान्यता दिई त्यसपछि प्राप्त सूचनालाई डिभिजनल वन अधिकृतले कैफियत जनाई राख्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिमको सूचनाका आधारमा डिभिजन वन कार्यालयले वन प्राविधिक खटाई तत्काल जाँचबुझ गर्नु गराउनु पर्नेछ र सूचना बमोजिमको कार्य भएको प्रमाणित भई वन पैदावारबाट प्राप्त हुन आएमा ऐन तथा यस नियमावली बमोजिम मूल्याङ्कन गरी सोको विगो वापत प्राप्त हुन आउने रकमको दश प्रतिशतले हुन आउने रकम डिभिजनल वन अधिकृतले निर्णय गरी भरपाई गराई सुराकीलाई उपलब्ध गराउन सक्नेछ।

तर, कसूर भए तापनि विगो प्राप्त नभएको अवस्थामा मुद्दाको अन्तिम किनारा भए पश्चात मात्र कसूरदारलाई गरिएको जरिवानाको दश प्रतिशत रकम उपलब्ध गराउन सकिनेछ ।

(६) उपनियम (५) बमोजिम सुराकी वापतको पुरस्कार उपलब्ध गराउँदा डिभिजनल वन अधिकृतले भरपाईका साथमा सरकारी कर्मचारी भए परिचय पत्रको प्रतिलिपि, संस्था भए संस्था दर्ताको

प्रमाणपत्रको प्रतिलिपि र अन्य व्यक्ति भए निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(७) यस नियम बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा पुरस्कार वापत पाउने रकम दामासाहीले दिइनेछ ।

(८) यस नियमको प्रयोजनका लागि मन्त्रालयले आवश्यक रकम विनियोजन गर्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमावलीमा भएको व्यवस्था विपरित प्राप्त हुन आएको सुराकीलाई पुरस्कार दिइने छैन ।

(१०) नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका सुरक्षाकर्मीले यस नियम बमोजिमको सुराकी दिएमा वा ऐन तथा यस नियम विपरित सङ्कलन वा ओसारपसार भएको वन पैदावार पक्राउ गरी सम्बन्धित क्षेत्रको डिभिजन वन कार्यालयलाई बुझाएमा त्यस्तो सुरक्षाकर्मीलाई समेत यस नियम बमोजिमको पुरस्कार दिन सकिनेछ।

**१५१.** **<u>मन्त्रालयको लोगो तथा ड्रेस कोड सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा ८८ बमोजिम व्यवस्था गरिएको प्रदेश वन सेवामा कार्यरत कर्मचारीले फिल्डमा प्रयोग गर्ने ड्रेस कोडको ढाँचा र प्रयोग तथा मन्त्रालयको लोगो अनुसूची-६३ बमोजिम हुनेछ।

**१५२.** **<u>काठ, दाउरा उपलब्ध गराउन सक्नेः</u>** (१) प्रदेशभित्रको कुनै डिभिजन वन कार्यालय अन्तर्गतको राष्ट्रिय वनक्षेत्रबाट उत्पादित काठ, दाउरा सोही डिभिजन अन्तर्गत उत्पादन भएको एक बर्षभित्र पनि खपत हुन नसकेमा सिमाना जोडिएको प्रदेशको वन हेर्ने सम्बन्धित मन्त्रालय र मन्त्रालयको सहमतिमा प्रदेशसँग सिमाना जोडिएको छिमेकी जिल्लाको वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउन सकिनेछ ।

(२) ऐन तथा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन सेवामा कम्तीमा दश बर्ष सेवा गरेका कर्मचारी वा वन हेर्ने मन्त्रालय र मातहतका कार्यालयमा निरन्तर रुपमा पाँच बर्ष सेवा गरेका कर्मचारीलाई सेवा अवधिभरमा एक पटकका लागि तोकिएको मूल्यदरमा नघट्ने गरी नयाँ घर निर्माणका लागि बढीमा दुई सय क्यूफिट

र घर मर्मतका लागि बढीमा पचास क्यूफिट काठ पायक पर्ने डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

१५३. **<u>प्रमाणपत्र र प्रतिलिपि बापतको दस्तुरः</u>** (१) यस नियमावलीको विभिन्न नियममा तोकिएको शुल्क र दस्तुर सोही नियममा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा उल्लेख भएदेखि बाहेकका यस नियमावली बमोजिम प्रदान गरिएको प्रमाणपत्र, अनुमति पत्र, इजाजत पत्र नासिएमा, च्यातिएमा वा हराएमा सोको प्रतिलिपि लिन डिभिजन वन कार्यालय वा सम्बन्धित निकायले एक सय रुपैयाँ दस्तुर लिनु पर्नेछ।

(३) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक डिभिजन वन कार्यालय वा सम्बन्धित निकायले लिएको वा उठाएको शुल्क र दस्तुर प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१५४. **<u>अनुगमन योजना र अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेः</u>** (१) मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यकता अनुसार योजना तर्जुमा गर्नु पर्नेछ।

(२) मन्त्रालयले योजना र कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) निर्देशनालयले वन व्यवस्थापन पद्दति तथा विकास आयोजनाले प्रयोग गरेका वनमध्ये वार्षिक रुपमा कम्तीमा पाँच प्रतिशत वनको अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, विशेष संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, सार्वजनिक जग्गाको वन, सहरी वन, निजी वन लगायतका वनक्षेत्रसँग सम्बन्धित प्रगति विवरण तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको प्रतिवेदन विभाग र निर्देशनालयले अध्ययन गरी आवश्यकता अनुसार डिभिजन वन कार्यालयलाई पृष्ठपोषण दिन सक्नेछ र यसरी प्रदान गरेको पृष्ठपोषण बमोजिमको कार्य गर्ने दायित्व डिभिजन वन कार्यालयको हुनेछ ।

(६) मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र भएका वन संरक्षण, व्यवस्थापन, सदुपयोग, वन मुद्दा सम्बन्धी विवरणका साथै प्रशासन तथा विकास कार्यको प्रगति विवरण अनुगमन सूचक अनुसार मन्त्रालयले निर्धारण गरेको स्वचालित विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम निर्धारित सूचकको नियमित अनुगमन तथा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय र मन्त्रालयमा आवधिक रुपमा समीक्षा गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन डिभिजनल वन अधिकृतले वन निर्देशक समक्ष र निर्देशकले मन्त्रालयको सचिव समक्ष पेस गर्नु पर्नेछ ।

(८) ऐन तथा यस नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गर्ने सबै निकायले आफूसँग सम्बन्धित वनक्षेत्रमा रहेका बिषय तथा कार्यक्रमको मन्त्रालयले निर्धारित गरेको ढाँचा तथा तौर तरिका अवलम्बन गरी अद्यावधिक रुपमा तथ्याङ्क राख्ने, बिश्लेषण गर्ने तथा प्रतिबेदन तयार गर्ने कार्य पर्नेछ ।

**१५५.** **खोटो सङ्कलन सम्बन्धी व्यवस्थाः** स्वीकृत वन कार्ययोजना बमोजिम सबै प्रकारका प्रदेशभित्रको राष्ट्रिय वनबाट सल्लाको खोटो सङ्कलन गर्नको लागि मन्त्रालयले आवश्यक कार्यविधि वनाई व्यवस्थापन गर्नु पर्नेछ।

**१५६.** **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**१५७.** **संघीय वन नियमावली बमोजिम हुनेः** यो नियमावलीमा लेखिए जति कुरामा यस नियमावली बमोजिम र अरुमा प्रचलित संघीय वन नियमावली बमोजिम हुनेछ ।

**१५८.** **बचाउः** यो नियमावली प्रारम्भ हुनुअघि वन सम्बन्धी प्रचलित कानुन बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(नियम ७ सँग सम्बन्धित)

**चरि चरन दस्तुर**

| क्र.सं. | जनावर | एक महिनाको लागि (रुपैयाँमा) | छ महिनाको लागि (रुपैयाँमा) | एक वर्षको लागि (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | हात्ती प्रत्येकको | २००।- | - | - |
| २. | ऊँट प्रत्येकको | १५०।- | - | - |
| ३. | घोडा प्रत्येकको | ४।- | १२।- | ३०।- |
| ४. | गधा, खच्चड प्रत्येकको | ३।५० | ८।- | २०।- |
| ५. | भैंसी, राँगा, याक, चौरी गाई झोना (नाक) प्रत्येकको | ३।- | ६।- | १५।- |
| ६. | गोरु प्रत्येकको | २।- | ५।- | ८।- |
| ७. | भेडा, च्याङ्ग्रा प्रत्येकको | १।५० | ४।५० | ७।- |
| ८. | बोका, खसी प्रत्येकको | १।- | ४।- | ६।- |
| ९. | माहुरी प्रति घारको | ५।- | - | - |

**द्रष्टब्यः**

१. प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रमा नेपाली नागरिकको घरपालुवा जनावरलाई मात्र चरि चरन गर्न दिइनेछ।

२. गाई चरिचरन गर्न कुनै दस्तुर लाग्ने छैन ।

**अनुसूची-२**

(नियम ७ सँग सम्बन्धित)

**<u>जनावर चरिचराउको लागि दिइने इजाजतपत्र</u>**

प्रदेश सरकार

.......................... मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ...............

मितिः ....................

१. इजाजतपत्र प्राप्त गर्नेको नाम, थर, वतनः

२. चरिचरन गराउन इजाजत दिइएको जनावरको नाम र संख्याः

३. चरिचरन गराउन इजाजत दिइएको वनक्षेत्रको चार किल्लाः

४. चरिचरन गर्ने समयः

५. चरिचरन दस्तुरः

६. चरिचरन गर्न इजाजत दिइएको अवधिः

......................

(डिभिजनल वन अधिकृत)

नामः

**<u>बोधार्थ/कार्यार्थ</u>**

१. ..................... सब-डिभिजन वन कार्यालय ।

२. डिभिजन वन कार्यालय, ............... लेखा शाखा ।

## अनुसूची-३

(नियम ८ को उपनियम (६) सँग सम्बन्धित)

**डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजनामा समावेश हुनु पर्ने विषय**

**कार्यकारी सारांश**

१. **परिचय**

२. **विगतमा वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा**

३. **वन पैदावारको माग र आपूर्तिको अवस्था**

४. **दूरदृष्टि, लक्ष्य तथा उद्देश्य र प्रक्षेपण**

५. **वन व्यवस्थापनका रणनीतिहरु**

६. **वनको सिमाङ्कन**

(क) वनको प्रकार (फरेष्ट टाइप)

(ख) वनको क्षेत्रफल

(ग) वनक्षेत्रको स्रोतको अवस्था

(घ) प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र

(ङ) सिमसार क्षेत्र

७. **वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था**

(क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

(ग) मिचाहा प्रजाति नियन्त्रण

(घ) रोग तथा किराबाट नियन्त्रण

(ङ) चोरी सिकार तथा अवैध व्यापार नियन्त्रण

(च) वन तथा वन्यजन्तु अपराध नियन्त्रण

(छ) अन्य सुरक्षा सम्बन्धी व्यवस्था

८. **जैविक विविधता संरक्षण र प्रवर्धन**

(क) वन्यजन्तु तथा वनस्पतिको प्रजातीय जैविक विविधता र वासस्थानको विश्लेषण

(ख) वंशाणुगत स्रोतको संरक्षण

(ग) वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन

(घ) लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

(ङ) मानव वन्यजन्तु द्वन्द व्यवस्थापन

(च) विशेष महत्वका क्षेत्रको संरक्षण

(छ) वनक्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण

९. **जलस्रोत तथा जलाधार संरक्षण**

(क) पानीको स्रोत तथा पानीको मुहान संरक्षण तथा व्यवस्थापन

(ख) पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण

(ग) भू तथा जलाधार संरक्षण

(घ) खोला किनार संरक्षण तथा व्यवस्थापन

(ङ) सिमसार संरक्षण तथा व्यवस्थापन

१०. **वातावरण संरक्षण तथा जलवायू परिवर्तन नियन्त्रण**

(क) वातावरणीय सेवा मूलप्रवाहीकरण

(ख) वनको क्षयीकरण र प्रदूषण नियन्त्रण

(ग) जलवायू परिवर्तन न्यूनीकरण र कार्बन सञ्चिति

(घ) रेड प्लस

(ङ) जलवायूजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरु

११. **वन व्यवस्थापन पद्दति**

(क) सरकारद्वारा व्यवस्थित वन

(ख) सामुदायिक वन

(ग) साझेदारी वन

(घ) गरिबका लागि कबुलियती वन

(ङ) धार्मिक वन

(च) वन संरक्षण क्षेत्र

(छ) विशेष संरक्षण क्षेत्र

१२. **व्यवसायिक कबुलियती वन र पर्यापर्यटन**

१३. **सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन**

१४. **सब-डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्दति**

१५. **वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्द्धन प्रणाली अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्दति**

(क) वनस्रोत सर्वेक्षणको तरिका र नक्साङ्कन

(ख) वृद्धि मौज्दात र प्रदेशभित्रको राष्ट्रिय वनस्रोत सर्वेक्षणसँगको तादात्म्यता

(ग) पुनरोत्पादनको अवस्था

(घ) वन व्यवस्थापन पद्दति अनुसार वन वृद्धि मौज्दात

(ङ) वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति

(च) वन बाली कटान चक्र तथा पुनरोत्पादन तरिका

(छ) कार्बन मौज्दातको विश्लेषण

१६. **वन संवर्द्धन प्रणाली**

(क) प्राकृतिक पुनरोत्पादन

(ख) बिरुवा उत्पादन र वृक्षारोपण योजना
(ग) वन संवर्द्धन प्रणाली छनौट गर्ने विधि
(घ) वन संवर्द्धन प्रणालीको सिफारिस
(ङ) वन संवर्द्धन प्रणाली अनुसार वन बाली उत्पादन तथा पुनरोत्पादन चक्र

१७. **जडीबुटी तथा अन्य वन पैदावारको संरक्षण तथा व्यवस्थापन**

१८. **वृक्षारोषण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण योजना**

१९. **वन अनुसन्धान तथा वन बीउ बगैंचा सम्बन्धी व्यवस्था**

२०. **सामाजिक-साँस्कृतिक तथा आर्थिक विश्लेषण**

२१. **वन पैदावार उत्पादन तथा आपूर्ति**

(क) वन पैदावारहरुको सङ्कलन, बिक्री वितरण
 (१) काष्ठ वन पैदावार
 (२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावार
 (३) अन्य वन पैदावार
(ख) वन पैदावार ओसारपसार
(ग) वन पैदावारमा आधारित उद्योग

२२. **वन व्यवस्थापन सूचना प्रणाली**

(क) वन संरक्षण व्यवस्थापन प्रणालीमा समूह र डिभिजन स्तरका सूचकहरु
(ख) वन विकास तथा वृक्षारोपण सम्बन्धी सूचकहरु
(ग) वन पैदावार उत्पादन, बिक्री वितरण तथा ओसारपसार सम्बन्धी सूचकहरु
(घ) वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्बन्धी सूचकहरु
(ङ) जैविक विविधता संरक्षण सम्बन्धी सूचकहरु
(च) जलस्रोत तथा जलाधार संरक्षण सम्बन्धी सूचकहरु
(छ) वातावरण संरक्षण सम्बन्धी सूचकहरु
(ज) लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरु
(झ) डिभिजन तथा जिल्लास्तरको वन व्यवस्थापन सूचना प्रणालीको स्वचालन

२३. **वन संरक्षण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग**

२४. **वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था**

२५. **योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ति**

२६. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

## अनुसूची-४

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**वन सम्बन्धी अध्ययन अनुसन्धाका लागि पेस गर्ने प्रस्तावमा समावेश गर्नुपर्ने विषय**

१. परिचय
२. अध्ययन अनुसन्धान गर्ने संस्थाको परिचय र विवरण
३. अध्ययन गर्न चाहेको क्षेत्र र विषयवस्तु
४. अध्ययनका लागि आवश्यक पर्ने वनक्षेत्रको विवरण
५. अध्ययनको उद्देश्यहरु
६. अध्ययन विधि
७. अध्ययनमा संलग्न मानवीय स्रोतको विवरण
८. अध्ययनमा प्रयोग हुने प्रविधि
९. अध्ययनबाट हुने फाइदा र उपलब्धिहरु
१०. अध्ययनको नतिजा उपरको स्वामित्व
११. अध्ययन प्रतिवेदन प्रकाशन र प्रतिलिपि अधिकार
१२. अध्ययन अनुसन्धानबाट सिर्जना हुन सक्ने जोखिम र सोको सम्वोधनका उपायहरु
१३. अध्ययन अनुसन्धानको अनुगमन तथा मूल्याङ्कन
१४. अध्ययन अनुसन्धान क्षेत्रको सुरक्षा व्यवस्था
१५. अध्ययन अनुसन्धान पश्चात वनक्षेत्रको संरक्षण र व्यवस्थापन

## अनुसूची-५

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**<u>वनस्पति उद्यान स्थापनाका लागि पेस गरिने प्रस्तावमा खुलाउनु पर्ने विषय</u>**

**सारांश**

**कानुनी आधारहरु**

**तयारीका आधारहरु**

**गरिने कार्यहरु**

**अपेक्षित उपलब्धिहरु**

१. परिचय

२. वनस्पति उद्यान स्थापना गर्नुको उद्देश्य

३. वनस्पति उद्यान स्थापना गरिने वनक्षेत्रको भौगोलिक अवस्थिति (चारकिल्ला समेत)

४. वनको वर्तमान अवस्था र किसिम

५. वन संरक्षण तथा सदुपयोगको अवस्था

६. भू-उपयोग (वनक्षेत्रको विभिन्न जग्गाको विवरण)

७. सामाजिक अवस्था तथा वन पैदावारको नाम

८. वनस्रोत सर्वेक्षण तथा विश्लेषण

९. वन व्यवस्थापन योजना

१०. सर्वेक्षण तथा व्यवस्थापन खाका

११. वार्षिक क्रियाकलाप तथा बजेट

१२. वित्तीय विश्लेषण

१३. अनुगमन, मूल्याङ्कन

१४. अन्य आवश्यक कुराहरु

**अनुसूची-६**

(नियम २० को उपनियम (४) सँग सम्बन्धित)

**<u>काठ, दाउराको चलानी पूर्जीको ढाँचा</u>**

प्रदेश सरकार

................................ मन्त्रालय

वन निर्देशनालय

................................ डिभिजन वन कार्यालय, ...............

......................................

मितिः ....................

श्री ......................................

......................................... ।

| क्र.सं. | गोलिया नम्बर | जात | नाप साइज | | आयतन | छोड कट्टी | नेट आयतन | टाँचा चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गोलाई | लम्बाई | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**<u>बोधार्थ/कार्यार्थ</u>**

१. ..................... डिभिजन वन कार्यालय ।

................

(वन प्रतिनिधि)

नामः

पदः

**<u>द्रष्टब्यः</u>**

यो चलानी पूर्जी तीन प्रति तयार गरी एक प्रति आफैंले राखी एक प्रति ढुवानी साधनमा र एक प्रति डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

## अनुसूची-७

(नियम २२ को उपनियम (२) र नियम ३९ को उपनियम (७) सँग सम्बन्धित)

**जिल्ला वन पैदावार आपूर्ति समितिबाट बिक्री हुने काठ, दाउराको परिमाण**

| क्र.सं. | काठ, दाउरा चाहिने प्रयोजन | अधिकतम परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | काठ (घन फिट) | दाउरा (चट्टा) | |
| १. | विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पूनर्निर्माण | ४० | ०.२५ | |
| २. | घरकाजको रुपमा नयाँ घर निर्माण | १०० | १ | |
| ३. | घरकाजको रुपमा घर मर्मत | ४० | - | |
| ४. | किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार | ७ | - | |
| ५. | धार्मिक तथा साँस्कृतिक कार्य र पुरातात्विक सम्पदाको निर्माण तथा पुर्निर्माण | आवश्यकता अनुसार | १ | |
| ६. | शीतलहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य | - | आवश्यकता अनुसार | सामूहिक रुपमा प्रयोग गर्न |
| ७. | शव दाहसंस्कार | १५ | ५ क्वीन्टल | यसको प्रयोजनका लागि ६ फिट ६ इन्च लामो दाउरा सङ्कलन गरी घाटगद्दी गर्न सकिने। |
| ८. | जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य | १५० | - | |

**अनुसूची-८**

(नियम २६ को उपनियम (४) सँग सम्बन्धित)

**<u>काठ, दाउराको छोडपूर्जीको ढाँचा</u>**

प्रदेश सरकार

.................................. मन्त्रालय

वन निर्देशनालय

............................... डिभिजन वन कार्यालय, ...............

च.नं. मितिः ...................

बिषयः छोडपूर्जी दिएको ।

श्री ......................................

........................................ ।

यस कार्यालयबाट .............................. सब-डिभिजन वन कार्यालय अन्तर्गतको .................... घाटगद्दीमा रहेको लट नम्बर ................................ आ.व. .................. मा सङ्कलन/बरामद भएको खडा रुख/काठ/दाउरा लिलाम बिक्री गर्न प्रकाशित मिति .................................. को सूचना अनुसार तपाईले पेस गरेको बोलपत्रमा तपाईको कबोल अङ्क सबैभन्दा बढी हुँदा मिति ...................... को निर्णय अनुसार तपाईको नाममा बिक्री सदर भई कबोल अङ्क रु. ...................... यस कार्यालयमा प्राप्त भई सकेकोले तपाईको माग अनुसार ......................... सम्म लैजान मिति ................................. को नापी /बिमार्का अनुसार व.वि. ....................... बिक्री टाँचा निसान लागेको ट्रक नम्बर ......................... मा लोड भएको र .................... सिल लागेको तपसिल बमोजिमको वन पैदावार .................. दिन भित्र उठाई .......................... सम्म लैजाने गरी यो छोडपूर्जी दिइएको छ । सब-डिभिजन वन कार्यालयले प्रदान गरेको चलान पूर्जीको आधारमा दरपिठ गराई वन पैदावार ओसारपसार गर्नु हुन अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | जात | थान | परिमाण | जम्मा रकम | टाँचाको विवरण | सिलको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

...............................

डिभिजनल वन अधिकृत

**बोधार्थ/कार्यार्थ**

१. ..................... डिभिजन वन कार्यालय (पुग्ने ठाउँको)

२. ...................... सब-डिभिजन वन कार्यालय

३. आर्थिक प्रशासन शाखा, डिभिजन वन कार्यालय,

.............................. ।

**अनुसूची-९**

(नियम ३० को उपनियम (३) सँग सम्बन्धित)

**<u>जडीबुटी तथा अन्य वन पैदावार सङ्कलन इजाजतको ढाँचा</u>**

प्रदेश सरकार

.................................... मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ....................

मितिः .....................

इजाजत प्राप्त गर्नेको नाम, थर, वतनः

सङ्कलन गर्ने म्यादः

घाटगद्दी स्थानः

धरौटी रकमः

| क्र.सं. | वन पैदावारको किसिम | वन पैदावार को स्थानीय नाम | वन पैदावारको वैज्ञानिक नाम | सङ्कलन गर्ने क्षेत्र (वनको नाम, चौहद्दी) | परिमाण | सङ्कलन गर्ने तरिका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

..............................

डिभिजनल वन अधिकृत

**<u>बोधार्थ/कार्यार्थ</u>**

१. .................. सब-डिभिजन वन कार्यालय ।

२. डिभिजन वन कार्यालय, ................ आर्थिक प्रशासन शाखा ।

## अनुसूची १०

(नियम ३० को उपनियम (६) सँग सम्बन्धित)

**जडीबुटी तथा अन्य वन पैदावारको छोडपूर्जीको ढाँचा**

प्रदेश सरकार

................................ मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ....................

च.नं. मितिः ...................

बिषयः छोडपूर्जी दिएको ।

श्री .....................................

....................................... ।

मिति ........... को सङ्कलन इजाजत अनुसार तपसिल बमोजिमको जडीबुटी/अन्य वन पैदावार ......... दिनभित्र ........ स्थानबाट ....... स्थानसम्म उठाई लैजान यो छोडपूर्जी दिएको छ । .......... सब-डिभिजन वन कार्यालयबाट दरपिठ गराई लैजानुहोला ।

तपसिल

| क्र.सं. | वन पैदावारको नाम | परिमाण | मूल्य दर | जम्मा रकम | वन पैदावार प्याक गरिएको बोरा वा कन्टेनर थान | सिलको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(.........................)

डिभिजनल वन अधिकृत

**बोधार्थ/कार्यार्थ**

(१) ................. , सब-डिभिजन वन कार्यालय।

(२) डिभिजन वन कार्यालय, ................. आर्थिक प्रशासन शाखा ।

**अनुसूची-११**

(नियम ३७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनामा समावेश हुने विषय</u>**

१. **परिचय**

२. **वनको भौगोलिक अवस्थिति (चारकिल्ला र नक्सा सहित)**

३. **वनको किसिम र मुख्य प्रजाति**

४. **विगतमा वन व्यवस्थापन कार्ययोजनाको समीक्षा**

५. **वनस्रोत सर्वेक्षण तथा विश्लेषण**

(क) भू- उपयोग (पानीका मुहान, खोला, ताल, भीर, घाँसेमैदान, उत्पादन तथा संरक्षण क्षेत्र)

(ख) कम्पार्टमेण्ट विभाजन (उत्पादन क्षेत्र र संरक्षण क्षेत्र सहित)

(ग) क्पार्टमेण्ट अनुसारको वनको मौज्दात

६. **वन व्यवस्थापनका लक्ष्य तथा उद्देश्य**

७. **वन व्यवस्थापन कार्ययोजनाको अवधि**

८. **संरक्षण कार्य व्यवस्थापन**

(क) वन डढेलो तथा चरिचरन नियन्त्रण

(ख) चोरी सिकार तथा कटानी नियन्त्रण

(ग) वन्यजन्तु तथा जैविक मार्ग संरक्षण

(घ) पानीका मुहान, खोला किनार, सिमसार संरक्षण

(ङ) जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण

९. **वन संवर्द्धन प्रणाली अनुसार वन व्यवस्थापन तथा वन पैदावार उत्पादन**

(क) वन संवर्द्धन प्रणाली

(ख) वन बाली कटानचक्र तथा पुनरोत्पादन तरिका

(ग) वन संवर्द्धनका क्रियाकलाप र कार्यान्वयन गर्ने समय तालिका

(घ) योजना अवधिको पुनरोत्पादन कटान क्षेत्र तथा वन बाली कटान परिमाण आकलन

(ङ) वन पैदावार सङ्कलन, घाटगद्दी तथा ग्रेडिङ तरिका

१०. **व्यवस्थापन कार्ययोजना अवधिको लागि वार्षिक क्रियाकलाप तथा बजेट**

११. **व्यवस्थापन कार्ययोजनाको वित्तीय विश्लेषण**

१२. **व्यवस्थापन कार्ययोजनाको पुनरावलोकन, अनुगमन, मूल्याङ्कन**

१३. **कार्ययोजनासँग सम्बन्धित अन्य विषय**

**<u>द्रष्टब्यः</u>** वनमा पाइने प्रमुख वनस्पति तथा वन्यजन्तुको वैज्ञानिक र स्थानीय नाम कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

## अनुसूची-१२

(नियम ३९ को उपनियम (१) सँग सम्बन्धित)

**वन संरक्षण क्षेत्रको कार्ययोजनामा समावेश हुने विषय**

**कार्यकारी सारांश**

१. **परिचय**

(क) वन संरक्षण क्षेत्रको नाम, चारकिल्ला सहितको नक्सा

(ख) वन संरक्षण क्षेत्रको विशेषता

(ग) कानुनी आधार

(घ) कार्ययोजना तयारीका आधार

२. **स्थलगत अवस्था**

(क) भू-परिधि क्षेत्रको अवस्थिति तथा भू-उपयोगको अवस्था

(ख) भौगोलिक तथा भौगर्भिक अवस्था

(ग) स्थानीय समुदायको सामाजिक, आर्थिक अवस्था

(घ) वन स्रोत, सिमसार तथा जलाधारको अवस्था

(ङ) प्रमुख वन्यजन्तु, वनस्पति तथा पारिस्थितिकीय प्रणाली

३. **संरक्षण र व्यवस्थापनको अवस्था**

(क) वन संरक्षण क्षेत्रको संक्षिप्त इतिहास

(ख) वन व्यवस्थापन पद्दति र वन पैदावारको उत्पादनको अवस्था

(ग) जैविक विविधता तथा वन्यजन्तुको संरक्षण

(घ) भू-उपयोग परिवर्तन, वन विनास तथा क्षयीकरणको अवस्था

(ङ) पर्यापर्यटनको अवस्था

(च) मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको अवस्था

(छ) विगतका व्यवस्थापन योजनाको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण समीक्षा

४. **दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति**

(क) दूरदृष्टि

(ख) लक्ष्य तथा उद्देश्य

(ग) व्यवस्थापन रणनीति

(१) विषयगत क्षेत्रको पहिचान तथा क्षेत्र विभाजन

(२) जैविक मार्ग, वन जलाधार तथा भू-परिधिस्तरीय व्यवस्थापन

(३) जलवायू परिवर्तनः पारिस्थितिकीय प्रणाली तथा सामुदायिक समानुकूलन अभिवृद्धि

(४) महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाति संरक्षण

(५) वन संरक्षण क्षेत्र भित्रका सिमसार, समुदायमा आधारित वनको सीमाङ्कन, संरक्षण तथा व्यवस्थापन

(६) अवसर तथा अपेक्षित उपलब्धि

५. **वन तथा वन्यजवन्तु संरक्षण योजना**

(क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

(ग) रोग किरा तथा मिचाहा प्रजाति नियन्त्रण

(घ) चोरी सिकार तथा गैह्रकानुनी व्यापार नियन्त्रण

(ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानुनी कारबाहीका विषय

६. **जैविक विविधता संरक्षण तथा प्रवर्धन योजना**

(क) जैविक मार्ग, पारिस्थितिकीय प्रणाली तथा भू-परिधिस्तरीय व्यवस्थापन

(ख) सिमसार, वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन

(ग) लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

(घ) जलवायू परिवर्तनः पारिस्थितिकीय प्रणाली तथा सामुदायिक समानुकूलन अभिवृद्धि योजना

(ङ) महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाति संरक्षण तथा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन योजना

(च) वनक्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा संरक्षण योजना

७. **वन विकास तथा व्यवस्थापन योजना**

(क) वन संरक्षण क्षेत्र भित्रका समुदायमा आधारित वनको सीमाङ्कन, संरक्षण तथा व्यवस्थापन

(ख) वन व्यवस्थापन पद्धति अनुसार वनको संरक्षण तथा व्यवस्थापन र वन संवर्द्धन प्रणाली

८. **सामुदायिक विकास योजना**

(क) आय आर्जन तथा जिवीकोपार्जन कार्यक्रम

(ख) निजी तथा सार्वजनिक वन

(ग) संरक्षण तथा साना पूर्वाधार

९. **वन पैदावार सङ्कलन, बिक्री वितरण तथा ओसारपसार**

(क) काष्ठ वन पैदावार

(ख) गैह्रकाष्ठ वन पैदावार

(ग) वातावरणीय सेवाको भुक्तानी

(घ) पर्यापर्यटन

१०. **पर्यापर्यटन विकास तथा व्यवस्थापन**

११. **अध्ययन अनुसन्धान तथा क्षमता विकास**

१२. **कार्यान्वयनको लागि संस्थागत प्रबन्ध**

१३. **वित्तीय व्यवस्था**

१४. **अनुगमन तथा प्रतिवेदन**

१५. **कार्ययोजनासँग सम्बन्धित अन्य विषय**

## अनुसूची -१३

(नियम ४१ को उपनियम (६) सँग सम्बन्धित)

**साझेदारी वन उपभोक्ता समूहको विधानमा समावेश हुनुपर्ने विषय**

१. **प्रस्तावना, परिभाषा**

२. **उपभोक्ता समूहको गठन**

(क) साझेदारी वन उपभोक्ता समूहको नाम, ठेगाना

(ख) साझेदारी वन उपभोक्ता समूहको उद्देश्य

(ग) साझेदारी वन उपभोक्ता समूहको छाप

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्रका घरधुरी तथा जनसंख्याको विवरण

(ङ) साझेदारी वन उपभोक्ता समूहमा प्रतिनिधित्व समूह गठन विधि

(च) साझेदारी वन उपभोक्ता समूहको काम, कर्तब्य र अधिकार

३. **समूहको गठन**

(क) गठन विधि

(ख) साझेदारी वन व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

(ग) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारीको नामावली

(घ) स्थानीय तह र डिभिजन वन कार्यालयको काम, कर्तब्य र अधिकार

४. **साधारण सभा तथा समितिको बैठक कार्यविधि**

५. **वन अपराध नियन्त्रण**

(क) वन संरक्षण तथा वन अपराध नियन्त्रण

(ख) कार्ययोजना विपरीत कार्य गर्ने समूह सदस्यलाई गरिने दण्ड, जरिवाना र अपनाउनु पर्ने कार्यविधि

(ग) समुदायमा आधारित चोरी सिकार नियन्त्रण तरिका

६. **साझेदारी वन उपभोक्ता समूहको आर्थिक कार्यविधि**

(क) कोष व्यवस्थापन तथा लेखा प्रणाली

(ख) बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन सम्बन्धी व्यवस्था

(ग) स्वीकृत बजेट खर्च गर्ने र अभिलेख राख्ने कार्यविधि

(घ) बरबुझारथ, लेखापरीक्षण कोषको हिनामिना नियन्त्रणको व्यवस्था, सुशासनका मापदण्ड

(ङ) मासिक र वार्षिक आर्थिक विवरण

(च) व्यवस्थापन समितिका पदाधिकारीको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तब्य

७. **बार्षिक प्रतिवेदन**

८. **समन्वय, अनुगमन तथा मूल्याङ्कन**

९. **अन्य आवश्यक कुरा**

**द्रष्टब्यः** उपभोक्ता समूहको अध्यक्ष र सदस्यको पदावधि सकिनु अगावै नयाँ अध्यक्ष र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

## अनुसूची -१४

(नियम ४१ को उपनियम (७) र नियम ५५ को उपनियम (६) सँग सम्बन्धित)

**साझेदारी वन उपभोक्ता समूह दर्ताको लागि दिइने निवेदनको ढाँचा**

मितिः ....................

श्री डिभिजनल वन अधिकृत ज्यू
डिभिजन वन कार्यालय, .............
........................................ ।

कोशी प्रदेश वन ऐन, २०७७ तथा नियमावली, २०८० मा भएको व्यवस्था बमोजिम साझेदारी/समुदायिक वन उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेस गरेका छौ । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

**निवेदक**

............साझेदारी/सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## अनुसूची-१५

(नियम ४१ को उपनियम (८) सँग सम्बन्धित)

**साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र**

प्रदेश सरकार

....................................... मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ...............

मितिः ....................

प्रमाणपत्र नम्बरः

श्री ......................... साझेदारी वन उपभोक्ता समूह

....................................... ।

यस कार्यालयको मिति .............................. को निर्णय अनुसार कोशी प्रदेश वन ऐन, २०७७ र नियमावली, २०८० ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

**उपभोक्ता समूहको विवरणः**

उपभोक्ता समूहको दर्ता नम्बरः

उपभोक्ता समूहको विवरणः

उपभोक्ता समूहको क्षेत्रः

घरधुरीको संख्याः

कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको,-

नामः

पदः

दस्तखतः

मितिः

**नवीकरण सम्बन्धी विवरणः**

| क्र.सं. | नवीकरण मिति | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |

**<u>द्रष्टब्यः</u>**

१. यो प्रमाणपत्र वापत एक हजार रुपैयाँ दस्तुर लाग्नेछ ।

२. यो प्रमाणपत्र स्वीकृत कार्ययोजना समाप्त भई नयाँ कार्ययोजना स्वीकृत गर्दा पाँच सय दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

३. यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ लाग्नेछ।

## अनुसूची-१६

(नियम ४२ को उपनियम (१) सँग सम्बन्धित)

**साझेदारी वनको कार्ययोजनामा समावेश हुनुपर्ने विषय**

**बिषयसूची**


**भाग-१ परिचय**

१.१ वनको ऐतिहासिक पृष्ठभूमि

१.२ भौगोलिक स्थित तथा पहुँच

१.२.१ आक्षांश र देशान्तर

१.२.२ टोपोग्राफी

१.२.३ वनको सिमाना तथा अवस्थिति

१.३ क्षेत्रफल

१.४ भू-वनौट तथा माटो

१.५ नदीनाला, ताल तथा खोलाको विवरण

१.६ भू-उपयोग

१.७ वनको किसिम र प्रजाति प्रतिशत

१.८ वनको वर्गीकरण

१.९ वनको वर्तमान अवस्था

१.९.१ पुनरोत्पादनको अवस्था

१.९.२ वनको वृद्धि मौज्दात **(Growing Stock)**

१.१० वन पैदावार सङ्कलनको अवस्था

१.११ वन अतिक्रमण तथा चोरी निकासी

१.१२ मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति

१.१२.१ वनस्पति

१.१२.२ वन्यजन्तु

१.१३ भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्र

**भाग-२ सामाजिक तथा आर्थिक विश्लेषण**

२.१ साझेदारी वन व्यवस्थापन योजना कार्यान्वयन क्षेत्र

२.२ घरधुरी, जनसंख्या, जनघनत्व र बसाईसराई

२.३ धर्म, जनजाती र समुदाय

२.४ मुख्य पेसा

२.५ शैक्षिक स्थिति

२.६ पशुसङ्ख्या र विवरण

२.७ कार्यरत गैरसरकारी र सामाजिक संस्था

२.८ वनमा आधारित उद्योगधन्दाको लागि कच्चा पदार्थको खपत विवरण

२.९ वन पैदावारको माग तथा आपूर्तिको स्थिति (घरायसी प्रयोगको लागि मात्र)

**भाग-३ साझेदारी वन व्यवस्थापन योजना**

३.१ दूरदृष्टि **(Vision)**
३.२ उद्देश्य
३.३ वन व्यवस्थापन रणनीति
३.४ व्यवस्थापन योजना तयारी प्रक्रिया तथा विधि
३.५ योजनाको सीमितता
३.६ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट विभाजन र प्रत्येक कम्पार्टमेन्टको डाइमिटर क्लास अनुसार नक्सा विवरण
३.७ वन व्यवस्थापन प्रणाली विधि
३.७.१ वन संवर्द्धन प्रणाली छनौटको आधार
३.७.२ कटान तिव्रता अनुसार वन संवर्द्धन प्रणालीको सिफारिस
३.७.३ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट अनुसार वन संवर्द्धन कार्यको सिफारिस
३.८ कम्पार्टमेन्ट अनुसार कटान गर्न सकिने बार्षिक परिमाण र क्षेत्रफल
३.९ वन पैदावार उत्पादन र आपूर्तिको तरिका
३.९.१ वन पैदावार कटान, सङ्कलन तथा घाटगद्दी गर्ने समय तालिका
३.९.२ वन पैदावारको मूल्य निर्धारण
३.९.३ घाटगद्दीबाट वन पैदावार बिक्री वितरण व्यवस्थापन र नियन्त्रण तरिका
३.९.४ शीतलहर तथा विपद् व्यवस्थापन
३.९.५ डिपो व्यवस्थापनः साझेदारी वनले सदरमुकाममा कम्तीमा एक वटा र अन्य पायक पर्ने स्थानमा डिपो राख्नु पर्नेछ
३.१० वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व, खर्च र जनशक्ति
३.१०.१ वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व
३.१०.२ वन संवर्द्धनको लागि आवश्यक पर्ने जनशक्ति
३.१०.३ वन संवर्द्धनको लागि आवश्यक पर्ने खर्च
३.११ गैरकाष्ठ वन पैदावारको उत्पादन, विस्तार तथा व्यवस्थापन
३.१२ वन संरक्षण, वन डढेलो नियन्त्रण, अतिक्रमण नियन्त्रण, चोरी निकासी नियन्त्रण
३.१३ निजी वन, बिरुवा उत्पादन (नर्सरी) तथा विवरण
३.१४ सार्वजनिक जग्गामा वृक्षारोपण

३.१५ सामाजिक कल्याण तथा सामुदायिक विकास कार्यक्रम
३.१६ आयमूलक कार्यक्रम
३.१७ भौतिक पूर्वाधार विकास
३.१८ साझेदारी वनमा आधारित वन उद्यम सम्बन्धी व्यवस्था
३.१९ दशबर्षे कार्यक्रम (Ten Year Action Plan)
३.२० व्यवस्थापन योजना कार्यान्वयन गर्ने स्रोत
३.२१ व्यवस्थापन योजना कार्यान्वयनमा जोखिम

**भाग-४ कार्यक्रम व्यवस्थापन**
४.१ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया
४.२ वैकल्पिक उर्जा प्रवर्धन सहयोग
४.३ वन पैदावारको बजारीकरण तथा बजार व्यवस्थापन

**भाग-५ विविध**
५.१ जनशक्ति विकास तथा व्यवस्थापन
५.२ वित्तीय विश्लेषण
५.३ राजस्वको बाँडफाँट
५.४ रोजगारीका अवसर र गरिबी न्यूनीकरणमा योगदान
५.५ व्यवस्थापन योजनाको पुनरावलोकन
५.६ दश बर्षपछिको सामाजिक तथा वनक्षेत्रको अवस्थाको प्रक्षेपण
५.७ दश बर्षपछि सघन व्यवस्थापन क्षेत्रमा गरिने क्रियाकलाप
५.८ वातावरण प्रभाव मूल्याङ्कन
५.९ तर्कपूर्ण खाका (सोच तालिका)

**सन्दर्भ सामग्री**
**अनुसूची**
**नक्सा**

## अनुसूची-१७

(नियम ४७ को उपनियम (१) र नियम ५७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>उपभोक्ता समूहको वार्षिक प्रतिवेदनको ढाँचा</u>**

(क) समूहको बार्षिक आर्थिक प्रतिवेदनको ढाँचा

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आम्दानी शीर्षक | रकम | क्र.सं. | खर्च शीर्षक | रकम |
| १. | अघिल्लो आ.व.को मौज्दात | | १. | प्रशासनिक खर्च | |
| | बैङ्क | | | तलब भत्ता | |
| | नगद | | | बैठक, चियापान | |
| २. | वन पैदावार बिक्रीबाट | | | स्टेशनरी | |
| | काठ | | | पानी, विजुली र टेलिफोन | |
| | खाँबा | | | भाडा र औजार | |
| | दाउरा | | | कार्यालय सामान | |
| | कृषि औजार | | | विविध (ले.प. शुल्क, पशु आहार, इन्धन र अन्य खर्च) | |
| | जडीबुटी | | २. | वन व्यवस्थापन खर्च | |
| | अन्य | | | वन संरक्षण | |
| ३. | अनुदान | | | वन विकास | |
| | सरकारी | | | वन सदुपयोग | |
| | गैर सरकारी | | ३. | अन्य विकास खर्च | |
| | | | | संस्थागत विकास | |
| | अन्य (व्यक्तिगत समेत) | | | सामुदायिक विकास | |
| ४. | दण्ड जरिवाना | | ४. | विपन्न वर्ग लक्षित जीविकोपार्जन | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | सदस्यता शुल्क | | ५. | अनुदान, सहयोग | |
| | प्रवेश शुल्क | | ६. | वन उद्यम विकास र पर्यापर्यटन विकास | |
| | नवीकरण | | ७. | अन्य | |
| ६. | बैङ्क वा वित्तीय संस्थाबाट ऋण आम्दानी | | ८. | फछ्र्यौट नभएको पेश्की | |
| ७. | अन्य आय (चन्दा, पुरस्कार) | | ९. | ऋण लगानी | |
| | | | १०. | बैङ्क मौज्दात | |
| | | | ११. | नगद मौज्दात | |
| | जम्मा | | | जम्मा | |

(ख) आर्थिक प्रगति प्रतिवेदन

(१) वन पैदावार उत्पादन तथा बिक्री वितरण सम्बन्धी जानकारी

| वन पैदावार | इकाई | आन्तरिक बिक्री | | | आपूर्ति समिति | | | बाह्य बिक्री | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर | परिमाण | रकम | दर | परिमाण | रकम | दर | परिमाण | रकम | परिमाण | रकम |
| काठ (प्रजाति अनुसार) | | | | | | | | | | | | |
| बल्लाबल्ली | | | | | | | | | | | | |
| दाउरा | | | | | | | | | | | | |
| जडीबुटी | | | | | | | | | | | | |
| खोटो | | | | | | | | | | | | |
| अन्य (उल्लेख गर्नुपर्ने) | | | | | | | | | | | | |

(२) वन विकास कार्य

| | कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| (३) | सामुदायिक विकास कार्य | | | | |
| | कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
| | | | | | |
| (४) | सामाजिक विकास कार्य | | | | |
| | कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
| | | | | | |
| (५) | वन उद्यम तथा पर्यापर्यटन सम्बन्धी | | | | |
| | कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
| | | | | | |
| (६) | वनले सिर्जना गरेको रोजगरी | | | | |
| कार्य | इकाई | महिला | पुरुष | जम्मा | कैफियत |
| वन संवर्द्धन | | | | | |
| वन संरक्षण | | | | | |
| वन पैदावार सङ्कलन तथा घाटगद्दी | | | | | |
| वन उद्यम | | | | | |
| अन्य | | | | | |

## अनुसूची-१८

(नियम ५० को उपनियम (१) सँग सम्बन्धित)

**साझेदारीमा सञ्चालन गर्न सकिने पर्यापर्यटनका कार्यक्रमहरु**

१. तोकिएका वन्यजतु पालन केन्द्र तथा मिनी चिडियाखाना स्थापना र सञ्चालन,

२. प्राकृतिक सौन्दर्य एवं वन्यजन्तु अवलोकनको लागि मचान निर्माण र सञ्चालन,

३. जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन,

४. वनमा पाइने काष्ठ, गैह्रकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु सम्बन्धी म्यूजियम स्थापना र सञ्चालन,

५. वनभित्रका ऐतिहासिक र पुरातात्विक महत्वका मठ, मन्दिर, चैत्य, गुम्बा आदिको संरक्षण, व्यवस्थापन र विकास गरी सम्पदाहरुको अवलोकन भ्रमण सञ्चालन,

६. जंगली पुष्प बगैचा, जैविक विविधता पार्क, इको बाल उद्यान, हरित पार्क आदि सञ्चालन,

७. बाँस, बेत, खरखडाई आदि स्थानीय सामग्री र प्रविधि प्रयोग गरी तोकिएको स्थानमा कटेज, प्रतिक्षालय, आरामस्थल, अस्थायी पसल तथा रेष्टुरेन्ट आदि निर्माण र सञ्चालन,

८. पानीको स्रोत भएको ठाउँमा त्यसको व्यवस्थापन गरी डुँगाबाट जल विहार कार्यक्रम सञ्चालन,

९. कम क्षेत्रफल ओगट्ने गरी भल्तिक पूर्वाधारहरु जस्तैः हाइकिङ्ग रुट, वाकिङ्ग रुट, साइक्लिङ्ग रुट, आराम बेञ्च तथा कूर्चिहरु, डस्टविन, इको गार्डेन, दुबोको हरियाली चौर, पार्किङ्ग, मन्दिर, गुम्बा आदिमा प्रवेश गर्ने प्रवेशद्वार, चौकीदारको लागि घर छाप्रो आदि निर्माण,

१०. वातावरण मैत्री पिकनिक स्पटको व्यवस्थापन,

११. हात्ती, सफारी, हर्स राइडिङ्ग, क्यामेल राइडिङ्ग, वर्ड वाचिङ्ग, फोटो टुर सञ्चालन आदि ।

## अनुसूची-१९
(नियम ५२ को उपनियम (५) र उपनियम (७) सँग सम्बन्धित)

**साझेदारी वनको वन पैदावार बिक्री वितरण रसिदको ढाँचा**

श्री ............................... साझेदारी वन उपभोक्ता समूह,

................................... ।

मितिः ...................

उपभोक्ता समूहको दर्ता नं.

अनुमतिपत्र नम्बरः

श्री .........................

........................... ।

उपभोक्ता समुहलाई प्राप्त भएको .................... साझेदारी वनको रुपमा व्यवस्थापन गरी तपसिलमा उल्लिखित वन पैदावारमा लाग्ने मूल्य लिई यो रसिद दिइएको छ ।

**तपसिलः**

| क्र.सं. | अन्य वन पैदावारको जात | इकाई | परिमाण | मूल्य | टाँचाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रसिद बुझिलिनेको,- | रसिद दिनेको,-

नामः | नामः

दस्तखतः | दस्तखतः

मितिः | मितिः

**बोधार्थ/कार्यार्थः**

(१) ............................. वन कार्यालय ......................

(२) ............................ उप समिति ............................

## अनुसूची -२०

(नियम ५२ को उपनियम (६) र नियम ६३ को उपनियम (६) र (७) सँग सम्बन्धित)

**साझेदारी वन/सामुदायिक वनको वन पैदावार ओसारपसार अनुमति पत्रको ढाँचा**

श्री ............................... उपभोक्ता समूह

................................... ।

श्री .........................

........................... ।

यस समूहको निर्णय/सङ्कलन इजाजतपत्र अनुसार तपसिल बमोजिमको .................... वन पैदावार .............. दिनभित्र .................... स्थानबाट .................. स्थानसम्म उठाई लैजाने गरी यो अनुमतिपत्र दिइएको छ । सम्बन्धित सब-डिभिजन वन कार्यालयमा अनिवार्य रुपमा चेकजाँच तथा दरपिठ गराई लैजानु होला ।

**तपसिल**

| **क्र.सं.** | **अन्य वन पैदावारको नाम** | **परिमाण** | **दर प्रति इकाई** | **कूल रकम जम्मा (रु.)** | **प्रयोग गरिएको टाँचा र सील** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुमतिपत्र बुझिलिनेको,-

नामः

दस्तखतः

मितिः

अनुमतिपत्र दिनेको,-

नामः

दस्तखतः

मितिः

**बोधार्थ/कार्यार्थ**

१. ........................ डिभिजन वन कार्यालय, .................

२. ................................. सब-डिभिजन वन कार्यालय ।

## अनुसूची -२१

(नियम ५३ को उपनियम (१), नियम ६४ को उपनियम (१) र नियम ८० को उपनियम (१) सँग सम्बन्धित)

**उपभोक्ता समूहले प्रयोग गर्ने फलामे टाँचाको ढाँचा**

**द्रष्टब्यः**

(१) डाइमिटर १.४ (३.५ सी.एम) इन्चको गोल आकारमा बीचमा रुख रोपौं वन जोगाऔं लोगो राखे र चारैतिर देहाय बमोजिमको **National Database** अनुसार **Code** राखेः

(क) डिभिजन वन कार्यालयको कोड,

(ख) सब-डिभिजन वन कार्यालयको कोड,

(ग) उपभोक्ता समूह रहेको स्थानीय तहको कोड,

(घ) डिभिजन वन कार्यालयले सामुदायिक वन, साझेदारी वन वा कबुलियती वनको लागि अङ्कमा दिउको नम्बर कोड ।

(२) यसरी बनाइने टाँचा फलामको बनाउनु पर्नेछ ।

## अनुसूची -२२

(नियम ५५ को उपनियम (५) सँग सम्बन्धित)

**सामुदायिक वनको उपभोक्ता समूहको विधानमा समावेश हुनुपर्ने विषय**

१. **प्रस्तावना, परिभाषा**

२. **सामुदायिक वन उपभोक्ता समूहको नाम, ठेगाना**

३. **सामुदायिक वन उपभोक्ता समूहको उद्देश्य**

४. **सामुदायिक वन उपभोक्ता समूहको छाप**

५. **सामुदायिक वन व्यवस्थापन क्षेत्रभित्रका घरधुरी तथा जनसंख्याको विवरण**

६. **सामुदायिक वन उपभोक्ता समूहको काम, कर्तब्य र अधिकार**

७. **सामुदायिक वन उपभोक्ता समूह र समितिको पदावधि तथा गठन विधि**

८. **सामुदायिक वन उपभोक्ता समितिका सदस्यको नामावली**

९. **साधारण सभा तथा समितिको बैठक कार्यविधि**

१०. **प्रचलित कानून बमोजिमको अपराध नियन्त्रण**

(क) कार्ययोजना विपरीत कार्य गर्ने समूह सदस्यलाई गरिने सजाय, जरिबाना र अपनाउनु पर्ने कार्यवधि

(ख) कार्ययोजना विपरीत कार्य गर्ने समूहबाहिरका व्यक्तिलाई गरिने सजाय, जरिबाना र अपनाउनु पर्ने कार्यविधि

(ग) समुदायमा आधारित चोरी सिकार नियन्त्रण तरिका

११. **सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि**

(क) कोष व्यवस्थापन तथा लेखा प्रणाली

(ख) बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन सम्बन्धी व्यवस्था

(ग) स्वीकृत बजेट खर्च गर्ने र अभिलेख राख्ने कार्यविधि

(घ) बरबुझारथ, लेखापरीक्षण, कोषको हिनामिना नियन्त्रणको व्यवस्था, सुशासनका मापदण्ड

(ङ) मासिक र वार्षिक आर्थिक विवरण

(च) उपभोक्ता र उपभोक्ता समितिको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तब्य

१२. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

१३. **अन्य आवश्यक कुरा**

**<u>द्रष्टब्यः</u>**

१. विधानको अनुसूचीमा उपभोक्ता समूहका सदस्य परिवारको पुरुष र महिला मुलीको नामावली समावेश गर्नु पर्नेछ ।

२. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति उपभोक्ता समूहको कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा सदस्य बन्न पाइने छैन ।

३. उपभोक्ता समूहको कार्यसमितिको पदावधि सकिनु अगावै नयाँ कार्यसमिति चयन गरी कार्यसमितिको पदावधि सकिएको पन्ध्र दिनभित्र नयाँ कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

**अनुसूची-२३**

(नियम ५५ को उपनियम (७) सँग सम्बन्धित)

**<u>सामुदायिक वन उपभोक्ता दर्ताको प्रमाणपत्रको ढाँचा</u>**

प्रदेश सरकार

................................ मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ...............

मितिः ....................

प्रमाणपत्र नम्बर

श्री ........................ सामुदायिक वन उपभोक्ता समूह

यस कार्यालयको मिति ........................... को निर्णय अनुसार कोशी प्रदेश वन ऐन, २०७७ र नियमावली, २०८० ले दिएको अधिकार प्रयोग गरी त्यस सामुदायिक वन उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

समूह दर्ता नम्बरः
उपभोक्ता समूहको विवरणः
उपभोक्ता समूहको क्षेत्रः
घरधुरी संख्याः
कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको,-
नामः
पदः
दस्तखतः
मितिः

**नवीकरण सम्बन्धी विवरणः**

| **क्र.सं.** | **नवीकरण मिति** | **हस्ताक्षर** |
|---|---|---|
| | | |
| | | |
| | | |

**<u>द्रष्टब्यः</u>**

१. यो प्रमाणपत्र वापत एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।

२. यो प्रमाणपत्र स्वीकृत कार्ययोजना समाप्त भई नयाँ कार्ययोजना स्वीकृत गर्दा एक सय दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

३. यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैयाँ दस्तुर लाग्नेछ।

## अनुसूची-२४

(नियम ५९ को उपनियम (१) सँग सम्बन्धित)

**सामुदायिक वन हस्तान्तरणको लागि दिइने निवेदनको ढाँचा**

श्री डिभिजनल वन अधिकृत ज्यू,

........................... डिभिजन वन कार्यालय, ........................

.............................. ।

कोशी प्रदेश वन ऐन, २०७७ र वन नियमावली, २०८० को अधीनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण, संवर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको विषयमा प्राविधिक सहयोग सहित र देहायको वनक्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गरी दिन हुन यो निवेदन पेस गरेका छौं ।

१. **प्राविधिक सहयोग**

(क) सामुदायिक वन कार्ययोजना तयारी/नवीकरण

(ख) वन स्रोत सर्वेक्षण

(ग) वन व्यवस्थापन, बिरुवा उत्पादन, वृक्षारोपण तथा वन संवर्द्धन

(घ) वन्यजन्तु संरक्षण तथा व्यवस्थापन

(ङ) पर्यापर्यटन तथा वन उद्यम स्थापना तथा सञ्चालन

(च) वन्यजन्तु पालन

२. **वनको विवरण**

(क) वनको नाम र ठेगानः

(ख) चारकिल्लाः

(ग) क्षेत्रफल र प्रमुख प्रजातिः

**निवेदक**

उपभोक्ता समूहको तर्फबाट

| **क्र.सं.** | **नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३ | | | |

मितिः

## अनुसूची-२५

(नियम ५९ को उपनियम (९) सँग सम्बन्धित)

**सामुदायिक वनको कार्ययोजनामा समावेश हुनुपर्ने विषय**

१. **बिषयसूची**

२. **सामुदायिक वन र समूहको भौगोलिक अवस्थिति (चारकिल्ला, नापीको नक्सा र फिल्डबुक सहित)**

३. **वनको किसिम मुख्य प्रजाति**

४. **वन पैदावारको माग र आपूर्तिको अवस्था**

५. **समूहको आर्थिक तथा सामाजिक अवस्था**

६. **विगतका वन व्यवस्थापन कार्ययोजनाको समीक्षा**

७. **वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्द्धन प्रणाली तथा व्यवस्थापन**

(क) भू-उपयोग (पानीका मुहान, खोला, ताल, भीर, घाँसेमैदान, उत्पादन तथा संरक्षण क्षेत्र)

(ख) ब्लक/कम्पार्टमेण्ट विभाजन, ब्लक/कम्पार्टमेण्ट अनुसारको वन मौज्दात

(ग) वन संवर्द्धन प्रणालीको छनौटको आधार

(घ) वन संवर्द्धन प्रणाली तथा क्रियाकलाप, कार्यान्वयन समय तालिका, बार्षिक स्वीकार्य कटान

(ङ) वन पैदावार सङ्कलन चक्र तथा पुनरोत्पादन तरिका

८. **वन पैदावार उत्पादन र आपूर्तिको तरिका**

(क) वन पैदावार कटान, सङ्कलन तथा घाटगद्दी गर्ने समय तालिका

(ख) वन पैदावारको मूल्य निर्धारण

(ग) घाटगद्दीबाट वन पैदावार बिक्री वितरण व्यवस्थापन र नियन्त्रण तरिका

९. **संरक्षण तथा संवर्द्धन कार्य व्यवस्थापन**

(क) वन डढेलो तथा चरिचरन नियन्त्रण

(ख) एकीकृत रोग किरा तथा मिचाहा प्रजाति नियन्त्रण

(ग) वन अतिक्रमण, चोरी सिकार तथा कटानी नियन्त्रण

(घ) वन्यजन्तु तथा जैविक मार्ग संरक्षण

(ङ) वातावरणीय सेवा मूल प्रवाहीकरण

(च) पानीको मुहान, खोला किनार, सिमसार, जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण

(छ) जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपाय

(ज) वन संवर्द्धनका क्रियाकलाप

(झ) वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यास

१०. **वन पैदावारमा आधारित आय-आर्जन, सिप विकास, उद्योग तथा पर्यापर्यटन सम्बन्धी व्यवस्था**

११. **बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्था**

१२. **व्यवस्थापन कार्ययोजना अवधिको लागि बार्षिक क्रियाकलाप तथा बजेट**

१३. **छिमेकी समूहसँग सहकार्य तथा साझेदारीको व्यवस्था**

१४. **व्यवस्थापन कार्ययोजनाको वित्तीय विश्लेषण**

१५. **व्यवस्थापन कार्ययोजनाको पुनरावलोकन, अनुगमन, मूल्याङ्कन**

१६. **अन्य आवश्यक कुरा**

**द्रष्टब्यः** यो कार्ययोजनामा सामुदायिक वनमा पाइने वनस्पति तथा वन्यजन्तुको वैज्ञानिक र स्थानीय नाम उल्लेख गर्नु पर्नेछ ।

**अनुसूची-२६**

(नियम ५९ को उपनियम (१०) सँग सम्बन्धित)

**<u>सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र</u>**

प्रदेश सरकार

............................ मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, ...............

मितिः ....................

प्रमाणपत्र नम्बरः

श्री ........................ उपभोक्ता समूह,

........................................

......................................

कोशी प्रदेश वन ऐन, २०७७ र वन नियमावली, २०८० को अधीनमा रही देहायको प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको रुपमा हस्तान्तरण गरी यो प्रमाणपत्र दिइएको ।

**सामुदायिक वनको विवरणः**

नामः

चारकिल्लाः

क्षेत्रफल

प्रमाणपत्र दिने डिभिजनल वन अधिकृतको,-

नाम, थरः

दस्तखतः

मितिः

**<u>द्रष्टब्यः</u>**

१. यो प्रमाणपत्र वापत एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।

२. यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैयाँ दस्तुर लाग्नेछ।

## अनुसूची-२७

(नियम ५९ को उपनियम (१७) सँग सम्बन्धित)

**<u>संक्षिप्त कार्ययोजनामा समावेश गर्नुपर्ने विषय</u>**

................................ सामुदायिक वन उपभोक्ता समूह

......................................

**<u>संक्षिप्त कार्ययोजना</u>**

कार्ययोजनाको अवधिः आ.व. ............. देखि आ.व. .............. सम्म

१. समूह दर्ता नं. र मिति

२. सामुदायिक वन हस्तान्तरण मिति

३. हालको उपभोक्ता घरधुरी संख्या

४. सामुदायिक वनको चार किल्ला

५. सामुदायिक वनको क्षेत्रफल

६. वनको किसिम र मुख्य प्रजाति

७. साविक कार्ययोजनाको वनको मौज्दात

८. साविक कार्ययोजनाको बार्षिक सङ्कलन गर्न सकिने काठ, दाउराको परिमाण

९. समूहको आन्तरिक खपतको लागि काठ, दाउराको मूल्यदर

१०. साविक कार्ययोजनाको बार्षिक सङ्कलन गर्न सकिने जडीबुटीको परिमाण र सङ्कलन समय तालिका

११. सामुदायिक वनमा पर्यापर्यटन सञ्चालन सम्बन्धी व्यवस्था

१२. अपराध र दण्ड सजाय सम्बन्धी व्यवस्था

१३. सामुदायिक वनको नक्सा र फिल्डबुक

१४. सामुदायिक वनको बार्षिक कार्यक्रम र बजेट तालिका

**अनुसूची-२८**

(नियम ६२ को उपनियम (१९) सँग सम्बन्धित)

**सामुदायिक वनको वन पैदावार सङ्कलन अनुमतिपत्रको ढाँचा**

............................................... उपभोक्ता समूह

...................................

मितिः ...................

उपभोक्ता समूहको दर्ता नं.

अनुमतिपत्र नम्बर

श्री ..............................,

................................... ।

यस उपभोक्ता समूहले व्यवस्थापन र संरक्षण गरेको सामुदायिक वनको तपसिलमा उल्लिखित वन पैदावार सङ्कलन गर्न लाग्ने मूल्य लिई यो सङ्कलन अनुमतिपत्र दिइएको छ।

| क्र.सं. | वन पैदावारको नाम र जात | इकाई | परिमाण | टाँचा लगाउनु पर्ने भए सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

<u>अनुमतिपत्र बुझी लिनेको,-</u>

नामः

दस्तखतः

मितिः

<u>अनुमतिपत्र दिनेको,-</u>

नामः

दस्तखतः

मितिः

**<u>बोधार्थ/कार्यार्थ</u>**

१. ........................ वन कार्यालय, .................

२. ................................ उपभोक्ता समूह ।

**<u>द्रष्टब्यः</u>** यो अनुमति पत्रको लागि एक सय रुपैयाँ दस्तुर लिनु पर्नेछ ।

## अनुसूची-२९

(नियम ६३ को उपनियम (१) र उपनियम (३) सँग सम्बन्धित)

**<u>सामुदायिक वनको वन पैदावार बिक्री वितरण रसिदको ढाँचा</u>**

........................................... उपभोक्ता समूह

.....................................

.......................................

मितिः ....................

उपभोक्ता समूहको दर्ता नं.

रसिद नं.

श्री ................................,

.................................... ।

| क्र.सं. | वन पैदावारको नाम र जात | | इकाई | परिमाण | कूल रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

<u>रसिद बुझिलिनेको,-</u>

नामः

दस्तखतः

मितिः

<u>रसिद दिनेको,</u>

नामः

दस्तखतः

पदः

मितिः

## अनुसूची-३०

(नियम ६६ को उपनियम (१) र (६) सँग सम्बन्धित)

**<u>सम्भाव्य पर्यापर्यटन कार्यक्रम सम्बन्धी क्रियाकलापहरु</u>**

(क) **<u>सामुदायिक वन क्षेत्रमा सञ्चालन गर्न सकिने सम्भाव्य पर्यापर्यटन कार्यक्रम सम्बन्धी क्रियाकलापहरु</u>**

१. सामुदायिक वनभित्र वा आसपासका ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका मठ, मन्दिर, चैत्य, गुम्बा, गढी, गुफा, झरना, सिमसार लगायतका सम्पदाको संरक्षण, व्यवस्थापन र विकासमा टेवा पुग्ने गरी अवलोकन भ्रमण, पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्य सञ्चालन,

२. प्राकृतिक सौन्दर्य, भू-दृष्य तथा वन्यजन्तु अवलोकनको लागि मचान वा स्पट निर्माण र सञ्चालन,

३. वनमा पइने काष्ठ, गैह्रकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगायत जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन,

४. असहाय, घाइते, मुद्दाको रोहमा प्राप्त भएका तथा उद्धार गरिएका वन्यजन्तु पालन तथा व्यवस्थापन र वन्यजन्तु संरक्षण शिक्षा सञ्चालन,

५. जङ्गली पुष्प बगैंचा, विभिन्न प्रजातिका बिरुवा रोपण, वनजन्य फलफूल खेती, जैविक विविधता पार्क, इको-बाल उद्यान आदि निर्माण र सञ्चालन,

६. न्युनतम क्षेत्रफल ओगट्ने गरी रोपकोर्स, जिपकोष्टर, बञ्जीजम्प, चिल्ड्रेन पार्क, पिकनिक स्पट, चमेनागेह, अतिथिगृह, पार्किङ्ग, मन्दिर, गुम्बा आदिमा प्रवेश गर्ने प्रवेशद्वार, शौचालय, रेष्टुरेन्ट, गिफ्ट सप, चौकिदार तथा टिकट घर आदि निर्माण गर्ने,

७. बास, बेत, खरखडाई, ढुङ्गा जस्ता स्थानीय सामग्री र प्रविधि प्रयोग गरी स्वीकृत कार्ययोजनाले तोकेको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आरामस्थल, अस्थायी पसल तथा रेष्टुरेण्ट निर्माण गरी सञ्चालन गर्न,

८. ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाइकिङ्ग रुट, वाकिङ्ग रुट, साइक्लिङ्ग रुट, आराम बेञ्च तथा कुर्चि, डस्टबिन, इको गार्डेन, दुबोको हरियाली

चौर, गल्फ कोर्ष, टेनिस कोर्ट, ब्याडमिन्टन कोर्ट, फुटबल तथा भिलबल ग्राउण्ड, मनोरञ्जन डबली, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन गर्न

९. प्यारा ग्लाइडिङ्ग, हात्ती सफारी, हर्स राइडिङ्ग, वर्ड वाचिङ्ग, फिसिङ, साइक्लिङ्ग, क्यानोपीवाक, फोटो टुर व्यवस्थापन गर्न,

१०. फेन्सिङ्ग, तारबार वा जाली, पर्खाल आदिको माध्यमले क्षेत्र सुरक्षा गर्न ।

**<u>द्रष्टब्य-</u> माथि उल्लिखित संरचना निर्माण गर्दा वातावरणमैत्री हुनेगरी सकेसम्म धातुको छड, सिमेन्ट र कन्क्रिट प्रयोग नगरी गर्नु पर्नेछ ।**

(ख) <u>सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा निषेधित कार्य</u>

१. प्रदेशभित्रको राष्ट्रिय वनमा गर्न नहुने भनी ऐन र यस नियमावलीले निषेधित गरेका कार्य गर्न,

२. पर्यापर्यटनका लागि स्वीकृत कार्ययोजनामा गर्न सकिने भनी उल्लेख भएका कार्य बाहेकका कार्य गर्न,

३. नयाँ मोटर बाटो लगायतका पूर्वाधार निर्माण गर्न, पानीको स्रोत तथा खोलानाला थुन्न, वहाव परिवर्तन गर्न वा स्थानीयबासीले उपयोग गरी राखेको स्रोतमा कुनै पनि तरिकाबाट अवरोध पुऱ्याउन,

४. वन्यजन्तुलाई पक्रन, घाइते बनाउन वा मार्न वा दुःख दिन, वासस्थानमा असर पुऱ्याउन, होहल्ला गरी असर पर्ने कुनै क्रियाकलाप गर्न वा गराउन,

५. कार्ययोजनामा स्वीकृत भएको अवस्थामा बाहेक वनका वन पैदावार काट्न, उखेल्न, क्षति पुऱ्याउन, मास्न र ओसारपसार गर्न,

६. भू-आकृति, भू-दृष्य र विशेष भौगोलिक अवस्थालाई बिगार्न वा कुनै तरिकाबाट तोडमोड गर्न,

७. वातावरण प्रदूषित गर्ने क्रियाकलाप जस्तै माटो, पानी र ध्वनी तथा वायू प्रदूषण हुने क्रियाकलाप गर्न वा गराउन,

८. स्थानीय समुदायको संस्कृति र परम्परालाई नकारात्मक असर पुऱ्याउने क्रियाकलाप गर्न वा गराउन ।

## अनुसूची-३१

(नियम ६८ को उपनियम (६)  सँग सम्बन्धित)

**गरिबीको रेखामुनिका उपभोक्तालाई आयआर्जनको लागि सामुदायिक वनको कुनै भाग प्रयोग गर्न उपलब्ध गराउँदा गर्नु पर्ने सम्झौताको ढाँचा**

